

# हड्सन टेइलर (सन् १८३२ - १९०५)

लेखक : फिल्लिस थोम्प्सन

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**Visit us @ www.togmission.com**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०७८ (२०२१ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

English Version :
Hudson Taylor
God's Adventurer
Author : Phyllis Thompson
Published by :
OMF International 10 West Dry Creek Circle,
Littleton CO 80120
ISBN: 9781929122033
Copyright © 2011, OMF International
www.omf.org

All our books are available freely for downloaded on our website.

The contents of this book can be used only for non commerical purposes.
All rights reserved ©

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. रित्यो | ५ |
| २. यदि प्रार्थनाले काम गरेन भने के गर्ने? | ११ |
| ३. तिमी एउटा मरेको मानिस हौ | १७ |
| ४. हिँड्न नसक्ने गरी टाढा | २२ |
| ५. फेरि घरमा | ३० |
| ६. बाधाहरूको सामना | ३९ |
| ७. यही नै चीन हो | ४६ |
| ८. बाँच्नको लागि गाउनु | ५३ |
| ९. भित्तापछाडीको मानिस | ६१ |
| १०. चोरहरू | ६८ |
| ११. मरिया | ७६ |
| १२. तीन जना वाङहरू | ८२ |
| १३. सुरुवातको तयारी | ९० |
| १४. गन्तव्य – चीनको भित्रीय भागहरू | ९७ |
| १५. काम सिद्ध भयो | १०३ |

## धन्यवाद

हामीलाई यहाँसम्म डोऱ्याउनुभएको परमेश्वरलाई नै सबै महिमा र प्रशंसा दिन चाहन्छौँ, र उहाँकै पाउदानमा यस किताबलाई समर्पण गर्छौं। यस कामको लागि प्रार्थना गर्ने र सहयोग गर्ने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौं, साथै किताबलाई सुधार्न सहायता गर्नुभएका डि. सहदेव श्रेष्ठ र श्रीमती रीमा बोम्जनलाई पनि परमेश्वरले आशिष् दिनुभएको होस्।

## स्वीकृति

यस किताब श्रीमान् फिलिलस थोम्प्सनद्वारा (Mr. Phyllis Thompson) लेखिएर ओ.एम.एफ. इन्टरनेशनलद्वारा (OMF International) प्रकाशित "गड्स अड्वेन्चुरर" (God's Adventurer) भन्ने अङ्ग्रेजी भाषाको किताबलाई प्रकाशकको अनुमतिको साथ अनुवाद गरि तयार गरिएको हो । अनुमति दिनुभएको लागि ओ.एम.एफ. इन्टरनेशनललाई हामी धन्यवाद व्यक्त गर्न चाहन्छौं।

अध्याय

# रित्यो १

त्यो एउटा अन्धकारमय रात थियो, समय १० बजे नाघिसकेको थियो, र उहाँसँग हिँड्ने अधुरो लुगा लगाएको मानिस पूर्ण रूपमा उहाँको लागि अपरिचित हुनुहुन्थ्यो। आफ्नो गोजीमा भएको आधा पैसा अझै छ कि भनी १९ वर्षको हड्सन टेइलरले आफ्नो औँला हालेर खोज्नुभयो, र चिन्तित भएर वरिपरि हेर्नुभयो। उति बेलाको समयहरूमा प्रायः मानिसहरूको लागि आधा पैसा एक दिनको ज्याला थियो। यो दरिद्रताले भरिएको साँघुरो सडकमा उहाँ पहिले पनि आउनुभएको थियो, र दिनको उज्यालोमा पनि यी ठाउँहरू आकर्षक हुँदैन थिए।

सडकको बत्तीहरू धमिलो बलिरहेको हुँदा शङ्कास्पद मानिसहरू बिस्तारै घरको ढोकाहरूभित्र पस्दा त्यो भेग सुरक्षित र आदरणीय समाज देखिएन। वास्तवमा, अँध्यारोमा अपरिचित मानिसहरूको साथमा हिँड्न कसैले छान्ने ठाउँ त्यो थिएन। तर उहाँ चीन जाने निर्णय गरिसकेको मानिस हुनुहुन्थ्यो, त्यसैले विनाशङ्का यस्तै कुराहरूसँग उहाँ परिचित बन्नुपरेको थियो, त्यसैले उहाँ अगाडि बढ्नुभयो।

उहाँले आफ्नो साथमा आइरहेका मानिसलाई सोध्नुभयो, "तपाईंको श्रीमतीको लागि प्रार्थना गर्न किन एउटा पादरीलाई बोलाउनुभएन?" त्यो मानिस आफ्नो श्रीमती मर्न लागेकी छिन् भनी उहाँलाई बताउन आएको थियो, "तिनको प्राणको लागि प्रार्थना गर्न तपाईं आउन सक्नुहुन्छ?" भनी हड्सन टेइलरलाई बिन्ती गरेको थियो। तर अहिले उहाँ आश्चर्य मान्न थाल्नुभयो। त्यो मानिस एउटा रोमन क्याथोलिक हो भन्ने कुरा स्पष्ट देखिन्थ्यो। यदि तिनको श्रीमती मर्न लागेकी छिन् भने यो हलमा (Hull) रहेको आयरल्याण्डका मानिसहरू बस्ने भेगमा प्रशस्त रूपमा पाइने पादरीहरूलाई नबोलाईकन किन एउटा प्रोटेस्टेन्टकहाँ

आउने ?

त्यो मानिसले जवाफ दिएर भन्यो, कि म पहिले नै पादरीकहाँ गएर आइसकेँ; तर पादरीले सहायता गर्नुभन्दा अघि आधा दिनको ज्याला माग्यो। तिनी र तिनको परिवार पहिले नै भोकै बसिरहेको हुँदा र हातमा पैसा पनि नहुँदा प्रार्थनाको लागि त्यति ठुलो शुल्क तिर्नु तिनको लागि सोच्नै नसकिने कुरा थियो।

तिनीहरू भोकै छन् भन्ने कुरा सुन्दा अप्ठ्यारो मान्दै हड्सनले औँला गोजीमा हालेर आफ्नो आधा पैसालाई छोएर हेर्नुभयो, उहाँसँग भएकै त्यति मात्र थियो। उहाँको कोठामा भएको दुई छाक भातबाहेक उहाँसित न अरू खान्की न त अरू पैसा नै थियो। आफूसँग बाँकी भएको त्यो एउटा सिक्कालाई उहाँले दिनुहुन्छ भनी आशा गर्नु गाह्रो थियो। त्यो मानिसप्रति उहाँले कारणविनाको रिसको अनुभव गर्नुभयो। तिनी किन राहत बाँड्ने कार्यालयमा गएनन्? मर्नै लागेकी श्रीमती, भोकै बसिरहेको परिवार र त्यसको बारेमा केही नगर्ने श्रीमान् !

त्यो मानिसले निराशसित जवाफ दियो, "म गएको थिएँ, तर अधिकृतले भोलि बिहान ११ बजे आऊ भन्नुभयो। तर मेरो श्रीमती मर्न लागेकी छिन्, भोलि बिहानसम्म तिनी बाँच्दैनन् होला।" यो कुराले हड्सनको हृदयलाई छोयो। उहाँको आफ्नै अवस्था दुःखदायी र कमजोर थियो, तर यो मानिसको अवस्था अझ कति दयनीय। आफूसँग भएको आधा पैसा दुई–तीन टुक्राको रूपमा भएको भए त्यसलाई बाँड्नु मिल्थ्यो भनी उहाँले सोच्नुभयो, र खुशीसाथ त्यसमध्येमा एउटा दिनुहुन्थ्यो।

त्यो मानिस अचानक सडक छोडेर एउटा आँगनतिर फर्क्यो। हड्सन पहिले नै यो ठाउँमा आउनुभएको थियो, र त्यति बेला भएको कुराहरू स्पष्ट उहाँको सम्झनामा थियो। त्यहाँका मानिसहरूले उहाँलाई मुक्काले हानेर धकेलेका थिए, र उहाँले दिएको पर्चाहरूलाई च्यातेर फ्याँकेर उहाँलाई निस्किजाने आदेश दिएका थिए। यदि उहाँले आफ्नो अनुहार फेरि यहाँ देखाउनुभयो भने आफूलाई के आइपर्छ भनी उहाँलाई थाहा थियो। सजाएको क्रूस बोकेर कन्या मरियमलाई प्रार्थना चढाउँदै आउने पादरीलाई यहाँ स्वागत गरिन्छ, तर एउटा जवान बेलायती प्रोटेस्टेन्ट प्रचारकलाई चाहिँ होइन। हड्सन टेइलर आफूले जोगाउन सक्ने

TOG Mission

इज्जतसाथ फेरि निम्तो पाउने सम्भावना छैन भन्ने विचारसहित त्यो ठाउँबाट फर्कनुभएको थियो।

उहाँ कमजोर भऱ्याङ हुँदै एउटा घरमा पुग्नुभयो, र आफू यहाँ आएको कसैलाई थाहा नहोस् भन्नु नै उहाँको चाहना थियो। भऱ्याङ उक्लिसकेर साथमा आएको मानिसले एउटा कोठाको ढोका खोल्दा हड्सन ढुक्क हुनुभयो, उहाँहरू आफ्नो गन्तव्यमा आइपुगिसक्नुभयो।

कस्तो दृश्य उहाँले देख्नुभयो ! निभ्न लागेको मैन बत्तीको एउटा मधुरो ज्योतिले कोठाको फल्याकहरू, पर्दा नभएको झ्याल र फर्निचरको अभावमा भएको एउटा खाली कोठालाई देखायो। भुइँमा एक कुनामा परालको ओछ्यानमा दुई दिन पनि नपुगेको नव–बालकको साथमा दुब्लो र सबै बल सिद्धिएको स्त्रीलाई देख्नुभयो। अधुरो लुगा लगाएको जुत्ता र मोजा केही नलगाएको चार–पाँच वटा बच्चाहरू आफ्नो बुवा र उहाँको साथमा आएको नयाँ मानिसलाई भोकले भरिएको ठुला आँखाहरूले हेरिरहे।

हड्सन मौनतासाथ आफ्नो आधा पैसाको बारेमा चिन्तित हुँदै कोठामा उभिनुभयो। यो तीन वटा सिक्काको रूपमा भएको भए दुई वटा पक्कै यो गरिब परिवारलाई दिनु मिल्थ्यो भनी सोच्नुभयो। तर सोचेर केही फाइदा छैन। उहाँले आफैलाई बलियो बनाउनुभयो। आफू एउटा प्रचारक र भविष्यमा एउटा मिशनरी बन्न गइरहेको कुरालाई सम्झनुभयो, र यी मानिसहरूलाई परमेश्वरको बारेमा भन्नुपर्छ भन्ने निर्णय गर्नुभयो।

आनाकानी गर्दै उहाँले भन्नुभयो, "तपाईंहरूलाई थाहा छ? अहिले तपाईंहरूको परिस्थिति अति नै कठिन छ, तर तपाईंहरू निराश बन्नुहुँदैन। हाम्रो लागि हामीलाई प्रेम गर्ने एउटा पिता स्वर्गमा हुनुहुन्छ, यदि उहाँमाथि हामीले भरोसा राख्यौँ भने उहाँले हाम्रो वास्ता गर्नुहुन्छ।"

यी शब्दहरू उहाँको घाँटीमै अड्केजस्तै भयो। उहाँभित्र केही कुराले यस्तो बोलेकोजस्तै भयो, "पाखण्डी ! यी मानिसहरूलाई दया र प्रेमले भरेको स्वर्गमा हुने पिताको बारेमा बताउँदैछौ, र आफ्नो आधा पैसाविना आफ्नो लागि

उहाँमाथि भरोसा राख्न तयार भएका छैनौ !"

हड्सनले प्रचार गर्ने प्रयासलाई त्याग्नुभयो। लामो कोट लगाएर सक्कली छालाको जुत्ताको साथ लामो टोपी लगाउँदै उभिएको उहाँलाई त्यो परिवारले मौनतासाथ हेरिरह्यो। उहाँको लुगाफाटा पुरानो भएको अवस्थामा र जुत्ता बनाउनुपर्ने अवस्थामा भएको भए कस्तो हुन्थ्यो होला? तिनीहरूसँग तुलना गर्दा उहाँ तिनीहरूले विचार गर्नै नसक्ने गरी धनी देखिनुहुन्थ्यो। उहाँसित आधा पैसा मात्र छ भनी तिनीहरूले कसरी सोच्न सक्छन् होला? यी विचारहरूले उहाँलाई थिच्यो। यदि त्यो आधा पैसालाई भाग गर्न पायो भने त्यसको प्रायः भागहरू तिनीहरूलाई दिएर आफ्नो लागि साँच्चै नै थोरै मात्र राख्नुहुन्थ्यो ! तर त्यो सबै एउटै सिक्काको रूपमा थियो, र बाँड्न मिल्दैनथ्यो।

उहाँले त्यो मानिसलाई फर्केर भन्नुभयो, "तपाईं आएर आफ्नी श्रीमतीको लागि प्रार्थना गर्न बिन्ती गर्नुभयो, लौ प्रार्थना गरौँ।" खाली भुईंमा घुँडा टेक्दा, प्रार्थना गर्न सजिलो हुन्छ भनी उहाँले ठान्नुभयो। तर "स्वर्गमा हुनुहुने हाम्रो पिता" भनी उहाँले सुरु गर्ने बित्तिकै त्यो दोष लगाउने आवाज फेरि पनि आयो, र यस्तो भन्यो, "तिम्रो गोजीमा भएको त्यो आधा पैसा !" गाह्रोसित प्रार्थनामा अगाडि बढ्नुभयो, र जति अगाडि बढ्नुभयो, त्यति नै अझै बढी असन्तुष्ट हुनुभयो; प्रार्थना सिद्ध्याएर उठ्नुभयो।

TOG Mission

निराश भएर त्यो मानिसले उहाँलाई भन्यो, "हामी कति दयनीय अवस्थामा छौँ भनी तपाईंले देख्दै हुनुहुन्छ। परमेश्वरको खातिर हामीलाई केही सहायता गर्नुहोस् !" अचानक त्यो कुराले उहाँलाई प्रभाव पाऱ्यो, हड्सनले धेरै पल्ट डाँडाको उपदेशमा पढेको "तिमीसित माग्नेलाई देऊ" भन्ने शब्दहरूलाई सम्झनुभयो।

बिस्तारै आफ्नो हात गोजीमा हाल्नुभयो। अब त्यो आधा पैसा पूरै जानेछ।

त्यो पैसालाई त्यो मानिसको हातमा दिँदै गर्दा उहाँले भन्नुभयो, "तपाईंले सोच्न सक्नुहुन्छ, मसित प्रशस्त छ भनी, तर यथार्थमा संसारमा मसित भएको सम्पूर्ण सम्पत्ति नै यति नै हो।" तर आश्चर्यजनक कुरा, उहाँले खुशीको महसुस

गर्न थाल्नुभयो। "मैले तपाईंलाई भनिरहेको कुरा सत्य हो, साँच्चै नै परमेश्वर हाम्रो पिता हुनुहुन्छ, र हामीले उहाँमाथि भरोसा राख्न सक्छौँ। म उहाँमाथि भरोसा राख्न सक्छु..." उहाँलाई थाहा थियो, अब उहाँले भरोसा राख्न सक्नुहुन्छ।

उहाँ अहिले शङ्काविना धेरै निश्चयतासहित परमेश्वरमाथि भरोसा राख्नुको बारेमा आफूले बोलिरहेको अनुभव गर्नुभयो, कारण यति मात्र थियो, त्यो आधा पैसा उहाँको गोजीबाट निस्किसकेको थियो, र त्यो मानिसको हातमा थियो। त्यो कुराले उहाँको मनमा ल्याएको परिवर्तनलाई सम्झेर छक्क पर्नुभयो। उहाँ अहिले संसारको उच्च स्थानमा हुनुहुन्थ्यो।

असल सम्बन्धमा उहाँले त्यो परिवारबाट बिदा लिनुभयो, त्यो अप्ठ्यारो भऱ्याङ हुँदै आँगनमा पुगेर शिर ठाडो पारेर हिँड्नुभयो; कुनै फिक्री र पैसाविना उच्च स्वरमा गाउँदै जानुभयो। उहाँ ड्रइनसाइडमा (Drainside) रहेको आफ्नो सानो कोठामा पुगेर आफूसित बाँकी रहेको दुई छाक भोजनमा एक छाकलाई खान तयार हुँदा आफू राजा भए झैँ खुशी हुनुभयो।

उहाँ त्यहाँ बसिरहेको बेला एउटा रोचक विचार उहाँमा आयो। उहाँले धर्मशास्त्रमा कतै पढ्नुभएको थियो, "जसले गरिबमाथि दया देखाउँछ, उसले परमप्रभुलाई सापट दिन्छ।" यो कुराले त्यो आधा पैसालाई छुट्टै ठाउँमा देखायो, र आफूले कुनै अपरिचित गरिब मानिसलाई दिएको होइन, तर सिर्फ परमेश्वरलाई सापट दिएको हो भनी सोच्न थाल्नुभयो। परमेश्वरलाई आधा पैसा सापट दिनु भन्ने कुरा अनौठो देख्न सकिन्छ, तर त्यो धर्मशास्त्रमा लेखिएकोले त्यो सत्य हो भनी उहाँलाई थाहा थियो। ओछ्यानमा सुत्न जानुभन्दा अघि प्रार्थना गर्दा त्यो आधा पैसाको सापटको कुरालाई ल्याएर त्यो चाँडै फिर्ता होस्, नत्र भोलि उहाँको लागि रातको भोजन हुँदैन भनी बिन्ती गर्नुभयो। भोलिको दिन सदा जसरी नै सुरु भयो, र उहाँले आफ्नो अन्तिम छाक भोजनलाई हेर्नुभयो। दिनभरिको कडा परिश्रम आफ्नो अगाडि हुँदा एक कचौराको खान्की काम सुरु गर्नको लागि पर्याप्त भए तापनि, कामलाई निरन्तरता दिन अति थोरै थियो। परमेश्वरले सापटलाई कहिले फिर्ता दिनुहुन्छ?

उहाँले भोजन लिन सुरु गर्नुभयो। हुलाकीको आवाज ढोका अगाडि सुन्नुभयो, तर सोमबारको दिनमा प्रायः उहाँको लागि चिठी नआउने भएकाले त्यति ध्यान दिनुभएन। एक छिनमै उहाँको घर–मालिक्नी उहाँको कोठाको ढोकामा आउनुभयो। तिनले खुशीसाथ भनिन्, "श्रीमान् टेइलर, तपाईंको लागि सानो पोको आएको छ। हड्सनले आश्चर्य मान्नुभयो, र धन्यवाद दिँदै उनीबाट त्यो पोको लिएर हेर्नुभयो। त्यो उहाँकै नाममा आएको थियो, तर कहाँबाट आएको भन्ने कुरा बुझ्नको लागि अक्षरहरू सफा थिएन, र हुलाक कार्यालयको छाप पनि मधुरो भएकाले त्यहाँबाट पनि थाहा पाउन सक्नुभएन। पोकोलाई काटेर खोल्नुभयो, त्यहाँबाट एउटा कागज निकाल्नुभयो, जुनभित्र बच्चाहरूको एक जोर पन्जा थियो।

"मलाई बच्चाहरूको पन्जा कसले पठायो होला?" भनी सोच्दै अलमल्ल पर्दै त्यसलाई खोल्नुभयो। त्यसबाट केही कुरा झर्‍यो, त्यो सानो र चम्किलो थियो। उहाँले निहुरेर त्यसलाई टिप्नुभयो, त्यो सुनौलो आधा पैसा थियो, जुनचाहिँ चार दिनको ज्याला बराबरको थियो।

आश्चर्य मान्दै त्यसलाई हेरिरहनुभयो, कतै केही चिठीहरू भित्र छ कि भनेर खोज्नुभयो, हस्तलिपि र हुलाक कार्यालयको छापबाट केही थाहा पाउन सक्छ कि भनी प्रयास गर्नुभयो, तर सबै व्यर्थ भयो। त्यो कहाँबाट आयो भनी उहाँले कहिल्यै पत्ता लगाउन सक्नुभएन, र वास्ता गर्न पनि छोड्नुभयो। उहाँको लागि त्यो सीधै स्वर्गबाट आएको हो। उहाँको दिमागमा एउटा कुरा चम्क्यो, कि उहाँको आधा पैसा मात्र फिर्ता गरिएको छैन, तर त्यसको साथमा तीनटा थपिएर दिएको छ। अचानक उहाँ ठूलो स्वरले हाँस्न थाल्नुभयो।

"यो नै असल ब्याज हो" भनी उत्साहसहित भन्नुभयो। "हा! हा! हा! आधा पैसालाई बाह्र घण्टाको लागि परमेश्वरको बैङ्कमा लगानी गर्दा, चार गुणा फिर्ता पाएँ। मेरो लागि असल बैङ्क यहि नै हो।"

अध्याय

२

# यदि प्रार्थनाले काम गरेन भने के गर्ने?

हड्सन टेइलरले बसोबास गरेको हल भएको ड्रइनसाइड भन्ने ठाउँले त्यो नाम पाएको कारणचाहिँ सिर्फ त्यो एउटा ढलको (Drain) छेउमा भएको कारणले मात्र थियो। आधिकारिक रूपमा त्यसको नाम पानीको नाला थियो, तर त्यो साँघुरो नालाको दायाँ–बायाँ बस्नेहरूको लागि त्यो सिर्फ एउटा ढल नै थियो। त्यहाँको छाप्रोहरूमा बस्नेहरूको लागि त्यो त्यहाँ भएको सजिलो पनि थियो। सिर्फ आफ्नो ढोका खोलेर बलले घरको सबै फोहरहरूलाई फ्याँकेर काम सिद्ध्याउँथे। फोहर कागजहरू, बन्दाको पातहरू, आलुको बोक्राहरू र कुहिएको सब्जीहरू पानीमा विनाशरम तैरिरहन्थ्यो, र त्यो त्यहाँको बच्चाहरूको लागि ढुङ्गाले हान्न असल निशाना बनेको थियो। त्यो दुर्गन्धित थियो, र अँध्यारोमा लरबराउँदै हड्सन बस्ने घरको सामुन्ने भएको सार्वजनिक शौचालयबाट निस्केर हिँड्नेहरूको लागि खतरा पनि थियो, तर फोहर फाल्ने ठाउँको रूपमा त्यसले गरिरहेको सेवाको तुलनामा यी कुराहरू साना नै थिए।

योर्कशियर (YorkShire), जहाँबाट हड्सन टेइलर आउनुभएको थियो, र यो आकर्षणहीनको दरिद्रताले भरिएको ठाउँको भिन्नता धेरै ठूलो थियो। अहिले उहाँ बसेको थोत्रो भएको सानो कोठा औषधि बिक्री गर्ने उहाँको बुवाको बर्न्सलेमा (Barnsley) भएको आरामदायी घरभन्दा धेरै फरक थियो।

ठूलो फराकिलो कोठा र किताब राख्ने दराजको साथ आरामदायी कुर्सी र सोफाहरूको साथ त्यो घर अहिलेको कोठाको तुलनामा महलजस्तै थियो। अहिलेको कोठामा एकपट्टि कुनामा एउटा खाट थियो, अर्कोपट्टि अर्को टेबुल र कुर्सीहरू थिए, यी मात्रै उहाँको फर्निचरहरू थिए। ठूलो टेबुलमा आमाले तयार गरेको भोजन आफ्नो आमा–बुवा र बहिनीहरूसित बसेर बातचित गर्दै खानुको सट्टामा आफैले तयार गरेको साधारण भोजन एकलै बसेर खाइरहनुभएको थियो।

उहाँ आफ्नो बहिनीहरूलाई जिस्काउन मन पराउनुहुन्थ्यो, उनीहरूले लगाएको लुगा र कपालको बारेमा जिस्काउनुहुन्थ्यो। उनीहरूबाट अलग रहेको कुराले उहाँलाई गहिरो रूपमा प्रभाव पार्थ्यो, विशेष गरी अमेलियालाई बढी सम्झनुहुन्थ्यो। तर उहाँ एकलोपन र कडा परिश्रमसँग परिचित हुनको लागि यहाँ आउनुभएको थियो, यसैले स्थिर रहने निर्णय गर्नुभयो। चीनमा गएर जिउन उहाँले गरिरहेको तयारीमा यो पनि एक भाग थियो।

एक वर्षभन्दा अघि डिसेम्बर महिनामा, "मेरो लागि चीन जाऊ" भनी आफूसँग बोल्ने आवाज सुन्नुभएको थियो, र त्यति बेलादेखि आफू चीन जानुपर्छ भनी थाहा पाउनुभयो। उहाँले त्यो आवाज सुन्दा प्रार्थनामा हुनुहुन्थ्यो, र चीन उहाँको विचारमा कहिल्यै नआएको भए तापनि, त्यो आज्ञा स्पष्ट र झुक्किन नसक्ने खालको थियो, कि त्यो परमेश्वरको आवाज हो भन्ने कुरामा उहाँमा कुनै शङ्का थिएन। त्यो आज्ञालाई मान्न उहाँमा भएको सङ्कल्पले उहाँलाई बर्न्सलेमा भएको आफ्नो आरामदायी घरलाई छोडेर हलमा भएको एक जना चिकित्सकको सहयोगी भएर काम गर्न लगायो। औषधि उपचारको थोरै ज्ञान र अनुभव पनि अपरिचित देशमा उपयोगी हुन्छ भनी उहाँले निर्णय गर्नुभएको थियो, र हलमा आफ्नो बसोबासलाई सारेको यो कदम पूर्वतिरको उहाँको यात्राको पहिलो कदम थियो।

TOG Mission

चीनमा जानको लागि तालिम लिने उहाँको यो निर्णयमा औषधि उपचारको ज्ञान पाउनु सानो कुरा थियो। उहाँको अगाडि सधैँ रहेको एउटा प्रश्नको तुलनामा यो सानो नै थियो। उहाँले चीनमा कसैलाई चिन्नुहुन्नथ्यो, र एकलै जाँदै हुनुहुन्थ्यो। आफूले कहिल्यै सामना नगरेको खतरा र अप्ठ्यारो परिस्थितिहरूलाई एउटा अपरिचित देशमा सामना गर्न परमेश्वरमाथि भएको उहाँको विश्वास बलियो थियो त?

उहाँले सोच्नुभयो, "म चीन जान निस्कँदा म कुनै मानिस अथवा कुनै कुरामाथि भरोसा राख्न सक्दिनँ। मेरो एक मात्र भरोसा परमेश्वर नै हुनुहुनेछ। मेरो विश्वास सही प्रकारको भएन भने के गर्नु? मानौँ मेरो प्रार्थनाले काम गरेन, अब के गर्नु?" जति बढी उहाँले त्यसको बारेमा सोच्नुभयो, त्यति नै बढी उहाँले महसुस गर्नुभयो, कि आफू बेलायत छोड्नुभन्दा अघि आफूले

प्रार्थनामार्फत परमेश्वरद्वारा मानिसहरूलाई प्रभाव पार्न सिक्नुपर्छ।

प्रार्थनामार्फत परमेश्वरद्वारा मानिसहरूलाई प्रभाव पार्ने भन्ने विचारले उहाँलाई पक्रियो। यो कुरा गर्न सकिन्छ त? हड्सनले पत्ता लगाउन चाहनुभयो। एउटा साधारण तरिकाले यो कुरालाई आफ्नो मालिकद्वारा परीक्षण गरी हेर्ने मौका पाउनुभयो।

डा. राबेर्ट हार्डे एउटा दयालु हृदय भएको मिलनसार जोशिलो मानिस हुनुहुन्थ्यो, र सधैँ हँसाउने गर्नुहुन्थ्यो। उहाँकहाँ आउनेहरूलाई उहाँले यति हँसाउनुहुन्थ्यो, कि तिनीहरूको आधा रोग औषधिविना नै निको हुन्थ्यो भनी भनिन्थ्यो। धेरै उपचारको कामहरू र अन्य कुराहरूले उहाँको समयलाई लिँदा पैसाको कारोबारहरूमा ध्यान दिन नसक्ने गरी उहाँ व्यस्त हुनुहुन्थ्यो, र एक दिन उहाँले जवान टेइलरलाई भन्नुभयो, "टेइलर, तिम्रो तलब दिने समय आउँदा मलाई सम्झाउनु है, म धेरै व्यस्त छु, पक्कै बिर्सन्छु होला..."

उहाँले साँच्चै नै बिर्सनुभयो। हड्सनलाई तलब दिने समय आयो, तर राबेर्टले केही भन्नुभएन। एक–दुई दिन बित्यो, तापनि त्योसम्बन्धी केही कुरा भएन। अब हड्सनलाई दुइटा विकल्प मात्र थियो, एउटा डाक्टरलाई पैसा माग्नु अर्को परमेश्वरलाई माग्नु। आफू चीन गइसकेपछि त्यहाँ आफूले माग्न सक्ने परमेश्वरबाहेक कोही हुँदैन भन्ने कुरालाई बुझेर अहिले पनि परमेश्वरलाई नै माग्ने निर्णय गर्नुभयो। त्यसैले नै गएको आइतबारको राति उहाँको हातमा आधा पैसा मात्र थियो, जसलाई पनि त्यो भोकाएको परिवारलाई दिनुभयो। भोलिपल्ट बिहान हुलाकमार्फत आएको पोकोबाट सुनौलो पैसा झर्दा, आनन्दले उहाँ ठूलो स्वरले हाँस्नुमा आश्चर्य मान्नु केही छैन!

यो एउटा साहसको काम थियो। परमेश्वरमाथि भरोसा राख्नु भन्ने त्यो विचारले काम गर्छ कि गर्दैन भन्ने कुरालाई पत्ता लगाउन उहाँले एउटा जोखिम लिनुभयो, र त्यसले काम गऱ्यो। सही समयमा पैसा आइपुगेको थियो, कसले पठायो भन्ने कुरा परमेश्वरले मात्र जान्नुहुन्थ्यो, र हड्सनलाई साँच्चै थाहा थिएन। उहाँले थाहा पाएको कुराचाहिँ परमेश्वरमाथि भरोसा राख्दा एक छाक भोजन पनि गुमाउनु परेन, त्यस्तै भइहाल्छ कि भन्ने परिस्थितिमा पुगे तापनि त्यस्तो

भएन। आफूसँग भएको अन्तिम छाक खान्की खाँदा, कागहरूले भोजन ल्याउँदा एलियाले जस्तो महसुस गरे, त्यस्तै उहाँले पनि गर्नुभयो।

"काम गऱ्यो ! काम गऱ्यो !" भन्दै हड्सनले खल्तीमा सुनौलो पैसा बोकेर हलुका हृदयसहित आनन्दित भएर कोठाबाट निस्कनुभयो। परमेश्वरमाथि भरोसा राख्नु र परमेश्वरको आज्ञा मान्नु भन्ने कुराले काम गऱ्यो। यो एउटा रोमाञ्चक र उत्तेजक आश्चर्यपूर्ण जीवन ! हड्सन बादलमा हिँडेको हुनुपर्ने, उहाँ धेरै खुशी हुनुहुन्थ्यो।

यद्यपि त्यो सुनौलो आधा पैसा सदाको लागि रहँदैन भन्ने महसुस गर्नुभयो। मुख्य समस्या अझै पनि बाँकी नै थियो, त्योचाहिँ उहाँको तलब थियो। जोशिलो व्यस्त चिकित्सकले महिनौँहरूसम्म यो कुरालाई सम्झनुहुन्न होला, र प्रश्न यो रह्यो, कि परमेश्वरले उहाँलाई सम्झाउनु हुन्छ त?

डाक्टरले त्यो कुरालाई सम्झनको लागि हड्सनले दैनिक प्रार्थना गर्नुभयो, र केही न केही त हुन्छ भन्ने विश्वाससहित आफ्नो काम र अध्ययनमा अगाडि बढिरहनुभयो। एक हप्ता बित्यो, उहाँको हातमा भएको पैसा घट्दै गयो। कोठाको भाडा तिर्न पुग्ने उहाँसँग पैसा थिएन, तर पनि शनिवारसम्म पुग्ने पैसा उँहाको हातमा थियो।

शनिवार पनि आयो, डाक्टरले केही पनि भन्नुभएन। त्यो दिन एकदमै ढिलो बितेको जस्तै भयो, सबै बिरामीहरूलाई हेरिसकेर डाक्टर हस्पिटलको कोठाभित्र आउँदा बेलुकाको पाँच बजिसकेको थियो, हड्सन टेइलरले केही औषधिहरू तयार पार्दै हुनुहुन्थ्यो। डाक्टरलाई तलबको बारेमा केही सम्झना छैन भन्ने कुरा स्पष्ट देखिन्थ्यो, र हड्सनले पनि औषधिको कुरामा ध्यानसित काम गर्दै हुनुहुन्थ्यो, त्यसको बारेमा केही सङ्केत दिनुभएन। अचानक डाक्टरले भन्नुभयो, "टेइलर, तपाईंलाई तलब दिन बाँकी छ हैन त?"

हड्सनले लामो सास फेर्नुभयो। आखिर यो ठीक छ ! फेरि एकचोटि उहाँ रित्तिनै लाग्दा आवश्यक पर्ने पैसा आउँदैछ ! फेरि एक–दुईपल्ट लामो सास फेरिसकेपछि बिस्तारै जवाफ दिनुभयो: "हो, यथार्थमा दुई तीन हप्तादेखि बाँकी

छ।"

डाक्टरले भन्नुभयो, "ए, मलाई क्षमा गर्नुहोस्, मलाई किन सम्झाउनुभएन? तपाईंलाई थाहा छ, म कति व्यस्त छु। मैले अलिकति अघि नै सम्झेको भए असल हुन्थ्यो, किनभने हातमा भएको सबै पैसालाई आज दिउँसो बैङ्कमा जम्मा गर्न पठाएँ, नत्र तुरुन्तै तपाईंको तलब दिइहाल्थेँ।"

बिचरा हड्सन! अचानक उहाँको आशाहरू नाश हुँदा त्यो उहाँको लागि अति नै ठूलो भार थियो। बरफजस्तै चिसो भएको एक बाल्टिन पानी उहाँको टाउकोमा खन्याएको जस्तै भयो।

भाग्यवश उहाँले ताताइरहेको पानी उम्ल्यो, र त्यसलाई कारणको रूपमा देखाएर उहाँले त्यसलाई लिएर कोठाबाट निस्कनुभयो। एकान्त ठाउँमा पुगिसकेपछि घुँडा टेक्नुभयो। उहाँ यति धेरै निराश हुनुभयो, कि ठीक तरिकाले प्रार्थना गर्न पनि गाह्रो भएको थियो। उहाँको प्रार्थनामा तरिकाको अभाव भए तापनि गम्भीरताले भरिएको थियो, र कुनै समयभित्र उहाँ शान्त हुनुभयो। उहाँ आफैले आश्चर्य मान्ने गरी आफू फेरि उत्साहित भएको अनुभव गर्नुभयो। परमेश्वरले पक्कै काम गर्नुहुन्छ भनी उहाँले आशा गर्नुभयो, घरबेटीलाई भाडा तिर्न पैसा छैन भन्ने कुरा उहाँलाई थाहा थियो, तापनि त्यो कुराले उहाँलाई निराश तुल्याएन।

उहाँ त्यो दिन  चिकित्सालयबाट फर्कन ढिलो भयो। राति दश बज्नको लागि दश मिनेट बाँकी हुँदा निस्कनको लागि आफ्नो कोट लगाउनुभयो।

उहाँले सोच्नुभयो, "मेरो घरबेटी सुतिसक्नुभयो होला, यसैले म आज तिनलाई भेटेर यो हप्ता म भाडा तिर्न सक्दिनँ भनी भन्नुपरेन।" उहाँ चिकित्सालयको लालटिन बत्ती निभाउनको लागि बत्तीको छेउमा जानुभयो, त्यसै बेला बाहिर खुट्टाको आवाज सुन्नुभयो। त्यो डाक्टर हुनुहुन्थ्यो, र उहाँ अति नै आश्चर्य मान्दै हाँस्दै आउनुभयो।

उहाँले आश्चर्य मान्दै सोध्नुभयो, "टेइलर, तपाईं अझै यहाँ नै हुनुहुन्छ? के भयो थाहा छ? मेरो एक जना बिरामीले पैसा तिर्न आउनुभयो! मैले उपचार



TOG Mission

गर्नेहरूमध्ये उहाँ एउटा धनी मानिस हुनुहुन्छ, र उहाँले मलाई पैसा चेकद्वारा जतिखेर पनि दिन सक्नुहुन्थ्यो। यद्यपि अहिले शनिवारको राति दश बजे हातमा पैसा बोकेर तिर्न आउनुभयो !"

हड्सन हाँस्नुभयो। पैसामा लडीबडी गर्ने एक जना मानिस डाक्टरलाई तिर्नुपर्ने पैसा लिएर आफै यो समयमा आउनु पक्कै अनौठो कुरा हो। उहाँलाई केले समात्यो? प्रायः मानिसहरूले डाक्टरको पैसा तिर्न त्यति वास्ता गर्दैनन्। डाक्टरले हिसाब किताबमा त्यो टिपोट गर्नुभयो, र फर्केर ढोकातिर हिँड्नुभयो, तर अचानक फर्केर हड्सनलाई भन्नुभयो, "टेइलर, तपाईंले यो पैसालाई लिन सक्नुहुन्छ। मसँग खुजुरा छैन, तर तपाईंको बाँकी तलबलाई अर्को हप्ता दिन सक्छु... शुभ रात्रि।"

एक छिन अघिसम्म गोजी खाली भएको हड्सन अहिले हातभरि पैसा बोकेर उभिरहनुभएको थियो। उहाँको प्रार्थनाको उत्तर आयो। भाडा तिर्न सक्नु र आउने दुई–चार हप्ताको लागि चाहिने पैसा हातमा हुनु भन्ने कुरा मात्र नभएर, परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने कुरालाई उहाँले फेरि एक पल्ट प्रमाणित गर्नुभयो ! त्यो विषयमा अब कुनै प्रश्न छैन – अब उहाँ चीन जान सक्नुहुन्छ।

# अध्याय ३

# तिमी एउटा मरेको मानिस हौ

हड्सनको घरबेटी श्रीमती फिन्चको श्रीमान् मल्लाह हुनुहुन्थ्यो, र बढी समय समुद्रमा नै बिताउनुहुन्थ्यो। तिनलाई आफ्नो श्रीमान्को तलबबाट महिनाभरि घर व्यवहार चलाउन गाह्रो हुन्थ्यो, र एउटा चिकित्सकको सहायकले आफ्नो एउटा सानो कोठालाई भाडामा लिएबापत दिने पैसा पाउनुमा तिनी अत्यन्तै खुशी थिइन्, तिनी आफै त्यो घरलाई भाडामा लिएकी थिइन्। घर भाडाको रूपमा आउने पैसा त्यति मात्रै थियो, र हड्सनले कुनै कुरामा दुःख नदिने भएकाले उहाँले कोठा लिएकोमा तिनले आफूलाई भाग्यमानी सम्झेकी थिइन्। तिनको पहिलेको भाडादारहरू यो विवेकी जवान मानिसजस्तो आदरणीय थिएनन्। एक दिन हड्सनले कोठा छोड्नुपरेको कुरालाई बताउँदा तिनी अति नै दुःखित भइन्।

उहाँले तिनलाई भन्नुभयो, “औषधि उपचारसम्बन्धी लण्डन हस्पिटलमा पढ्नको लागि म लण्डन जाँदैछु।” तिनले भनिन्, “श्रीमान् हड्सन, तपाईंलाई गुमाउनुपरेकोमा मलाई दुःख लाग्यो।” उहाँ लण्डन जाँदै हुनुहुन्छ भन्ने कुराले तिनमा एउटा विचार ल्यायो। तिनले सोधिन्, “मेरो लागि तपाईंले एउटा सहायता गर्नुहुन्छ कि?” आफूले सकेकोमा गर्छु भनी उहाँले भन्नुभयो। त्यसपछि तिनले आफ्नो कुरालाई बुझाउन थालिन्। तिनको श्रीमान्को कमाइको आधा पैसा हरेक महिना लण्डनमा भएको हुलाक कार्यालयबाट पठाइन्छ, र त्यसरी पठाउनको लागि शुल्क त्यसबाट काटिन्छ। यदि टेइलरले ढुवानी कार्यालयबाट पैसा जिम्मा लिएर तिनलाई पठाउन सक्नुहुन्छ भने तिनको धेरै पैसा बचत गरिदिन सक्नुहुन्छ।

हड्सनले तुरुन्तै यो कुरालाई स्विकार्नुभयो, तर आफ्नो प्रतिज्ञालाई पूरा गर्न मध्य-दिनमा धेरै पैदल यात्रा गर्नुपर्दो रहेछ भन्ने कुरा लण्डन पुगिसकेपछि उहाँले थाहा पाउनुभयो। किनभने आफ्नो कोठाबाट हस्पिटल जान चार किलोमिटर र

आउन चार किलोमिटर दैनिक उहाँ हिँड्नुपर्थ्यो, उहाँलाई व्यायामको आवश्यकता नै हुँदैन थियो।

लण्डनमा पढ्न जाने यो उहाँको निर्णय एउटा ठूलो निर्णय थियो। उहाँ थोरै समय अघिदेखि चाइनिज एभान्जलाइसेसन सोसाइटी भन्ने संस्थासँग सम्पर्कमा हुनुहुन्थ्यो, जुन संस्थाले उहाँलाई चीन पठाउन तयार गर्दै थियो, जसको अनुमतिपश्चात् उहाँले अहिले थप औषधि उपचारसम्बन्धी पढ्नको लागि तयार गर्दै हुनुहुन्थ्यो। यो कदम चीनतिरको कदममा हलमा (Hull) बस्न जाने कदम जसरी नै एउटा बलियो कदम थियो, र एउटा जोखिमसाथ यो कदम उठाउनुभएको थियो, जसको बारेमा उहाँले कसैलाई भन्नुभएन।

जोखिमचाहिँ उहाँको आफ्नै विश्वासलाई र कठोर परिस्थितिलाई सामना गर्न चाहिएको उहाँमा भएको क्षमतालाई जाँच्ने कुरासँग जोडिएको थियो। उहाँको बुवाले यो अध्ययन र लण्डनमा बसोबास गर्न चाहेको खर्चको पैसा दिने कुरा बताउनुभयो, र चाइनिज एभान्जलइसेसन सोसाइटीले पनि त्यस्तै प्रकारको प्रस्ताव ल्याएको थियो। यो कुराको बारेमा प्रार्थनासहित सोचिसकेपछि उहाँले दुवैलाई इन्कार गर्ने निर्णय गर्नुभयो। उहाँले बुवालाई धन्यवाद दिनुभयो, र उहाँको सहायताको आवश्यकता हुँदैन भनी बताउनुभयो, र हड्सनले मिशनरी सोसाइटीबाट भत्ता पाउनुहुन्छ भनी बुवाले सम्झनुभयो। उहाँले त्यसै गरी नै सोसाइटीको अधिकृतहरूलाई पनि सहायताको आवश्यक पर्दैन भनी भन्नुभयो, र हड्सनले बुवाबाट सहायता पाउनुहुन्छ होला भनी उहाँहरूले सम्झनुभयो। हड्सन हातमा थोरै पैसा बोकेर त्यो सिद्धिएपछि के गर्ने भन्ने कुरा थाहा नभएको अवस्थामा लण्डनमा आइपुग्नुभयो।

खाँचोलाई सामना गर्दा परमेश्वरमाथि भरोसा राख्न सिक्ने निर्णय गर्नुभयो, साथै कम खर्चमा जिउनुपर्छ भनी निर्णय पनि गर्नुभएको थियो। सोहोमा भएको आफन्तको साथ बोर्डिङ हाउसको (पैसाको लागि पाहुना पाल्ने घर) बुइगलको सुत्ने कोठामा हड्सन रहनको लागि व्यवस्थापन गरिएको थियो, र उहाँ त्यसमा खुशी पनि हुनुहुन्थ्यो। ठूलो सहरमा एकलै रहनुको सट्टामा मिलनसार आफन्तसँग रहन पाउनु उहाँको लागि असल थियो। उहाँले आफ्नो भोजन आफै किन्नुभयो, र अति मितव्ययी हुनुहुन्थ्यो – जति कम खर्च गर्न सकिन्छ त्यति

कम गर्नुभयो। केही दिनहरूको अनुभवपछि शुद्ध पानीसँग पाउरोटी र स्याउ लिनु नै अति सस्तो खान्की रहेछ भन्ने कुरा उहाँले थाहा पाउनुभयो। यसरी अस्पताल जाने बाटोमा उहाँले आधा किलो स्याउ आफ्नो दिउँसोको भोजनको लागि किन्नुहुन्थ्यो, र फर्की आउने बेलामा मिठो बास्ना आउने भोजनालयहरूलाई पार गर्दै पाउरोटी बनाउने पसलमा एक प्याकेट पाउरोटी किन्नुहुन्थ्यो।

पाउरोटी बनाउने मानिसलाई उहाँले त्यसलाई दुई भाग गर्न लगाउनुहुन्थ्यो। दुई टुक्रा पाउरोटी बोकेर चार किलोमिटर हिँडेर घर पुगेर तीन तलामाथि भएको आफ्नो कोठामा पुग्नुहुन्थ्यो। एक टुक्रा पाउरोटी उहाँको रातिको भोजनको लागि थियो, र अर्को टुक्रालाई जति भोक लागे तापनि भोलि बिहानको लागि अठोट निर्णयको साथ राखिछोड्नुहुन्थ्यो।

उहाँ राम्रो खान्की पाउँदै हुनुहुन्छ कि छैन भनी उहाँको बारेमा चिन्तित भएको आमालाई उहाँले लेख्नुभयो, "होइन, मेरो स्वास्थ्यमा असर परेको छैन, ठीक विपरीत सबैले म कति राम्रो देख्दैछु भनी भन्छन्, अझ कुनैले म मोटाएको छु भनी भन्छन्!" तापनि उहाँको इमानदारीताले यी शब्दहरूलाई पनि थप्न लगायो, "उच्च ज्ञानले मात्र यी कुराहरूलाई बुझ्न सकिन्छ।"

TOG Mission

लण्डनमा आएको तीन महिनापछि श्रीमती फिन्चबाट उहाँलाई एउटा चिठी आयो। जति सक्छ त्यति चाँडो हड्सनले तिनको श्रीमान्को तलबलाई निकालेर पठाउन सक्नुहुन्छ कि भनी त्यसमा सोधिएको थियो। तिनको भाडा तिर्ने समय भइसकेको थियो, र तिनीसँग अरू पैसा केही थिएन।

यो अनुरोध एउटा अप्ठ्यारो समयमा आएको थियो। हड्सन आफ्नो परीक्षाको लागि तयार गर्दै हुनुहुन्थ्यो, र खाली भएको थोरै समयलाई पनि किताबमा नै बिताउनुहुन्थ्यो। यतिखेर लामो यात्रा गरेर ढुवानी कार्यालयमा पुगेर पैसा निकालेर पठाउनुको सट्टामा घट्दै गइरहेको उहाँको आफ्नै पैसाबाट नै अहिले पठाउने र परीक्षा सकेपछि ढुवानी कार्यालयको त्यो पैसा लिने निर्णय गर्नुभयो। यसरी गर्दा आफैले आफैलाई पार्न गइरहेको समस्याको बारेमा उहाँलाई थाहा थिएन, किनभने अन्तमा उहाँ ढुवानी कार्यालयमा जाँदा कर्मचारीले उहाँले

पैसा पाउन सक्नुहुन्न भन्ने कुरा बतायो, र भन्यो, "श्रीमान् फिन्च आफ्नो जहाज छोडेर भागेर सुनखानीमा खन्ने काम गर्न जानुभयो।"

हड्सनले झसङ्ग भएर भन्नुभयो, "यो त मेरो लागि ठूलो समस्याको कुरा हो ! मैले तिनको श्रीमतीलाई अघि नै पैसा पठाइसकेँ, तिनले कुनै हालतले मलाई पैसा फिर्ता दिन सक्दिनन्, मलाई त्यो थाहा छ।"

कर्मचारीले भन्नुभयो, "माफ गर्नुहोला। मलाई साह्है दुःख लाग्यो।" तर यथार्थमा कर्मचारीले त्योभन्दा बढी केही गर्न सक्नुहुन्न थियो, हड्सन त्यहाँबाट निस्कनुभयो। यो पहिलो घटनामा उहाँ अनुचित रूपमा चिन्तित हुनुभएन। उहाँले सोच्नुभयो, "अन्तमा म मेरो आवश्यकताको लागि परमेश्वरमाथि नै भरोसा राख्न आएको छु, मसँग भएको कुरा सिद्धिने समय आउँदा उहाँले नै आवश्यकता पूरा गर्नुहुन्छ। यसले त्यो समयलाई नजिक मात्र ल्याउँछ।" उहाँले आफूसँग भएको पैसा गनेर हेर्दा थाहा पाउनुभयो, त्यो समय धेरै नजिक छ ! ड्रइनसाइडमा पाएको अनुभवको सम्झनाले उहाँलाई उत्साहित तुल्यायो, र उहाँले सबै कुरा असल तरिकाले अन्त हुन्छ भन्ने निश्चयतामा उत्साहित हुँदै बुइगलमा भएको आफ्नो कोठामा फर्कनुभयो।

बेलुकी उहाँले आफ्नो लागि एउटा कापी बनाउनुभयो, सो गर्नु किन्नुभन्दा सस्तो हुन्थ्यो। कागजहरूलाई एकसाथ राखेर सिलाउने क्रममा आफ्नो दाहिने हातको औँलालाई अनजानमा घोच्नुभयो। त्यो एउटा सानो कुरा थियो, थोरै समयमा उहाँले त्यो कुरालाई बिर्सनुभयो, तर त्यो सानो घाउले झण्डै उहाँको जीवनलाई नै लियो।

भोलिपल्टको दिन अस्पतालमा ज्वरोले मरेको एक जनाको शरीरलाई टुक्रा-टुक्रा पार्ने काम उहाँको थियो। त्यो काम नरमाइलो हुनुको साथै खतरापूर्ण पनि थियो। हातमा सानो घाउ भएर यो काम गर्दा कतै त्यो घाउमा कीटाणु सऱ्यो भने त्यो मृत्युसम्म पुऱ्याउन सक्छ भनी विद्यार्थीहरूलाई गम्भीर रूपमा चेतावनी दिएको थियो, त्यसैले आफ्नो हातको छालामा सानो घाउ पनि नहुने गरी होशियारीको साथ विद्यार्थीहरूले काम गरे। हड्सन बुझ्न नसक्ने गरी थकित हुन थाल्नुभयो, र अचानक बिरामी हुनुभयो, तर आफू गम्भीर रूपमा समस्यामा

परेको हुन सक्छ भनी उहाँलाई लागेको थिएन। उहाँले लिने गरेको साधारण भोजनले कसरी पेटको समस्या ल्यायो होला भनी उहाँ केवल चकित हुनुभयो। एक गिलास चिसो पानी खानुभयो, र अलि आराम भएको अनुभव गरिसकेपछि कक्षामा जानुभयो। उहाँको दाहिने हात यति दुख्न थाल्यो, कि उहाँले लेख्न सक्नुभएन। उहाँको दुखाइ शरीरको त्यो भागमा पूरै सऱ्यो, र उहाँले धेरै बिमारी भएको अनुभव गर्नुभयो, त्यसरी नै बसिरहन सक्नुभएन।

शल्यक्रिया गर्ने कोठामा शल्य चिकित्सकलाई उहाँले भन्नुभयो, "ममाथि के आइपऱ्यो भन्ने कुरा नै मैले बुझ्न सकिनँ।" चिकित्सकले किन के भयो भनी सोध्नुभयो। हड्सनले आफ्नो परिस्थितिलाई बुझाउन खोज्नुभयो, र शल्य चिकित्सकले उहाँलाई ध्यानसित हेर्नुभयो, र भन्नुभयो, "तिमीलाई के भयो भन्ने कुरा स्पष्ट देखिँदैछ, मलाई डर लाग्यो, यो घातक ज्वरो हो। तिमीले त्यो शरीरलाई टुक्रा पार्दा आफ्नो हातलाई कतै काटेको हुनुपर्ने।" हड्सनले भन्नुभयो, "होइन, म पक्का छु, मलाई सानो पनि चोट लागेन।"

शल्य चिकित्सकले भन्नुभयो, "भनेपछि तिम्रो हातमा पहिले नै एउटा घाउ भएको हुनुपर्ने, मलाई तिम्रो हात देखाऊ।" उहाँले हेर्दै गर्दा हड्सनले अघि राति सियोले हात घोचेको कुरालाई सम्झनुभयो। त्योचाहिँ यो सबैको कारण हुन सक्छ कि भनी सोध्नुभयो; शल्य चिकित्सकले त्यो हुन सक्छ भनी भन्नुभयो।

चिकित्सकले गम्भीरतासाथ भन्नुभयो, "तिमी जति चाँडो सक्छ त्यति चाँडो घर फर्किनुपर्छ, र तिम्रो मिलाउनुपर्ने कुराहरूलाई मिलाइ हाल्नु।" उहाँले औषधि उपचारसम्बन्धी पढिरहेको जवान विद्यार्थीलाई हेर्नुभयो, जसबाट परिस्थितिको गम्भीरतालाई लुकाउनु व्यर्थ हुन्छ भन्ने सोच्दै भन्नुभयो, "तिमी एउटा मरेको मानिस हौ।"

अध्याय

# ४ हिंड्न नसक्ने गरी ढाढा

चिकित्सकको यो झसङ्ग पार्ने घोषणा सुन्दा हड्सनको पहिलो प्रतिक्रियाचाहिँ दु:ख र निराश थियो। यदि उहाँ मर्न लागिरहनुभएको छ भने, त्यसको अर्थ उहाँ चीन जान सक्नुहुन्न। चीन ! त्यहाँ जान उहाँ कति इच्छुक हुनुहुन्थ्यो। त्यो ठाउँमा आफ्नो लागि परमेश्वरले काम राख्नुभएको छ भनी उहाँको निश्चयता कति गहिरो थियो। आफ्नो बुझाइ गल्ती भएको हुन सक्छ भनी मान्नु उहाँको लागि असम्भवजस्तै लाग्यो। "मैले साँच्चै नै गलत बुझेको हो त?" हड्सनले सोच्नुभयो, यदि परमेश्वरले साँच्चै मलाई चीन पठाउन चाहेको हो भने, आशा छैन भनी चिकित्सकले भने तापनि म निको हुन्छु।

आफू मर्नको लागि डराएको छैन भन्ने कुरालाई बुझाउन खोज्नुभयो। आफ्नो मालिक जसलाई गहिरो रूपमा प्रेम गर्न उहाँले सिक्दै हुनुहुन्छ, उहाँसँग रहन पाउनु उहाँको लागि अति प्रिय कुरा थियो, यद्यपि उहाँ निश्चित हुनुहुन्थ्यो, कि उहाँको लागि चीनमा काम छ, र यसैले उहाँ यो रोगबाट निको हुनुपर्छ।

आफू किन जीवित रहनुपर्छ भन्ने कुरालाई बुझाइरहन जवान विद्यार्थीलाई समय छैन, किनभने उहाँ पक्कै मर्नुहुनेछ। यसैले चिकित्सकले व्यग्रताको साथ भन्नुभयो, "तिमी चाँडो आफ्नो घर जानु, तिमीसँग खेर फाल्ने समय छैन। चाँडै नै तिमी आफ्नो कुराहरूलाई मिलाउन नसक्ने अवस्थामा पुग्छौ।"

आत्तुरीसहित अगाडि बढ्नको लागि यो एउटा उत्साह ल्याउने भविष्य थिएन, र सोहो पुग्न लाग्ने चार माइलको यात्राको लागि चाहिने भाडाको लागि पुग्ने पैसा उहाँको हातमा थिएन। हड्सन त्यहाँबाट निस्कनुभन्दा अगाडि आफ्नो अवस्था सम्झेर अप्ठ्यारोसँग हाँस्नुभयो। उहाँ आफूसँग बाँकी भएको पूर्ण बललाई प्रयोग गरेर बिस्तारै बग्गी पाउने ठाउँमा पुग्नुभयो, र थकाइको साथ

बग्गीमा चढ्नुभयो, हातको दुखाइको महसुस गर्दै उफार्दै जाने त्यो बग्गीमा सवार गर्नुभयो। अन्तमा उहाँ आफू बस्ने घरमा पुगिसकेपछि तीन तलामाथि भएको बुइगलमा पुग्दा पूर्ण रूपमा बल सिद्धिएको अनुभव गर्नुभयो। आफ्नो जीवनलाई बचाउन केही गर्न सकिन्छ कि भनेर आफैले आफ्नो औँलालाई थोरै काटेर त्यो विषलाई बग्न दिनुभयो। त्यो दुखाइ अति नै असह्य थियो, र उहाँलाई याद भएको अन्तिम कुरा त्यति नै थियो, र उहाँ बेहोस भएर भुईंमा लड्नुभयो।

मरेतुल्य अवस्थामा बेहोस भएर भुईंमा लडिरहेको हुँदा उहाँको एक जना काकालाई बोलाइयो, जो नजिकै बस्नुहुन्थ्यो, र त्यो दयालु मानिसले हड्सनको जिम्मा लिनुभयो, र हड्सनले उपचारको पैसा तिर्न सक्दैन भनी बताउँदा पनि तुरुन्तै एक जना चिकित्सकलाई बोलाउन पठाउनुभयो। उहाँको काकाले भन्नुभयो, "उहाँ मेरो आफ्नै चिकित्सक हुनुहुन्छ, र रसिद मलाई पठाइन्छ, तिमीले त्यसको बारेमा चिन्ता गर्नुपरेन।" चिकित्सक आएर हड्सनको कुरा सुन्दा दुःखित हुनुभयो।

उहाँले सोझै भन्नुभयो, "यदि तिमीले साधारण जीवन बिताएको छौ भने यो अवस्थालाई पार गर्न सक्छौ होला। तर मद्यपानजस्तो कुराहरूमा सहभागी भएका छौ भने आशा छैन।"

स्याउ र पाउरोटीको साथ शुद्ध पानी पिएको सम्झना उहाँमा ताजा हुँदा आफूले सादा जीवन जिएको कुरालाई हड्सले चिकित्सकलाई पक्का गरी भन्न सक्नुभयो। यदि निको हुनु सादा जीवन जिउनुमा भर पर्छ भने, आफूभन्दा निको हुने सम्भावना भएको अरू कसैलाई उहाँले चिन्नुहुन्न थियो।

चिकित्सकले भन्नुभयो, "तर अब यो लडन्त अति कठिनाइपूर्ण हुनेछ। आफ्नो बललाई जोगाउन सक्ने सबै कुरा तिमीले गर्नुपर्छ। दैनिक तिमीले एक बोतल शुद्ध दाखमद्य पिउनुपर्छ, र जति सक्छ त्यति मासु खानुपर्छ।"

त्यस्तो प्रकारको भोजन हड्सनले रुचाउने खालको थिएन, तर उहाँले सक्दो प्रयास गर्नुभयो। धेरै दिन र रातहरूको पीडाहरूपछि अन्तमा उहाँले आफ्नो कोठाबाट निस्केर आएर एक–दुई घण्टा बोर्डिङ हाउसको सोफामा बस्न सक्ने

हुनुभयो। उहाँसँगै संक्रमित भएको अरू दुई जना विद्यार्थीहरू मरिसकेका थिए भनी उहाँलाई त्यति बेला मात्र थाहा भयो। आफ्नो जीवनलाई किन बचाइयो भनी उहाँले सोच्नुभयो, र महसुस गर्नुभयो, कि चीनमा भएको आफ्नो कामको लागि बाहेक अरू कुनै पनि कारणको लागि हुन सक्दैन।

एक दिन चिकित्सक आउनुभयो, आफ्नो बिरामीले गरेको प्रगतिप्रति सन्तुष्टि व्यक्त गरिसकेपछि भन्नुभयो, "तिमीले अहिले गर्न सक्ने असल कामचाहिँ यात्रा गर्न सक्ने हुने बित्तिकै चाँडै नै यहाँबाट निस्की बस्तीतिर गइहाल्नु। तिम्रो बल अझै बढ्ने बेलासम्म तिमीले विश्राम गर्नुपर्छ। यदि तिमीले चाँडै नै काम सुरु गर्‍यौ भने अवस्था गम्भीर बन्न सक्छ।"

उहाँ गइसकेपछि सोफामा ढल्किँदै आफ्नो बारेमा सोच्दै हुनुहुन्थ्यो। "यहाँबाट निस्केर बस्तीतिर गइहाल्नु!" उहाँको सम्झनाहरू योर्कशियरमा भएको आफ्नो आरामदायी घरतिर गयो। उहाँ बालक हुँदा सधैँ अमेलियासँग दौडेर खेलेको कड्वोर्त सडक र त्यहाँको जङ्गल, जहाँ उहाँले पुतलीहरू र चराहरू देख्नुहुन्थ्यो, ती ठाउँहरूलाई सम्झनुभयो। चिकित्सकले दिनुभएको आज्ञाचाहिँ आकर्षक थियो, र सबै तरिकाले उचित थियो। कठोर परिश्रम गर्नुपर्ने अस्पतालको काम फेरि सुरु गर्न आफू अति कमजोरी भएको हड्सनले महसुस गर्नुभयो, र यथार्थमा उहाँले आफ्नो स्वस्थपनलाई चाँडै फर्काउनको लागि उहाँको घरजस्तै अरू कुनै ठाउँ थिएन नै हो। उहाँले त्यो गर्नको लागि एउटा मात्र बाधा थियो - यात्राको लागि चाहिने भाडा उहाँसँग थिएन।

यथार्थमा त्यो पैसा माग्ने बित्तिकै सजिलैसित पाइन्छ भन्ने कुरा उहाँलाई थाहा थियो, उहाँको दयालु काकाले त्यो पैसा अझ खुशीसाथ दिनुहुन्थ्यो। यदि उहाँले एउटा सानो पत्र घरतिर पठाउनुभयो भने भाडालाई चाहेको पैसा र त्योभन्दा पनि बढी आइपुग्छ; यद्यपि उहाँ सोफामा थकित भएर ढल्किरहेको हुँदा यो सजिलो तरिकाहरू अपनाउन उहाँभित्रको केही कुराले दिएन। उहाँले अहिले पनि, चीनमा आफ्नो साथ रहेर सहायता गर्न नसक्नेहरूमाथि भरोसा राख्नुको सट्टामा आफ्नो प्रार्थनाको उत्तर दिने परमेश्वरमाथि भरोसा राख्ने तरिकालाई अपनाउन चाहनुभयो। उहाँ त्यहाँ ढल्किरहेको हुँदा आँखा बन्द गर्नुभयो, र परमेश्वरलाई यी कुराहरू बुझाएर उहाँले के गर्न सक्नुहुन्छ भनी सोध्नुभयो।

TOG Mission

प्रार्थना गरिसकेपछि यस कुराको बारेमा सम्झिँदै केही समय मौन रहनुभयो। यदि आफूले श्रीमती फिन्चलाई पैसा नपठाएको भए आफ्नो साथमा चाहिँदो पैसा हुन्थ्यो। श्रीमान् फिन्चले जहाज छोडेर नभागेको भए हड्सनले ढुवानी कार्यालयबाट पैसा निकाल्न पाउनुहुन्थ्यो। हुन सक्छ, अहिले पनि ढुवानी कार्यालयमा जान पाएमा त्यो पैसा लिन पाउँछु होला भन्ने विचार उहाँमा आयो। तर फेरि, आफ्नै स्वच्छाले श्रीमती फिन्चलाई पैसा पठाएकोले सम्भावना छैन जस्तो पनि लाग्यो, तापनि त्यो विचार उहाँमा रहिरह्यो। कतै परमेश्वरले यो विचार उहाँको मनमा हाल्दै हुनुहुन्छ कि अथवा यो आफ्नो मूर्ख विचार हो, उहाँले बुझ्न सक्नुभएन।

उहाँले आँखा बन्द गर्नुभयो, फेरि प्रार्थना गर्नुभयो, यो के हो भनी परमेश्वरलाई सोध्नुभयो। यदि यो विचार परमेश्वरबाट नै आएको भए तापनि, दुई माइल टाढा भएको ढुवानी कार्यालयमा जान चाहेको पैसा उहाँसँग थिएन। हिँडेर जानु आफ्नो यो परिस्थितिमा सोच्नै नसक्ने कुरा थियो। आफ्नो कोठाबाट तल सिँढीमा ओर्लनको लागि पनि उहाँलाई कसैले सहायता गर्नुपरेको थियो।

हो, हिँडेर जाने सम्भावना छैन – तर साँच्चै नै सम्भावना छैन हो त? यो गर्न नसक्ने कुरा नहुन पनि सक्छ भनी आफूले सोच्ने अवस्थामा हड्सनले आफैलाई भेट्टाउँदा छक्क पर्नुभयो। पहिले पनि उहाँले प्रार्थना गरिसकेपछि परमेश्वरले उहाँले नसोचेको उल्लेखनीय कामहरू गर्नुभएको थियो। येशू ख्रीष्टले भन्नुभयो, "तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु।"

येशू ख्रीष्टले अठार सय वर्षभन्दा अगाडि यो भन्नुभएको थियो, तर हड्सन बोर्डिङ हाउसको सोफामा ढल्किरहेको हुँदा, त्यो अचानक वास्तविक र अहिले भनेको जस्तै महसुस गर्नुभयो। त्यो शान्तपूर्ण प्रतिज्ञामा हड्सनको मनलाई मनाउन सक्ने केही कुरा देख्नुभयो। "मेरो नाउँमा तिमीहरूले जेसुकै मागे तापनि, म त्यो गर्नेछु।" यो वचनको अगाडि, चीपसाइडमा (Cheapside) रहेको ढुवानी कार्यालयसम्म हिँड्नु नसक्ने कुराजस्तो उहाँलाई लागेन। अहिले गर्नुपर्ने चाहिँ बल माग्नु मात्र हो भन्ने कुरा स्पष्ट देखिन्थ्यो; यसैले हड्सनले त्यही नै गर्नुभयो। त्यसपछि उहाँले त्यो घरमा काम गर्ने बहिनीलाई बोलाउनुभयो, र आफ्नो टोपी

र लौरो ल्याइदिनु भन्नुभयो। त्यो आदरणीय तर चकित भएको जवान स्त्रीले उहाँलाई ती कुराहरू ल्याइदिँदा, उहाँ बिस्तारै घरबाट निस्केर शान्तपूर्ण गल्ली हुँदै सहरतिर जाने व्यस्त सडकमा आइपुग्नुभयो।

उहाँको गति एकदम ढिलो थियो। सडकमा रहेको हरेक पसलमा सिसाभित्र राखेको कुराहरूमा सधैँ नभएको एउटा अनौठो चासो देखाउनुभयो, र हरेक पसलको अगाडि सिसामा ढल्किनको लागि रोक्नुभयो। उहाँ ध्यानसित बिस्तारै हिँडिरहेको हुँदा धेरै जना लामो जामा लगाएको स्त्रीहरू उहाँलाई पछाडि पारेर अगाडितिर गए। सडकमा सामान बेच्नेहरूले आफ्नो सामान किनिदिनको लागि व्यर्थमा उहाँलाई बोलाए। एउटा सुन्दर बग्गी उहाँलाई पार गरेर जाँदा त्यसलाई हेर्न अलिकति पनि फर्किनुभएन। जवान रानी विक्टोरिया त्यो बाटोमा यात्रा गरेको भए पनि उहाँलाई त्यो कुराले कुनै फरक पार्दैन थियो।

TOG Mission

तर बिस्तारै उहाँ अगाडि बढिरहनुभयो। चीपसाइड पुग्नको लागि पार गर्नुपर्ने उकालोमा आइपुग्दा आफूले परमेश्वरलाई बल मागेको कुरालाई सम्झिनुभयो, र बल दिइनेछ भन्ने विश्वास गर्नुभयो। त्यसलाई पनि पार गरेर उहाँ सुरक्षित ढुवानी कार्यालयमा आइपुग्नुभयो। सिँढी चढेर पहिलो तलामा पुग्नुभन्दा अगाडि तल सिँढीमा नै केही समय बस्नुभयो। त्यहाँ बस्नु अलि अनौठो काम हो भन्ने कुरा उहाँले महसुस गर्नुभयो। त्यो सिँढी हुँदै तल–माथि गरिरहेको सज्जन मानिसहरूले पनि त्यसरी नै सोचेर आश्चर्यसहित उहाँलाई हेरे, यद्यपि कसैले उहाँसँग केही बोलेनन्, र अन्तमा उहाँ माथि पुगेर कार्यालयभित्र पस्नुभयो।

उहाँलाई यहाँसम्म ल्याउनुको पछाडि रहेको मुख्य कुरा बाँकी नै थियो। दुई माइलको थकाइपूर्ण यात्रापछि कतै उहाँले निराशालाई सामना गर्नुपर्ने हुन्छ कि, तर कुनै कारणले सबै कुरा असल हुन्छ भनी हड्सनलाई लाग्थ्यो, र उहाँले सोचेको जस्तै नै भयो। उहाँलाई अभिवादन गर्ने कर्मचारीले उहाँलाई तुरुन्तै चिनिहाल्यो। कर्मचारीले भन्न थाल्यो, "अहो! तपाईं यहाँ आएकोमा मलाई धेरै खुशी लाग्यो। भागेर गएको चाहिँ त्यो फिन्च होइन, तर त्यही नाम भएको अर्को एक जना मल्लाह थियो। श्रीमती फिन्चलाई दिन बाँकी रहेको आधा महिनाको तलब म तपाईंलाई खुशीसाथ दिन्छु, पक्कै त्यो तिनको श्रीमान्‌द्वारा भन्दा पनि तपाईंद्वारा सुरक्षित तिनीकहाँ पुग्छ। श्रीमान् फिन्च काम गर्ने जहाज ग्रेव्सेन्डमा

भर्खरै पुग्यो, र लामो यात्रापछि यी मानिसहरू कस्तो प्रकारको परीक्षामा पर्छन् भनी हामी सबैलाई थाहा छ।" छाला पहेँलो भइसकेको कमजोरी जवान विद्यार्थीलाई उहाँले ध्यानसित हेरेर अझै अगाडि बढ्नुभयो, "तपाईंलाई मैले पैसा दिनुभन्दा अघि तपाईंले थोरै विश्राम गर्नुपर्छ र केही खानुपर्छ। म दिउँसोको खाना खान लागिसकेँ, तपाईं पनि भित्र आउनुपर्छ र मसँग खानुपर्छ।"

धन्यवादसहित हड्सनले यो निमन्त्रणालाई स्विकार्नुभयो, र विश्राम अनि भोजन लिन मौका पाएकोमा उहाँ खुशी हुनुहुन्थ्यो। सोहो फर्किने यात्रा बग्गीमार्फत गर्नुभयो, किनकि उहाँ अहिले भाडा तिर्न सक्ने हुनुहुन्थ्यो। उहाँले गरेको प्रयासले उहाँलाई असर भन्दा बढी भलाइ नै ल्याएको थियो। भोलिपल्ट बिहान उहाँले यति आरामको अनुभव गर्नुभयो, कि आफूलाई उपचार गरेको चिकित्सककहाँ गएर लागेको पैसा तिर्न आनाकानी गर्नुभएन। उहाँको काकाले उहाँको लागि धेरै गरिसक्नुभएको थियो, र उहाँलाई यो पनि तिर्न दिएर आफ्नो पैसालाई बिदामा घर जान भाडामा खर्च गर्न हड्सन अनिच्छुक हुनुहुन्थ्यो। चिकित्सकलाई पैसा तिरिसकेपछि टिकट किन्न पैसा पुग्दैन भन्ने कुरालाई उहाँले महसुस गर्नुभयो, तर सो गर्नु नै आदरणीय देखियो, यसैले चिकित्सकलाई भेट्न निस्कनुभयो। त्यहाँ पनि एउटा खुशीको कुराले उहाँलाई पर्खिरहेको थियो। चिकित्सकले उहाँलाई उपचार गरेबापत लिनुपर्ने पैसा लिन मान्नुभएन। उहाँले अडिग भएर भन्नुभयो, "तिमी एउटा औषधि उपचारसम्बन्धी पढ्ने विद्यार्थी हो, यसो भएको हुँदा तिम्रो लागि गरेको उपचारको लागि म पैसा लिँदिनँ।" तर हड्सनले तर्क गर्नुभयो, "तर औषधि... औषधिको (Quinine) लागि मैले तिर्नै पर्छ।"

चिकित्सकले भन्नुभयो, "ठीक छ, औषधिको लागि तिमीले तिर्न सक्छौ, र त्यति मात्रै।"

हड्सनले दिमागमा हिसाब गर्नुभयो, र आश्चर्य हुने गरी थोरै भएको त्यो पैसालाई तिर्नुभयो। पैसा तिरिसकेपछि योर्कशियर जान रेल भाडा र घरसम्म पुग्नको लागि चाहेको बग्गी भाडा र यात्रामा चाहेको खान्की किन्ने पैसा यी सबैको लागि पुग्ने पैसा बाँकी रह्यो। उहाँ आनन्दित हुनुभयो, कारण यो अति अद्भुत थियो ! हरेक पाइलामा उहाँको कुराहरू असल तरिकाले आयोजित

भएको जस्तै देखिन्थ्यो। परमेश्वरले उहाँको जीवनको सम्पूर्ण कुराहरूलाई व्यवस्थापन गर्ने जिम्मेवारी लिनुभयो भन्ने कुराको लागि भएको यो आश्चर्यपूर्ण प्रमाणलाई आफ्नो मनमा मात्र राख्न सक्नुभएन। यदि परमेश्वरले उहाँको लागि यो गर्नुभयो भने उहाँले निश्चय नै अरूको लागि पनि गर्नुहुन्छ। चिकित्सकलाई यो कुरा भन्नुपर्छ भन्ने उहाँलाई लाग्यो।

उहाँले आदरसाथ कुरा सुरु गर्नुभयो, "माफ गर्नुहोस् साहेब, तपाईंलाई अप्ठ्यारोमा नपारीकन केही कुरा भन्ने अनुमति मलाई तपाईंले दिनुहुन्छ भन्ने आशा म गर्छु। मलाई लाग्छ, कि परमेश्वरको अधीनतामा रहेर तपाईंको वास्ता र उपचारको लागि म ऋणी छु, र साँच्चै नै त्यसको लागि धन्यवादी पनि छु। तपाईंलाई मैले भन्न चाहेको केही कुराहरू छन्।" आफू लण्डनमा रहने पछाडिको कारण, र परमेश्वरले साँच्चै नै प्रार्थनाको उत्तर दिनुहुन्छ कि भन्ने कुरालाई चीन जानुभन्दा अगाडि पत्ता लगाउने उहाँको उद्देश्य र सो गर्दा आफूले पाएको अनुभवहरू, यी सबै कुरालाई चिकित्सकलाई बताउनुभयो। चिकित्सकले ध्यानसित तर शङ्कासहित चासो राखेर हड्सनले चीपसाइडसम्म अघिल्लो दिन हिँडेर गएको कुरालाई सुन्नुभयो। चिकित्सकले त्यो कुरालाई विश्वास गर्न सक्नुभएन।

आश्चर्यसहित भन्नुभयो, "असम्भव कुरा हो, किनभने म तिमीलाई त्यो सोफामा छोडेर जाँदा जीवित होइन तर मरेको मानिसजस्तै छोडेर गएको थिएँ!"

हड्सनले पक्का गरी भन्नुभयो, "साँच्चै नै म हिँडेको नै हो हजुर," र त्यो यात्रा सुरु गर्नुभन्दा अघि बलियो पारिनको लागि येशूको नाममा गरेको प्रार्थनाको बारेमा पनि बुझाउनुभयो।

"तपाईं हिँड्नुभएको भनी भन्नुहुन्छ – बग्गीमा जानुभएको होइन?"

"होइन, म हिँडेर नै गएँ।"

"सोहोदेखि फारिङ्डन स्ट्रिट र त्यसपछि स्नोहिलको उकालो चढेर चीपसाइडसम्म पुग्नुभयो?"

"हो, साहेब।"

चिकित्सकको चासो बढ्यो। यस्तो रोगले कमजोरी भएको मानिसले व्यस्त भएको लण्डनको सडकहरूमा एकलै दुई माइल यात्रा गर्नु र कुनै असर नभोग्नु असम्भव जस्तै देखिन्थ्यो। त्यो हिँडाइद्वारा पाएको खुशीको परिणामहरूलाई चिकित्सकले सुन्नुभयो। त्योद्वारा कसरी हड्सनले तिर्नुपर्ने कुराहरूलाई तिर्नुभयो, र औषधिको पैसा तिरिसकेपछि अन्तमा ठीक घर जानको लागि चाहेको पैसा बाँकी रह्यो भन्ने कुरालाई पनि सुन्नुभयो। हड्सनले बताएको कुराहरूले यो वृद्ध मानिसलाई छोयो भन्ने कुराको प्रमाण उहाँमा देखिने नियन्त्रित गरिएको खुशीमा पायो। देख्न र सुन्न नसकिने एउटा परमेश्वरमाथि यसरी व्यावहारिक रूपमा भरोसा राख्नु उहाँको लागि नयाँ थियो। आफ्नो अगाडि उभिरहेको इमानदार जवान मानिसको अनौठो उज्यालो मुहारलाई देख्दा बिस्तारै उहाँको आँखा आँसुले भरिन थाल्यो। भावनाले भरिएको गहिरो आवाजले उहाँले भन्न थाल्नुभयो:

"तिम्रो जस्तो विश्वास पाउनुको लागि म संसारलाई नै दिन्छु।" हड्सनले शान्त रूपमा जवाफ दिनुभयो, "तपाईंले पाउन सक्नुहुन्छ, तपाईंलाई थाहा छ साहेब। त्यो सबैको लागि सित्तैमा दिइन्छ – यसको लागि कुनै पैसा लाग्दैन र मूल्य चाहिँदैन।"

TOG Mission

अध्याय

# ५ फेरि घरमा

बग्गी गिट्टी लगाएको सडकमा उफार्दै बर्न्सले बजारमा आएर रोकियो। यात्रीहरू एक–एक गरेर ओर्लिन थाले, र अन्तमा हड्सन लामो यात्राले थकित र वस्त्रहरू फोहोर भएको अवस्थामा ओर्लिनुभयो। सबै कुरा कति परिचित र मिलनसार देखियो। दाह्री पालेको कडा तर जोशिलो बुवा र कपाल असल तरिकाले मिलाएको टोपी लगाएको नरम आमाद्वारा फेरि घरमा स्वागत गरिँदा त्यो कति मनोहर कुरा थियो।

घुमफिर गर्नको लागि उहाँ सडकमा निस्कँदा उहाँको साथीहरू उहाँलाई देख्न पाएकोमा खुशी भए, र राजधानीमा बिताएको उहाँको जीवनको समयहरूको बारेमा बुझ्न इच्छुक भए, यी सबै कुराहरू उहाँको लागि खुशीको कुराहरू थिए। लण्डनमा भन्दा यी सबै कुरा धेरै फरक थिए, जहाँ उहाँ एउटा महत्त्वहीनको परदेशी हुनुहुन्थ्यो, र उहाँलाई उत्साहित तुल्याउन अभिवादन गर्ने कोही नभएको हुँदा व्यस्त सडकहरूमा एकलै हिँड्नुहुन्थ्यो।

पहिलेको जस्तै नै रोगले कमजोरी हुनुहुन्थ्यो, अरू सबै ठाउँहरूभन्दा आफ्नो घरले नै उहाँलाई पूर्ण सन्तुष्टि र आनन्द दियो। पसलको पछाडि बस्ने कोठामा आगोको छेउमा शान्तसँग बस्नुभयो, त्यो परिचित वातावरणले धेरै खुशीको सम्झनाहरूलाई मनमा फेरि ल्यायो। उदाहरणको लागि कोठाको बीचमा रहेको ठूलो टेबुललाई देख्दा उहाँलाई पुरानो धेरै कुराहरूको बारेमा सम्झना आयो।

फेरि उहाँ एक पल्ट ठिटो बन्नुभयो, जो मखमलको वस्त्र लगाएर भेटघाटको लागि आएको ठूलाहरूको बीचमा बसिरहेका थिए। आएको पाहुनाहरूका लागि आमाले स्याउ राखेर बनाएको रोटीलाई ठूलो–ठूलो टुक्रा पारेर बाँड्नुभयो – आफ्नो सानो छोरालाई छोडेर, जो सिकाएअनुसार नै आफ्नो भागको लागि

चुपचाप बसिरहेको थियो। अरू सबैलाई बाँड्नुभयो, टेबुलमा बसेको हुँदा केही माग्नुहुँदैन भनी सिकाइएको उहाँलाई आमाले यो पल्ट बिर्सनुभयो! यति खेर उहाँ कसरी बाठो भएर माग्नुभयो भन्ने कुरालाई परिवारमा सधैँ दोहोऱ्याएर भनिन्थ्यो। सबैले कुरा गरिरहेको बेलामा एक छिन सबैको आवाज कम भएको समयमा एउटा सानो आवाजले सोध्यो: "आमा, स्याउ-रोटी साना केटाहरूको लागि राम्रो हुन्छ कि?"

यो टेबुलमा बस्दा पनि, दिनैपिच्छे उहाँको लागि बुवाले तोकिएको पाठहरू सिक्नुहुन्थ्यो, एघार वर्षको उमेरमा विद्यालयमा जाने बेलासम्म यसरी नै सिक्नुभयो। उहाँ विद्यालयमा असल विद्यार्थीहरूमा एक जना बन्न पुगे तापनि विद्यालय भन्दा बुवाबाट सिक्न पाउँदा धेरै खुशी मान्नुहुन्थ्यो। उहाँको बुवामा एउटा पूर्णता र एउटा असल पुरुषमा हुनुपर्ने गुणहरू स्पष्ट देखिन्थ्यो। उहाँमा असल र खराबको बारेमा एउटा बलियो ज्ञान थियो, र नबद्लिने अनुशासन पनि थियो।

विद्यालयको घण्टीले समय निष्ठ हुन सिकाउनुभन्दा अघि हड्सनले आफ्नो बुवाबाट नै सो सिकिसक्नुभएको थियो। खाना खान ठीक समयमा तयार भएर हात धोएर कपाल कोरेर टेबुलमा बसेन भने दुःख भोग्नुपर्थ्यो।

उहाँको बुवाले भन्नुहुन्थ्यो, "टेबुलमा पाँच जना एक मिनेट पर्खिरहेका छन् भने पाँच मिनेट खेर गयो। गुमाएको मिनेटलाई कहिल्यै फिर्ता पाउन सक्दैन।" उहाँले गम्भीरतासाथ यो कुरा सिकाउनुहुन्थ्यो।

"छिटो लुगा लगाउन सिक्नु," भन्ने चाहिँ उहाँको अर्को एउटा नियम थियो। यो नियमको अवश्यकतालाई उहाँले यसरी बुझाउनुहुन्थ्यो, "किनभने त्यो तिमीले दिनमा कम-से-कम एक पल्ट गर्नुपरेको हुन्छ।" आफ्नो आरामदायी घरमा बसेर प्रेमसहितको आश्चर्य मान्दै हड्सनले यो कुराहरूलाई सम्झेर हाँसिरहनुभएको थियो। अर्को एउटा चाखलाग्दो कुराचाहिँ हड्सनले पहिलो पल्ट चीनको बारेमा सुनेको चाहिँ उहाँकै बुवाको मुखबाट थियो। उहाँ पाँच वर्षको सानो केटो हुँदा उहाँको बुवाले यसरी गहिरो भावनासाथ बोलेको कुरा सुन्नुभयो:

“किन हामीले त्यहाँ मिशनरी पठाउनुहुँदैन? हामीले लक्ष्य राख्नुपर्ने देश त्यही नै हो, जुनचाहिँ ठूलो जनसङ्ख्याको छ, र त्यहाँ बलियो, बुद्धिजीवी र विद्वान् मानिसहरू पनि छन्।”

अहिले झण्डै पन्ध्र वर्षपछि हड्सन आफै त्यहाँ जान तयार हुँदै हुनुहुन्छ। उहाँले ती हप्ताहरू घरमा बिताउँदा आफ्नो भविष्यको बारेमा आफूलाई प्रकाशित गरिएको तरिकालाई सम्झेर आश्चर्य मान्नुभयो। निश्चय नै उहाँको गन्तव्य त्यही नै थियो, र जीवनको लागि तोकिएको काम पनि। “मेरो लागि चीन जाऊ।” भन्ने त्यो स्वर्गीय आदेश पाएको रातलाई उहाँ कहिल्यै बिर्सन सक्नुहुन्न।

यो बाहेक अर्को एउटा अनुभव मात्र उहाँको मनमा सधैँ ताजा रहन्थ्यो। चीन त्यो कुरामा सम्बन्धित भएको थिएन। त्यो दिनको मध्यान्ह एउटा पुरानो गोदाममा जीवनको बारेमा उहाँमा रहँदै आएको विचार पूर्ण रूपमा बदलियो, तर त्यति बेला त्यो घटना नघटेको भए उहाँ चीन जान सोच्नै हुन्न थियो। धेरै पल्ट हड्सनले त्यो महत्त्वपूर्ण मध्यान्हलाई सम्झनुहुन्थ्यो। त्यो तीन वर्ष अगाडिको घटना थियो, तर हिजो मात्र घटेको जस्तै उहाँको मनमा अहिले पनि ताजा थियो।

सन् १८४९, त्यति बेला उहाँ १७ वर्षको हुनुहुन्थ्यो, र जीवनदेखि निराश भएको अवस्थामा हुनुहुन्थ्यो। घरमा रहनु र पसलमा बुवालाई सहायता गर्नु, यी कुराहरू उहाँको लागि फिक्का देखिन्थ्यो। उहाँले आमा–बुवालाई प्रेम गर्नुभएन भन्नेचाहिँ होइन, तर उहाँहरूको जीवनको दैनिक कामहरू उहाँको लागि अल्छीलाग्दो थियो। खेलकुद र शिकार खेल्ने कुराहरू उहाँहरूको कार्यक्रम भित्रै परेन। सडकको अन्तिम भागमा रहेको सानो मण्डली भवनमा भजन गाउन उहाँहरूले रुचाउनुहुन्थ्यो, र हड्सन कर्तव्यसहित उहाँहरूको साथमा जानुहुन्थ्यो, तर उहाँको लागि त्यो फिक्का देखिन्थ्यो। उहाँहरू जसरी नै आफू पनि त्यसमा रमाउन प्रयास गर्नुभयो, तर सक्नुभएन। धेरै नोकरहरूसहित ठूलो महलमा बस्नु र रातो ज्याकेट लगाएर शिकार खेल्न निस्कनु उहाँको मनको इच्छाहरू थिए। घोडामा चढेर उच्च गतिमा सवार गर्ने अभिलाषा हड्सनमा थियो। यो दिउँसोको–सपनाहरू यद्यपि पूरा हुनै सक्दैनन्, र केही कुरा खोज्दै उहाँले एक

दिन मध्यान्ह बस्ने कोठामा जाँदा असन्तुष्ट भावनामा हुनुहुन्थ्यो।

किताब राखेको दराजमा केही चाखलाग्दो कुरा पाउँछु कि भनी खोज्नुभयो, तर केही पनि पाउनुभएन। कागजको खोल लगाएको डालोभरि भएको पुस्तिकाहरूतिर उहाँको ध्यान फर्क्यो, र त्यसबाट एउटा निकाल्नुभयो।

“यो के हो, मलाई थाहा छ,” भनी उहाँले मनमा सोच्नुभयो। उहाँको बुवाले सङ्कलन गर्ने कागजको खोल लगाएको सानो पुस्तिकाहरूको बारेमा उहाँलाई थाहा थियो। उहाँको बुवाले भन्नुहुन्थ्यो, “यसमा सुरुमा एउटा रोचक कथा हुन्छ, र अन्तचाहिँ एउटा नैतिक शिक्षा अथवा प्रचारमा हुन्छ।” त्यो रोचक कथालाई पढ्ने र बाँकीलाई छोडिदिने निर्णयसहित त्यसमध्येमा एउटा बोकेर, बहिनीहरूको उपद्रोबाट टाढा रहनको लागि, घरको पछाडि भएको गोदामतिर जानुभयो।

त्यही नै समय उहाँकी आमा ७० माइल टाढा एक ठाउँमा आफ्नो ओछ्यानको छेउमा घुँडा टेकेर एउटा अनौठो प्रकारको तीव्रता र गम्भीरतासहित प्रार्थना गर्दै हुनुहुन्थ्यो भन्ने कुरा उहाँलाई थाहा थिएन। छ हप्ता अघि उहाँको सानो १३ वर्षकी बहिनी अमेलियाले दाइको मन परिवर्तन नहुञ्जेल दिनमा तीन पल्ट प्रार्थना गर्ने भन्ने निर्णय गरेकी थिई भन्ने कुराको बारेमा पनि उहाँलाई केही थाहा थिएन। उहाँलाई चाहेको कुरा पनि त्यही नै थियो। परमेश्वरको बारेमा उहाँमा एउटा मनको परिवर्तन हुन आवश्यक थियो। उहाँले तिनलाई भन्नुभएको थियो, कि परमेश्वरको बारेमा आफू पक्का छैन, र यसैले आफू निराश छु। साथै एक जना परमेश्वर हुनुहुन्छ भन्ने कुरामा आफू पक्का छैन भनी भन्नुभएको थियो।

परमेश्वरप्रतिको विश्वासमा आफू बलियो हुँदा दाइको यो अवस्थालाई निरन्तरता पाउन दिनुहुँदैन भनी अमेलियाले महसुस गरिन्। परमेश्वरको बारेमा आफूले गरेको विवादहरू जति पत्यार लाग्ने र निर्णयात्मक आफूलाई लागे तापनि त्यस्तै उहाँलाई लागेको जस्तै देखिएन, अतः परमेश्वरले मात्र हड्सनको मनलाई बदल्न सक्छ भन्ने निर्णयमा आइपुगिन्। यसैले नै त्यो नहुञ्जेल दिनमा तीन पल्ट प्रार्थना गर्ने निर्णय तिनले गरेकी थिइन्, र त्यसलाई दैनिकीमा लेखी पनि राखिन्। उमेरमा सानो भए तापनि निर्णय गरेको कुराहरूलाई पूरा गर्ने

TOG Mission

परिपक्वता तिनमा थियो, र दिनमा तीन पल्ट प्रार्थना गर्ने निर्णयलाई तिनले त्यागिनन्।

यी सबै कुराको बारेमा थाहा नभएको अवस्थामा हड्सन त्यो सानो पुस्तिकालाई हातमा बोकेर गोदाममा बसिरहनुभएको थियो। त्यो सानो पुस्तिका पढ्दा नै जीवनप्रति भएको उहाँको धारणा पूर्ण रूपमा बदलियो। उहाँले नसोचेको समयमा अचानक उहाँको आँखा खोलियो, र बाल्यकालदेखि परमेश्वर र येशू ख्रीष्टको बारेमा आफूले सुन्दै आएको कुरा सत्य हो भनी उहाँको मनमा लाग्न थाल्यो। परमेश्वर साँचो हुनुहुन्छ, येशू ख्रीष्ट उहाँको पुत्र हुनुहुन्छ र उहाँ पापीहरूको लागि मर्नुभयो। उहाँ फेरि पुनर्जीवित हुनुभयो, र स्वर्गमा जीवित हुनुहुन्छ, र उहाँ पृथ्वीमा हुने सबै कुरा देख्न सक्नुहुन्छ – आफू बसिरहेको पनि उहाँले देख्न सक्नुहुन्छ! उहाँ सारा संसारको पापको लागि मर्नुभयो, यसैले हड्सन टेइलरको पापको लागि पनि मर्नुभयो। उहाँलाई विश्वास गर्ने हरेकलाई अनन्त जीवन दिने प्रतिज्ञा दिनुभएको छ – यसैले उहाँले हड्सन टेइलरलाई पनि अनन्त जीवनको प्रतिज्ञा दिनुभएको छ। उहाँ प्रार्थना सुन्नुहुन्छ, तसर्थ उहाँ हड्सन टेइलरको प्रार्थना पनि सुन्नुहुन्छ।

कति उल्लेखनीय कुरा! पहिले धेरै कुरालाई सुन्नु भए तापनि अहिले मात्र यो कुरा उहाँको मनमा उदय भयो। घण्टौँदेखि गर्न नसकिरहेको गणितको एउटा हिसाबको समाधान अचानक सजिलोसित आफूले देखेको जस्तो हड्सनले महसुस गर्नुभयो – उहाँ अहिले छुटकारा र प्रकाश पाएर जोशिलो हुनुभएको छ। सबै कुरा अहिले फरक देखियो। निराशाको त्यो गह्रौँ भारी, र आफूले गरेको गल्तीलाई एक दिन पत्ता लगाइन्छ भन्ने एउटा अप्ठ्यारो महसुस यी सबै हरायो। उहाँले स्वतन्त्र भएको महसुस गर्नुभयो। त्यो यति असल अनुभव थियो, कि त्यो सधैँ रहँदैन जस्तो उहाँलाई लाग्यो।

तर त्यो सधैँको लागि रहिरह्यो। साढे तीन वर्षपछि बस्ने कोठामा आगो ताप्दै बसिरहेको हड्सनले त्यो रहिरहेको अनुभव गर्नुभयो। त्यो मध्यान्ह पछाडिको साढे तीन वर्षहरू महत्त्वहीनको भएन र सजिलो पनि भएन। ती समयहरूमा उहाँले कहिल्यै सामना नगरेको कठोर परिस्थितिहरूलाई सामना गर्नुपर्ने भयो, तर नदेखिने उहाँको आत्मिक संसारमा एउटा आनन्द ल्याउने साहसले काम

गरिरहेको अनुभव सधैँ रहिरह्यो। परमेश्वरले आफ्नो प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने कुरा थाहा पाउनु र कहिल्यै जान नसकिने ठाउँहरूमा परमेश्वरले आफूलाई अन्वेषण गर्न लानुहुनेछ भन्ने कुराहरूले ल्याउने उत्साह बर्न्सले र त्यो जिल्लामा घोडामा चढेर उच्च गतिमा शिकार खेल्न जानु भन्ने कुराभन्दा अति नै ठूलो थियो। दोषी भएको भावनालाई हटाउने साधारण रहस्य उहाँलाई थाहा थियो। उहाँले सधैँ नै जुन कुरा असल छ भनी आफूलाई थाहा छ त्यही कुरा मात्र गर्नुहुन्थ्यो। कतै अनजानमा गल्ती गर्नुभयो भने तुरुन्तै त्यसलाई परमेश्वरको अगाडि स्वीकार गरिहाल्नुहुन्थ्यो, जसले पापलाई स्वीकार गर्दा त्यसलाई क्षमा दिने प्रतिज्ञा गर्नुभएको छ। हो, त्यो मध्यान्हको अनुभव सधैँको लागि रहिरह्यो।

बर्न्सलेमा बिताएको हप्ताहरू छिटो बित्यो, र ताजा पारिएको स्वस्थपन र आत्मासहित हड्सनले लण्डनतिर आफ्नो नजर फर्काउनुभयो। न्यानोपन र प्रेमले भरिएको घरबाट बिदा लिनु धेरै दुःख लाग्ने कुरा थियो। एकलै एकान्त बाटोमा हिँड्नु र साथीहरूको सहायताविना कमजोरीपना र कठोर परिस्थिति हुँदै जानु भनेको के हो भन्ने कुरालाई उहाँले आफ्नो अनुभवबाट बुझ्न थाल्नुभएको थियो। तर आत्मनिर्भरतामा बढ्नको लागि योभन्दा असल बाटो अरू के छ र? अग्रगामी मिशनरी सेवाको लागि पुरुषहरूको आवश्यकता थियो – आफूलाई बचाउन खोज्ने कमजोरीहरू होइन। बाल्यकालदेखि नै नरम भावनासहित हुर्किनुभएको हड्सनले अग्रगामी मिशनरी बन्ने निर्णय गर्नुभएको थियो, र यसैले त्यो वचनअनुसार नै त्यो पुरुष बन्नुपरेको थियो।

तर उहाँको आमा–बुवा अरू आमा बुवा जसरी नै उहाँ त्यसरी पुरुष बन्ने कुरालाई चाहनुभएन, किनभने सो गरेकोमा उहाँ फेरि पनि त्यही स्याउ, पाउरोटी साथ पानी लिने भन्ने आहारमा फर्किनुपरेको हुन्छ। यथार्थमा भन्नुपर्दा त्यो बाटोतिर उहाँ जान सक्नुहुन्छ भनी उहाँहरूलाई लागेन। हड्सन आफैले पनि त्यो एउटा प्रश्न नै हो भन्ने कुरालाई स्वीकार गर्नुभयो। सोहोमा बोर्डिङ हाउसमा बसेर आफ्नो भोजन आफैले किनेर खानुको सट्टामा उहाँ एउटा चिकित्सकको सहयोगी भएर काम गर्ने र एउटा परिवारसँग बस्ने भन्ने निर्णय भयो। उहाँले त्यही नै गर्नुभयो, बिहान अस्पतालमा पढ्नको लागि कक्षामा जानुभयो, र दिउँसो खाना पछाडिदेखि राति नौ बजेसम्म उहाँलाई काममा नियुक्त गरेको चिकित्सकलाई सघाउनुभयो, र त्यसपछि बाँकी समय पढ्न प्रयोग गर्नुभयो।

यो कठिनाइपूर्ण जीवन थियो, तर पनि उहाँ खुशी हुनुहुन्थ्यो। असल भोजन र आरामदायी घरले उहाँको आत्मामा भिन्नता ल्यायो। पछिल्लो छ महिनामा औषधि उपचारसम्बन्धी अति उपयुक्त ज्ञान र मानव स्वभावको बारेमा थाहा पाउनु मात्र नभएर आफूले प्रार्थना गरेको सबै कुरामा परमेश्वरले सहायता गर्नुहुन्छ भन्ने अति महत्त्वपूर्ण कुराको थप प्रमाणहरू पनि उहाँले पाउनुभयो।

एउटा उल्लेखनीय उदाहरणचाहिँ खुट्टा कुहिएको एउटा मानिसको घटना थियो। त्यो मानिस एउटा कठोर मतवाली थियो, र अहिले मृत्युको ओछ्यानमा थियो र त्यो कुरा उसलाई थाहा पनि थिएन। ऊ बसोबास गर्ने घरमा हड्सन पुग्दा अरूले भने, "धर्मको बारेमा ऊसँग बोल्नु व्यर्थ हो, ऊ एउटा नास्तिक हो र धर्मको बारेमा ऊ अलिकति पनि सुन्न चाहँदैन। हामीले एक पल्ट धर्मशास्त्र पढेर सुनाउनको लागि एक जनालाई बोलाएका थियौँ, तर यो मानिस आफ्नो रिसको उच्चमा पुग्यो र त्यो मानिसलाई तुरुन्तै कोठाबाट निस्कनु भनी करायो।" मण्डलीको पास्टरलाई पनि बोलाएको थियो, तर उहाँ पनि दोधारमा परेर निस्कन बाध्य हुनुभयो, किनभने यो दुर्बल मानिसले उहाँको मुखमा थुक्न सक्ने गरी मात्र नजिक आउन दियो।

हड्सनलाई त्यो मानिसको खुट्टाको घाउहरूमा औषधि लगाइदिन बोलाउँदा कुस्ती खेल्ने मानिस मञ्चमा जान लागेको जस्तै अनुभव गर्नुभयो। परमेश्वरले उसको पापलाई क्षमा गर्नुहुन्छ र उडन्ता पुत्रलाई जसरी स्वीकार गर्नुहुन्छ भन्ने कुरालाई तिनलाई बताउनुपरेको थियो, किनभने ऊ मर्न लागेको थियो। उनलाई यो संसार अथवा आउने संसारमा परमेश्वरविना के आशा छ त? यो कुरालाई अगाडि राख्नको लागि हड्सनले असल समयको लागि पर्खिरहनुभयो। उसको रिसालु र विद्रोही स्वभावमा अलिकति परिवर्तन आउनुभन्दा अगाडि यस कुरालाई उठाउनु अझ नराम्रो समस्या ल्याउँछ। त्यो मानिसको खुट्टाको उपचार गर्दा हड्सनले विशेष ध्यान दिनुभयो, र केही दिनसम्म धर्मको बारेमा केही पनि कुरा गर्नुभएन। तर त्यो मानिसलाई हड्सनले सधैँ सम्झिरहनुभयो, र ऊप्रति आफू जिम्मेवारी भएको महसुस गर्नुभयो र उसको लागि दिनमा धेरैपल्ट प्रार्थना गर्नुभयो। "परमेश्वरद्वारा प्रार्थनामार्फत मानिसहरूलाई प्रभाव पार्न सिक्नुपर्छ।" कठोर हृदयलाई नरम पार्न उहाँले गर्ने प्रार्थनाहरू यहाँ बेलायतमा परिणाम ल्याएको प्रमाण भेट्टाएन भने, उहाँले चीनमा सफलतापूर्वक सो गर्ने आशा राख्नु

TOG Mission

मुस्किलै हुन्छ।

क्रमशः त्यो मानिसको स्वभावमा परिवर्तन आयो। पहिलो हड्सनप्रति उसको व्यवहार बदलियो। औषधि उपचारसम्बन्धी पढिरहेको जवान विद्यार्थीले ध्यानसित र दक्षतापूर्वक तिनको खुट्टाको उपचार गर्नुभयो, जसद्वारा उसको दुखाइ एकदम कम भयो, र तिनले उहाँप्रति धन्यवादी भएको महसुस गरे। तिनले त्यो कुरालाई व्यक्त गर्नेसम्म पनि पुगे। यही मौकाको लागि हड्सनले पर्खिरहनुभएको थियो। आफू कसरी आफ्नो सबै उपचारसम्बन्धी कामको लागि परमेश्वरमाथि भरोसा राखिरहेको छु भनी त्यो मानिसलाई बुझाउनुभयो, र त्यसपछि सबैको जीवनमा चाहेको परमेश्वरको क्षमा र दयाको बारेमा बताउन अगाडि बढ्नुभयो।

धर्मशास्त्र पाठ गर्ने व्यक्ति अथवा पास्टरले यसो गरेको भए त्यो मानिसले तुरुन्तै रोकिदिन्थ्यो होला। तर आफ्नो दुखाइलाई कम गर्न सक्ने चिकित्सक भएकाले त्यो मानिसले आफ्नो रिसलाई निले र एक शब्द पनि नबोलीकन भित्तापट्टि फर्के, र हड्सन त्यहाँबाट निस्केर जानेसम्म भित्तालाई हेरिबसे। हड्सनको लागि यो उत्साहित तुल्याउने खालको थिएन, तर असल बाटोमा चलाएको कदम थियो। भोलिपल्ट पनि हड्सनले त्यो विषयलाई ल्याउनुभयो – परिणाम हिजोकै थियो। धेरैपल्ट यसो गरिसकेपछि हड्सन निराश हुन थाल्नुभयो। यसो गरी बस्नुमा के लाभ छ होला? भएको जस्तो देखेन! एक दिन उहाँ धेरै निराश हुनुभयो, तर त्यो मानिसको बारेमा धेरै चिन्तित हुनुभयो, जो रिसालु स्वभावको भए तापनि, प्रायः हड्सनको सम्झनामा रहन्थ्यो, यसैले केही बोल्ने मन गर्नुभयो र उहाँको आँखाबाट आँसु आउन थाल्यो।

उहाँले भावनाले भरिएर भन्नुभयो, “हे मेरा प्रिय मित्र, तपाईंले सुन्नुपर्छ! तपाईंसित प्रार्थना गर्ने अनुमति मलाई दिनुभयो भने कति असल हुन्थ्यो!” भन्दै त्यो मानिसको ओछ्यानतिर हिँड्नुभयो। हड्सन पहिलेकै परिणाम आउँछ भन्ने विचारसहित चिन्तित आवाजमा बोल्नुभयो, तर त्यो मानिसले पहिलेको जस्तै गरेन। चिन्तित भएको चिकित्सकलाई त्यो मानिसले देखे, जो केही कुराले निराश भएको स्पष्ट देखिन्थ्यो र भने, “ठीक छ, यदि तपाईंलाई त्यो कुराले शान्ति मिल्छ भने गर्नुहोस्।”

यो एउटा उत्साह ल्याउने अनुरोध थिएन, तर हड्सनलाई त्योभन्दा बढी केही चाहेको थिएन। उहाँले घुँडा टेक्नुभयो र आँखा बन्द गरेर उच्च स्वरले प्रार्थना गर्नुभयो। ओहो, यो प्रिय मानिसको आँखालाई परमेश्वरले खोलिदिनुभयो भने ! ओहो, ताकि यो मानिसले परमेश्वर साँचो हुनुहुन्छ, र येशू ख्रीष्ट यसको पापको खातिर पर्खिरहेको दण्डबाट यिनलाई बचाउन मर्नुभयो, र क्षमा आफूले माग्दा नै पाइन्छ भन्ने कुराहरूलाई यो मानिसले थाहा पाउँदा कति असल हुन्छ।

त्यो मानिस शान्त रूपमा सुतिरहेको थियो र त्यति बेला केही जवाफ पनि दिएन, तर तिनको जीवनको लागि महत्त्वपूर्ण घडी त्यही नै भयो। त्यसपश्चात् हड्सनले तिनीकहाँ परमेश्वरको बारेमा बोल्दा तिनी भित्तापट्टि फर्केनन्। यो जवान मानिसले आफूलाई बताइरहेको कुराहरू सत्य हो भन्ने कुरालाई तिनले महसुस गर्न थाले। यदि सत्य हो भने, किन विश्वास नगर्ने? किन? यसैले एक दिन आयो, जुन दिनमा हड्सन आनन्दसाथ आफ्नो बिमारीको कोठाबाट निस्कन पाउनुभयो। आफ्नो विवाहको लागि मण्डलीमा गएकोदेखि चालीस वर्षसम्म मण्डली भवनभित्र नपसेको तितोपनले भरेको कठोर हृदय भएको त्यो वृद्ध मानिस, अहिले ओछ्यानमा लडिरहेको हुँदा श्रद्धासाथ प्रार्थनाको लागि आँखा बन्द गरे, र परमेश्वरलाई प्रार्थना गर्न सिक्न थाले।

अध्याय

# बाधाहरूको सामना

# ६

सेप्टेम्बर ९ सन् १८५३, जहाज अगाडि बढ्न लाग्यो, जहाजमा चढ्नुपर्ने अन्तिम मानिस आत्तुरीसँग दौडेर माथि चढिसकेपछि भऱ्याङ हटाइयो, र जहाज बिस्तारै अगाडि बढ्न लाग्यो। जहाजको छतमा हड्सन एकलै उभिरहनुभएको थियो, आफूलाई बिदा दिन आएका थोरै मानिसहरूलाई देखेर हात हल्लाउँदै हुनुहुन्थ्यो। उहाँको नजर उहाँकी आमामाथि अडिग भएको थियो। प्रिय, नरम र इमान्दार आमा। उनी बलियो रहन प्रयास गरेकी थिई, तर कोठामा हड्सनको बक्सामा लुगाहरू मिलाउँदा, हड्सनले तिनलाई रोइरहेकी भेट्टाउनुभएको थियो। तिनी एक छिन अघि अन्तिम पल्ट बिदा दिएर जहाजदेखि अलिकति पर गइसकेपछि बेहोस हुन लागेको जस्तो भएर त्यहाँ रहेको एउटा पुरानो काठमाथि बसिन्। जहाजबाट हड्सन ओर्लेर दौडेर आएर फेरि तिनलाई एक पल्ट अँगालो मारेर उत्साह दिएर फर्किनुपरेको थियो।

उहाँले त्यति बेला भन्नुभयो, "मेरी प्रिय आमा नरुनु। यो थोरै समयको लागि मात्र हो; हामी फेरि भेट्नेछौँ।" तर उहाँ आत्तुरीसँग तिनलाई छोडेर जहाजमा चढ्नुपरेको थियो। तिनी अहिले आफ्नो रुमाल हल्लाउँदै उभिरहेकी थिइन्। तिनको दृश्यलाई गुमाउन नचाहेर हड्सनले अचानक जहाजमा रहेको पाल बाँध्ने खम्बामा चढ्नुभयो, ताकि उहाँले तिनलाई अझ स्पष्टसँग देख्न सक्नुहुन्छ। हल्लिरहेको डोरीहरूको बीचमा एक हातले बलियो गरी खम्बालाई समातेर अर्को हातले  आफ्नो टोपी खोलेर जोरले हल्लाउनुभयो। आमा कतै यसो गर्दा उत्साहित बन्नुहुन्छ कि भनेर उहाँले सो गर्नुभएको थियो। उहाँको टाउकोमाथि जहाज चल्नको लागि चाहेको पालहरू फरफराइरहेको थियो, र खम्बाहरू हल्लिरहेको थियो। किनारमा रहेको त्यो प्रिय आमा सानो हुँदै गएकी जस्तै देख्यो , र तिनको रुमाल अझै सानो।

"हो..." ठूलो रुवाइको यो आवाज सुन्दा हड्सनले आफ्नो टोपी हल्लाउन छोड्नुभयो। त्यो उहाँकी आमाको आवाज थियो। जहाज अहिले बन्दरगाहको प्रवेशद्वार छोडेर अथाह समुद्रमा गयो, तिनको एक मात्र छोरालाई अज्ञात भूमिमा पुऱ्याउन बोकेर गयो। यो साँच्चै नै एउटा महत्त्वपूर्ण बिदाइ हो। त्यो चिच्च्याइको आवाज हड्सनको हृदयमा छुरीजस्तै पस्यो। तिनले कति ठूलो मूल्य तिर्नुपर्ने भयो ! तिनले उहाँले भन्दा बढी पीडा सहनुपरेको थियो। हड्सनको मुटुले यसलाई थाम्न सकेन।

जहाज गति लिन थाल्यो र किनारमा भएकाहरूलाई उहाँले अहिले चिन्न सक्नुभएन। त्यो धमिलो मौसममा तिनलाई फेरि देख्नको लागि आफ्नो आँखालाई धेरै बोझ दिनुभयो, र अब सकिँदैन भन्ने कुरा थाहा पाइसकेपछि, त्यो चिच्च्याइको आवाज आफ्नो कानमा गुञ्जिरहेको हुँदा तल ओर्लिनुभयो। उहाँको मनमा एउटा नयाँ विचार आउन थाल्यो। आफूलाई चीन पठाउन आमाले यति ठूलो मूल्य चुकाउनुपर्छ भने, मानवको पापको लागि आफ्नो एक मात्र पुत्रलाई संसारमा मर्न पठाउँदा परमेश्वरलाई कति ठूलो मूल्य चुकाउनुपर्थ्यो होला? परमेश्वर एउटा बुवा हुनुहुन्न थियो? येशू ख्रीष्ट उहाँको एक मात्र जन्माइएको पुत्र होइन र? कसै गरी, तर हड्सन र उहाँकी आमाको बीचमा भएको बिछोड भन्ने बलिदानले अझै उहाँलाई परमेश्वरको नजिक ल्यायो, र परमेश्वरको प्रेम के हो भनी बुझ्न सहायता गऱ्यो। परमेश्वरले प्रेम गर्नुहुन्थ्यो, यसैले यस्तो प्रकारको पीडा कस्तो हुन्छ भनी उहाँलाई थाहा छ। आफ्नो पीडाको बीचमा हड्सन ओर्लेर तल आफ्नो सुत्ने कोठामा जाँदा अनौठो तरिकाले बलियो भएको अनुभव गर्नुभयो।

त्यो चार सय सत्तरी टन वजन भएको सानो जहाज 'डम्फ्रैस' मा हड्सन टेइलर एक जना मात्र यात्री हुनुहुन्थ्यो, र पाँच अथवा छ महिनापछि शाङ्घाई पुगिन्छ भनी उहाँलाई बताइएको थियो। त्यति बेलाको समयहरूमा स्वेज नहर(Canal) नभएकाले त्यो सानो जहाजले दक्षिण-अफ्रिकाको वरिपरि हुने विशाल छालहरूलाई पार गर्दै प्रशान्त महासागरमा हुने आँधीहरू हुँदै आफ्नो गन्तव्यमा पुग्नुपरेको थियो। एउटा लामो समुद्री यात्रामा, सुरुको दस दिनहरू नै चाहिँदो खतरा र उत्साहले भरियो, जुनचाहिँ उहाँको यात्राभरिलाई पुग्नेजस्तो थियो। 'डम्फ्रैस' जहाज ऐरिस जल पदमा आइपुग्दा नै बलियो तुफानको मुखमा

TOG Mission

पऱ्यो, र दिनौँहरू आँधीले लगेको बाटोमा गइरह्यो। हड्सनलाई यस्तो केही कुरा थाहा नै थिएन, र नाविकको जीवनको बारेमा उहाँले बोक्नुभएको कल्पनालाई यसले बदलिदियो। जहाजको खम्बाहरूले चरचर आवाज निकाल्न थाले, समुद्रको पानी हड्सन सुत्ने कोठासम्म आइपुग्यो, र उहाँको लुगाहरू ओसिएको र लेस्याइलो भयो। दिन–रात बित्यो, र तुफान अझै बढ्दै गएकोजस्तै देखियो, र आइतबारको मध्यान्ह समुद्रको छालहरू पहाडजस्तै माथि उठ्न थाल्यो।

जहाजको छतमा हड्सन उभिनको लागि धेरै लड्नुपरेको थियो, र जहाजको एकपट्टि भागलाई समातेर आफ्नो वरिपरि भइरहेको डरलाग्दो दृश्यहरूलाई हेर्नुभयो। समुद्र अहिले फिँजले सेतो भइसकेको थियो र छालहरू पहरोहरू झैँ डम्फ्रैसभन्दा माथि उठेर एक पछि अर्को गरेर आइरहेको थियो। जहाज यी सबैको बीचमा तड्पिरहेको थियो। अब जहाज डुब्छ होलाजस्तै देख्ने बेलामा जहाज खतरापूर्ण तरिकाले यतापट्टि ढल्किन्थ्यो, र जहाजको त्यो चिप्लो छतमा हड्सन सीधा उभिन पनि गाह्रो थियो। पहरोजस्तै भएको छालमा जहाज चढ्थ्यो र फेरि पनि छाल जाँदा गहिराइमा पुग्थ्यो। उहाँले अगाडि हेर्दा अर्को एउटा ठूलो जहाजको पछाडिको भागलाई देख्नुभयो, जुन पनि समुद्रको तुफानमा परेर तड्पिरहेको थियो, र अर्को एउटा सानो जहाजलाई पनि देख्नुभयो। उहाँहरू सबै सहाराहीन हुनुहुन्थ्यो, र पानीको छालहरूले सबै जहाजहरूलाई एक–अर्कासँग ठोक्कायो भने, उहाँहरू सबै केही गर्न नसक्ने अवस्थामा हुन्छन्।

जहाजको कप्तान उहाँको नजिकै उभिरहनुभएको थियो। उहाँको नजर पनि समुद्रमाथि अडिग भएको थियो र उहाँ चिन्तित हुनुहुन्थ्यो। यस्तो डरलाग्दो समुद्रलाई कहिल्यै देखेको छैन भनी उहाँ आफैले पनि स्वीकार गर्नुभयो, साथै भन्नुभयो, "परमेश्वरले सहायता गर्नुभएन भने हाम्रो लागि आशा छैन।"

हड्सनले सोध्नुभयो, "वेल्श (Welsh) समुद्री तटबाट हामी कति टाढा छौँ?" वेल्श समुद्री तटको भागहरूमा समुद्र चट्टानहरूले भरिएकाले खतरापूर्ण थियो।

कप्तानले भन्नुभयो, "पन्ध्र अथवा सोह्र माइल।" पश्चिमतिर हावा लागिरहेकोले तिनीहरूलाई त्यतातिर लगिरहेका थियो। "हामीले अझै पालहरू थप्नुपर्छ होला। जति बढी पाल थप्छौँ त्यति कम हामी बग्छौँ। तर खम्बाहरूले

थाम्नुपर्छ, परमेश्वरले नै सहायता गरून्!" थाम्न नसकेर खम्बाहरू भाँचियो भने के गर्ने? तर जोखिम मोल्नै परेको थियो, किनभने उहाँहरूको जीवन नै जोखिममा थियो। कप्तानले अझै दुइटा पाल थप्नको लागि आदेश दिए।

जहाज अझै तीव्र गतिमा अगाडि बढ्न थाल्यो, र एकपट्टि ढल्कियो, बेला–बेलामा छाल जहाजको बार नाघेर आयो। बेलुकी भयो, सूर्य कालो बादलहरूको पछाडि डुब्न थाल्यो; त्यसलाई हेरिरहेको हड्सनले सोच्नुभयो, "भोलि सदा जस्तो उदय हुन्छ कि। तर एउटा अद्भुत काम भएन भने छालमा तैरिरहेको भाँचेको दुई–चार वटा काठको टुक्राहरू मात्र बाँकी रहन्छन्।" उहाँ त्यसरी डुब्नुभयो भने उहाँको परिवार कति दुःखित हुन्छ होला। उहाँको यात्राको लागि सय पाउण्ड खर्च गरेको चाइनिज एभाञ्जलइसेसन सोसाइटीको लागि त्यो कति घाटा हुन्छ होला। खतरापूर्ण यो पानीमा डुब्नुभन्दा अगाडिको लडन्त कस्तो हुन्छ होला? यो पीडादायक सोच थियो। हड्सनले चिसोपन र एकलोपनको अनुभव गर्नुभयो, र तुफानको गर्जन र आफ्नो मुहारमा परिरहेको पानीको बीचमा अँध्यारो हुँदै जाँदा उहाँ डराउनुभयो। उहाँ लरखराउँदै बिस्तारै भऱ्याङ हुँदै आफ्नो कोठामा जानुभयो। आफ्नो भजन–किताब र बाइबल लिएर बसेर पढ्न थाल्नुभयो।

"तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर।" यो परिचित शब्दहरूलाई पढ्दा उहाँले यति शान्तिको अनुभव गर्न थाल्नुभयो, र उहाँको मन शान्त भयो। हल्लिरहेको जहाजमा झुण्ड्याएको बत्तीले चाहिँदो ज्योति नदिएको हुँदा, आँखा थाक्ने बेलासम्म पढिरहनुभयो, त्यसपछि त्यहाँ नै सुत्नुभयो।

उहाँ बिउँझँदा समय मध्य–रातको नजिक थियो, जहाज अहिलेसम्म जोडले हल्लिरहेको थियो, र आँधीको गर्जन कम भएको थिएन। त्यो चट्टानले भरेको समुद्री भागबाट र जमिनदेखि कति टाढा तिनीहरू थिए? हड्सन हेर्नको लागि छतमा जानुभयो। जूनको उज्यालो चम्किरहेको पानीको पारिपट्टि उहाँले बत्ती देख्नुभयो। त्योचाहिँ होलिहेड (Holyhead) दीप गृह (लाइट हाउस), जसले जहाजहरूलाई धेरै नजिक आउनुबाट रोक्नको लागि चेतावनी दिइरहेको थियो। हड्सन कराउनुभयो, "हामी त्यसको नजिक जानुबाट उम्कन सक्छौँ त?"

उहाँको आवाजलाई तुरुन्तै हावाले उडाएर लग्यो।

कप्तान कराउनुभयो, "हामी गइरहेको दिशाबाट फर्केनौँ भने सक्छौँ, तर फर्क्यौं भने परमेश्वरले नै हामीलाई सहायता गरून्।"

तर जहाज फर्क्यो। जहाज त्यो बत्तीको झन्-झन् नजिक हुँदै गएको उहाँहरूले सहायताहीन हेरिरहनुभयो। हड्सनले फेरि कराएर सोध्नुभयो, "यो गतिमा बगाइँदा जहाज त्यहाँ पुग्नको लागि कति समय लाग्छ? हामीलाई दुई घण्टाभन्दा बढी बाँकी छ त?" कप्तानले जवाफ दिनुभयो, "हुन सक्दैन होला, दुई घण्टाभन्दा कम नै लाग्छ।"

हड्सन आफ्नो कोठामा ओर्लनुभयो र आफ्नो बुवा-आमा र बहिनीहरूलाई सम्झिँदा उहाँको आँखाबाट आँसु बग्न थाल्यो। फेरि उहाँहरूलाई पृथ्वीमा भेट्न सकिँदैन। जहाज डुब्दा उहाँलाई के भयो भनी थाहा नपाएर उहाँहरू दुःखित हुन्छन्। उहाँको शरीरलाई भेट्टाउँदा उहाँलाई चिन्न सकियोस् भन्ने विचारले आफ्नो गोजीमा राख्ने कापी निकालेर आफ्नो नाम र ठेगाना स्पष्ट देख्ने गरी लेखिराख्नुभयो। अब समुद्रमा परे पनि नडुब्नको लागि के गर्न सकिन्छ भनेर वरिपरि हेर्नुभयो, बाँच्ने आशा उहाँले पूर्ण रूपमा त्याग्नुभएको थिएन। तैरिन्छ जस्तै उहाँलाई लागेको एउटा डेली देखेर त्यसलाई बोकेर छतमा जाने निर्णय गर्नुभयो, र जहाज डुब्दा त्यसलाई बलियो गरी पक्रिराख्ने सोच बोक्नुभयो। जमिनसम्म पुग्न सक्यो भने, काम लाग्ने खालको केही चिज त्यसमा हाल्नुभयो र त्यसलाई बोकेर गाह्रोसित छतमा जानुभयो।

सधैँ मनमा प्रार्थना गरिरहनुभयो। अर्थपूर्ण तरिकाले वाक्य बनाउनु असम्भवजस्तै उहाँलाई लागिरहेको थियो, किनभने उहाँको मनमा ठूलो गोलमाल भइरहेको थियो। तर आफूहरूलाई बचाउन आफ्नो पिता परमेश्वरप्रति बिन्ती शान्त रूपमा उहाँको मनबाट भइरहेकै थियो। जूनको चम्किलो ज्योतिमा उहाँले फिँजले सेतो भएको समुद्रलाई देख्नुभयो, जमिन र त्यो चट्टानहरू सय मिटर जति मात्र अगाडि छ जस्तो देखिन्थ्यो।

नाउहरूलाई नओर्लाएको देखेर आश्चर्य मानेर सोध्नुभयो, "यस्तो समुद्रमा

नाउहरूले थाम्छ ?"

"थाम्दैन।"

"केही सामग्रीहरूलाई जोडेर एउटा डुङ्गा बनाउन सकिन्छ कि ?" भनी हड्सनले सल्लाह दिनुभयो।

"समय छैन।" भनी कप्तान अचानक केही निर्णय लिएको जसरी त्यहाँबाट जानुभयो।

उहाँले भन्नुभयो, "हामीले जहाजलाई फर्काउन प्रयास गर्नुपर्छ, होइन भने सबै सिद्धियो।"

उहाँहरू सोझै अगाडि भएको जमिनतिर गइरहेको जस्तै देखिन्थ्यो। "हामीले यसलाई समाधान गर्नुपर्छ... फर्काउँदा समुद्रको पानी छतभरि बग्न सक्छ, र सबै कुरालाई बगाउन सक्छ... तर हामीले प्रयास गर्नुपर्छ !" भनी कप्तानले भन्नुभयो, र सो गर्ने आदेश दिनुभयो। जहाजलाई फर्काउने प्रयास असफल भयो, आँधी र छालको शक्ति बलियो थियो।

TOG Mission

निराश भएर कप्तानले जहाजलाई अर्कोपट्टि फर्काउने प्रयास गर्नुभयो। सो गर्दा खतरापूर्ण तरिकाले चट्टानहरूको नजिक जानुपरेको हुन्छ, तर पालमा हावाको बल पर्‍यो भने उहाँहरूले त्यो भागलाई पार गर्ने सम्भावना पनि छ। सबै मानिसहरूको आँखा त्यो चट्टानमाथि अडिग रह्यो, जसमा फिँजले भरिएको छाल ठोकेर कयौँ फुटहरू माथि उठिरहेको थियो। जहाज त्यहाँबाट उम्किन सक्छ त ?

उहाँहरू र चट्टानको बीचमा दुई जहाज दूरी मात्र बाँकी थियो र जहाजले आफू गइरहेको दिशालाई छोड्यो भने थोरै समयमा टुक्रा–टुक्रा हुनेछ। जहाजको डोरीलाई समात्दै हड्सन लामो सास फेर्दै हेरिरहनुभयो। जहाज तड्पिँदै माथि उठ्दै तल झर्दै चट्टानलाई पार गर्न लाग्यो। हेर्दा हेर्दै पार गर्‍यो। अब उहाँहरू त्यो खतरापूर्ण तटबाट उम्कन सक्नुभयो भने बाँच्ने सम्भावना छ।

बलियो रूपमा उहाँहरूलाई ढकेलिरहेको हावाको दिशा अचानक उहाँहरूलाई मिल्ने गरी बदल्यो। हावाको दिशाको परिवर्तन एकदम थोरै थियो,

तर उहाँहरूलाई तटतिर जानुबाट फर्काउनको लागि त्यो नै चाहिँदो थियो। सोमवारको दिन बिहान सूर्य उदय हुँदा, हड्सन डराए जसरी जहाज टुक्रिएन, तर त्यो सानो जहाजमा उहाँहरू वीरताका साथ समुद्रमा अगाडि बढिरहनुभएको थियो।

TOG Mission

# अध्याय

# ७ यही नै चीन हो

सुरुको दिनहरूको खतरा र समस्याहरूपछि शान्त र न्यानो रहेको भागहरूमा जहाज प्रवेश गर्दा हड्सन धन्यवादी हुनुभयो। नुनिलो पानीले भिजेको उहाँको सामानहरू अन्तमा सुक्ने मौका पाए। हप्ताँहरू र महिनाँहरू सानो जहाज डम्फ्रैस महासागरमा यात्रा गरिरह्यो। अट्लान्टीक महासागर हुँदै अफ्रिकाको पश्चिमी तटहरूमा पुगेर त्यहाँबाट हिन्द महासागरलाई पार गरेर अस्ट्रेलियादेखि एक सय बीस माइल दूरीमा दक्षिण–पूर्वीय टापूहरूको बीचमा यात्रा गर्दै प्रशान्त महासागरतिर जहाज अगाडि बढ्यो। टापूहरूको बीचमा यात्रा गर्दा, तुफानमा पर्ने जति खतरा छ, त्यति नै खतरा समुद्र पूर्ण रूपमा शान्त रहँदा पनि हुन्छ भनी हड्सनले सिक्नुभयो।

जहाजको पालहरू धेरै दिनसम्म अलिकति पनि हावा नभएकाले खम्बाहरूबाट झुण्डिरहेको थियो। एक पल्टभन्दा बढी जहाज चौबीस घण्टामा सात माइल मात्र यात्रा गरेको थियो। वरिपरि रहेको उष्ण प्रदेशको ताडी रूखहरूले भरेको टापुहरू र छर्लङ्ग देखिने पानीमुनि खेलिरहेको माछाहरूको सुन्दरतालाई हेर्नुभन्दा पनि यात्रा कठिनाइपूर्ण र थकाइलाग्दो हुन थाल्यो। लिवर्पूलमा जहाजमा चढेकोदेखि पाँच महिना बितिसकेको थियो, र हड्सनले जहाजको हरेक डोरी र काठ चिनिसक्नुभएको थियो। सुख्खा जमिनमा खुट्टा टेक्न पायो भने उहाँ अति रमाउनुहुन्थ्यो।

एक आइतबार बिहान उहाँले जहाजको छतमा सेवा चलाइरहेको हुँदा, आफ्नो असल मित्र कप्तान चिन्तित भएको जस्तै देखिनुभयो। कप्तानले सदाभन्दा सेवामा कम ध्यान दिनुभयो। घरीघरी उठेर बारको छेउमा गएर शान्त पानीतिर हेरेर आउनुभयो। त्यति बेला थोरै पनि हावा लागेको थिएन; एक छिनमा सेवा सकियो र अरू चालकहरू आफ्नो काममा गए, हड्सन कप्तानसँग

एकलै उभिरहनुभएको थियो र उहाँको चिन्ताको कारण बुझ्ने मौका पाउनुभयो। पानीको प्रवाहले जहाजलाई समुद्री चट्टानहरू भएको दिशातिर लाँदै थियो, र पालमा हावा लागेन भने पानीको प्रवाहको विरोधमा जहाजलाई लान सक्दैन थियो।

कप्तानले भन्नुभयो, “हामी अहिले नै चट्टानहरूको एकदम नजिक आइसक्यौँ, आजको दिउँसोलाई हामीले सुरक्षित पार गर्न सक्छौँ कि, मलाई शङ्का लाग्छ।” सूर्य अस्ताउँदा सधैँ नै बतास लाग्न थाल्छ, तर त्यति बेलासम्म जहाज त्यो चट्टानहरू भएको ठाउँमा पुगेर बीचमा अड्किरहेको हुन्छ। एउटा नाउलाई ओर्लाएर जहाजलाई खतरापूर्ण ठाउँबाट तानेर उतापट्टि लानु नै एक मात्र आशा हो। नाउलाई ओर्लाएर चालकहरू सबैले पूर्ण बल लगाएर जहाजलाई उतापट्टि लान प्रयास गरे, तर सबै प्रयास व्यर्थ भयो। पानीको प्रवाह यति बलियो थियो, कि उहाँहरूले जहाजको दिशालाई बदल्न सक्नुभएन।

कप्तान हड्सनको छेउमा शान्त रूपमा उभिरहनुभएको थियो र भन्नुभयो, “हामीले गर्न सक्ने सबै गरिसक्यौँ, अब हामी पर्खिन मात्र सक्छौँ।”

अचानक हड्सनले केही सोच्नुभयो। सूर्य अस्ताइमा लाग्ने बतास अहिले लाग्यो भने उहाँहरू सबै बाँच्न सक्नुहुन्छ। हुरी–बतासमाथि उहाँहरूको केही शक्ति थिएन, तर परमेश्वरको थियो। परमेश्वरले त्यो बेलुकीको बतासलाई अलि चाँडो पठाउन सक्नुहुन्छ।

हड्सनले भन्नुभयो, “हामीले नगरेको एउटा प्रयास छ।”

कप्तानले सोध्नुभयो, “हो र, के हो त्यो?”

तिनीहरूले प्रार्थना गरेका थिएनन्। नगरेको प्रयास त्यही नै थियो। त्यो जहाजमा भएकाहरूमध्येमा चार अथवा पाँच जना मात्र परमेश्वरमाथि विश्वास गर्नेहरू थिए, र उहाँले प्रार्थना सुन्नुहुन्छ भनी विश्वास गर्थे। कप्तान शान्त रहँदा हड्सन अगाडि बढ्नुभयो, “हामी सबै आ–आफ्नो कोठामा जाऔँ, र परमेश्वरले त्यो बेलुकीको बतासलाई अहिले नै पठाऊन् भनी एक मनले प्रार्थना गरौँ। परमेश्वरको लागि त्यो बतासलाई बेलुकी पठाउनु जति नै अहिले पठाउनु पनि सजिलो छ।”

यो सल्लाह सुनेर कप्तान अलिकति छक्क पर्नुभयो, एक छिन आनाकानी गर्नुभयो, तर अन्तमा सहमत हुनुभयो। उहाँले भन्नुभयो, ठीक छ, त्यसै गरौँ। उहाँ आफ्नो कोठामा गएर प्रार्थना गर्न थाल्नुहुन्छ, र हड्सनले भण्डारे र स्विडेनको सिकर्मी दुवैलाई भेटेर उहाँहरूलाई पनि त्यसरी नै गर्ने सल्लाह दिने कुरा भयो। जहाजमा भएकाहरूमध्येमा परमेश्वरको भय मान्नेहरू यति नै थिए, र जहाजलाई बचाउन नगरेको अन्तिम प्रयासलाई गर्न गए।

हड्सनले आफ्नो कोठामा प्रार्थनामा थोरै समय मात्र बिताउनुभएको थियो, त्यति समयभित्र नै परमेश्वरले बतास पठाउनुहुन्छ भन्ने कुरालाई यति बलियो रूपमा महसुस गर्नुभयो, कि घुँडाबाट उठेर छतमा जानुभयो, र कप्तानमुनिको पहिलो अधिकृतलाई जहाजको मुख्य पाललाई खोलिदिन भनि भन्नुभयो।

पहिले अधिकृतले गिल्ला गर्दै सोध्नुभयो, "त्यसले के लाभ ल्याउँछ र?" त्यो कुरा ठीकै थियो, किनभने समुद्रको बारेमा केही थाहा नभएको जवान केटालाई भन्दा पाललाई कहिले खोल्ने भनी आफूलाई बढी थाहा छ भनी उहाँले ठान्नुभयो।

"हामीले परमेश्वरलाई बतास पठाउन प्रार्थना गऱ्यौँ, र त्यो अहिले नै आउँदैछ।"

पहिलो अधिकृतले झर्केर भन्नुभयो, "बतासको बारेमा सुन्नुभन्दा म त्यो आएको देख्न चाहन्छु।" तर स्वाभाविक रूपमा उहाँले आँखा माथि उठाएर सबैभन्दा माथि रहेको पाललाई हेर्नुभयो, र हड्सनले पनि हेर्दा पालको कुना फरफराएको देख्नुभयो।

हड्सनले आश्चर्य मान्दै भन्नुभयो, "माथिको पाललाई हेर्नुहोस्, बतास आइरहेको छ।"

पहिले अधिकृतले विश्वास नगरेर भने, "त्यो त झोक्का मात्र हो।" यसै भने तापनि पाल खोल्नको लागि ठूलो स्वरले आदेश दिनुभयो, र एकै छिनमा छतमा काम गर्नेहरू खाली खुट्टाले यताउता दौडन थाले, र पाल खोल्नको लागि खम्बामा चढ्न थाले। अचानक आएको आवाजहरू सुनेर कप्तान आफ्नो

TOG Mission

कोठाबाट के भयो भनी हेर्नको लागि माथि आउनुभयो। पाल बतासले भरेको थियो, र जहाज बिस्तारै चट्टान भएको दिशाबाट फर्किन थाल्यो। जवान हड्सन टेइलरको आँखाहरू आनन्दले र हृदय धन्यवादले भरियो, र आफ्नो प्रार्थनाको उत्तर दिनुभएको परमेश्वरमा रमाउँदै हुनुहुन्थ्यो।

त्यो दिनदेखि एक महिना नहुँदै डम्फ्रैस गट्स्लफ टापुमा लङ्गर लगायो, र त्यहाँबाट उहाँहरूलाई नदीको मुख हुँदै शाङ्घाईसम्म अगुवाइ गर्ने अर्को एक जना कप्तानको लागि पर्खिरह्यो। घमाइलो आकाश र सफा न्यानो नीलो पानी भएको भागहरूलाई अहिले पार गरिसकेका थिए। हड्सनले अहिले बारको छेउमा उभिएर हेर्दा पूरै हुस्सु लागेको भागहरू र अज्ञात तिब्बतको पठारहरूबाट सुरु भएर चीनको बाक्लो जनसङ्ख्या भएको सम्म भूमि हुँदै ठूला छालहरूले भरेको चीन समुद्रमा आफ्नो पानीलाई खन्याउने विशाल यङ्ट्चे नदीलाई देख्नुभयो।

आफू जुन भूभागको लागि आउनुभएको थियो, त्यो कतै देख्छ कि भनी वरिपरि खोज्नुभयो, तर हुस्सु यति बाक्लो थियो, कि त्यो समुद्रको किनारलाई यहाँबाट हेर्न दिएन। जहाजको बारको छेउमा गएर हेर्दाखेरि टाढा अन्य नाउहरूको रूपहरू मात्र देख्नुभयो। ती अनौठा थिए, जसमा एउटा मात्र विशाल पाल खम्बाबाट झुण्डिरहेको थियो, र जहाजको काठहरूमा विभिन्न प्रकारको अनौठो नक्साहरू बनाएको थियो। यो चिनियाँहरूको हो भन्ने कुरामा केही शङ्का थिएन, किनभने ती नक्साहरूलाई उहाँले घरमा चीन सम्बन्धित किताब पढ्दा देख्नुभएको थियो।

उहाँले किताबमा देखेका कुराहरूलाई आफ्नै आँखाहरूले देख्दै हुनुहुन्छ, र त्यसमा रहेको मानिसहरूलाई उहाँले देख्न सक्ने गरी त्यो जहाजहरूमध्येमा एउटा उहाँको नजिकै आयो। घरमा बनाएको नीलो ज्याकेट र सुरुवाल, पुरानो चर्मपत्रको जस्तो छालाको रङ्ग, कालो आँखाहरू, लामो पातलो बाटेको कपालहरू – चिनियाँ। पहिलो पल्ट हड्सनले परमेश्वरले आफूलाई जसको लागि पठाउनुभयो, र जसको बीचमा आफ्नो जीवनलाई बिताउने आशामा उहाँ आउनुभएको छ, ती जातिको मानिसहरूलाई आमनेसामने देख्दै हुनुहुन्छ। तिनीहरू बोल्ने भाषाको एक शब्द पनि उहाँले बुझ्न सक्नुभएन, र कुनै भावना

नदेखिने तिनीहरूको मुहारले पनि उनीहरूको मनमा के छ भनी देखाएन। कसरी बोल्न सिक्ने होला, उहाँ आश्चर्य मान्नुभयो। यो अपरिचित भूमिमा ओर्लिसकेपछि बसोबासको लागि कहाँ जाने? कसरी माग्नु भन्ने कुराको बारेमा केही थाहा नहुँदा, खान पाउनुचाहिँ कसरी? यी कुराहरूको बारेमा मनमा एक प्रकारको खुशीको साथ सोच्दै जहाजको छतमा उहाँ हिँडिरहनुभयो, र अचानक छतमा हुन थालेको कामहरूले उहाँलाई रोक्यो।

"कप्तान! कप्तान जहाजमा आउनुभयो!" यो कप्तान नै उहाँहरूलाई यहाँबाट शाङ्घाईसम्म पुर्‍याउने व्यक्ति हुनुहुन्थ्यो। साँढे पाँच महिनापछि बाहिरी संसारको बारेमा खबर दिन सक्ने एक जना आउनुभएछ। साँढे पाँच महिनापछि जहाजमा अर्को एउटा बेलायती जहाजको भर्‍याङमा चढ्दै हुनुहुन्छ। सबैले उहाँलाई नै भेट्न आएको जस्तै लाग्थ्यो। उहाँहरूले बाहिरी संसारबाट अलग भएर यात्रा गरेको यो समयहरूभित्र युरोपमा उठेको समस्याहरू युद्धमा पुर्‍याउने ठाउँमा पुगिसक्यो। चीनमा पनि युद्ध सुरु भइसक्यो – गृहयुद्ध सुरु भएर उत्तरबाट आइरहेको साम्राज्यवादी सेनाहरूको विरुद्धमा विद्रोही–सेना दक्षिणबाट विजय पाउँदै अगाडि बढिरहेको थियो।

हड्सनको योजनामा परेको शाङ्घाई सहर तीव्र युद्धको बीचमा थियो। सहर पचास हजार साम्राज्यवादी सेनाले घेरिएको हुँदा विद्रोहीहरूको हातमा थियो। अनिकालको समय जसरी खान्कीको मूल्य बढिसकेको थियो र मुद्रा साट्ने दाम पनि बढिरहेको थियो। बेलायतको पाउण्डले पहिलेको समयमा पाँच चाइनिज युआन किन्थ्यो भने, अहिले तीनवटा मात्र पाउँछ।

मार्च १ सन् १८५४: भोलिपल्ट उहाँ विभिन्न प्रकारको भावनाले भरेर किनारमा खुट्टा टेक्नुभयो। बेलायती दूतलाई हेरेर चिच्च्याएर बोलाइरहेको चिनियाँ भरियाहरूको भीड हुँदै आफूलाई डोर्‍याउने मान्छेको पछि हिँड्नुभयो। उहाँ अन्तमा चीनमा हुनुहुन्छ; त्यो उहाँको लागि रोमाञ्चक थियो। तर उहाँ अगाडि बढ्दा आफूले सामना गर्नुपर्ने कष्टहरूलाई देख्न नसक्ने परिस्थिति थिएन। उहाँको लागि कोही पनि पर्खिरहेका थिएनन्। शाङ्घाईमा उहाँको एक जना मात्र साथी हुनुहुन्थ्यो, र उहाँको साथमा थोरै पैसा मात्र थियो। शाङ्घाईमा बसोबास गर्ने केही मानिसहरूलाई दिन उहाँको हातमा तीन वटा परिचय पत्रहरू

TOG Mission

थिए, जसलाई उहाँले चाँडै नै दिने निर्णयमा हुनुहुन्थ्यो, त्यो बाहेक के गर्ने हो ! उहाँलाई केही थाहा थिएन, तर उहाँ अन्तमा आइपुगिसक्नुभयो। उहाँले अति बढी एक्लोपनको महसुस गर्न थाल्नुभयो, जसको तुलनामा समुद्री यात्रामा सामना गरेको खतराहरू सामान्य देखे। दूतावासमा पुगेर त्यो परिचय पत्रहरूलाई उहाँले दिँदा आएको जवाफहरूले समस्यालाई अझै ठूलो मात्र पाऱ्यो।

तीन जनाको लागि बोकेको उहाँको पत्रहरूमा पहिलो पत्र पाउनुपर्ने मानिस एक–दुई महिना अघि नै ज्वरोले मरिसकेका थिए। दोस्रो मानिस पहिले नै अमेरिका फर्किसकेका थिए। तेस्रो मानिस मात्रै शाङ्घाईमा हुनुहुन्छ भनी उहाँले थाहा पाउनुभयो। त्यो मानिसको लागि हड्सनलाई परिचय गराउन पत्र लेखिदिने मानिस तिनीसँग नजिकको सम्बन्ध नभएको व्यक्ति हुनुहुन्थ्यो। मनमा निराशपना बढिरहेको हुँदा लण्डन मिशनरी सोसाइटी भएको दिशातिर हिँड्न थाल्नुभयो।

युरोपेलीहरूको बसोबासलाई छोडेर साँघुरो हुँदै जाने गल्लीमा उहाँ एक माइल जति हिँडिसक्नुभएको थियो। गोलो छतहरू, बाहिर निस्किरहेको कौसीहरू, साना पसलहरू यी सबै योर्कशियरको जवानको लागि अनौठो थियो। कालो आँखाहरू भएको बुझ्न नसक्ने देखिने र नहाँस्ने चिनियाँहरूले उहाँ घेरिनुभएको थियो। भरियाहरू बाँसमा दुईपट्टि डोको झुण्ड्याएर काँधमा बोकेर आवाज निकाल्दै भीडको बीचमा हिँडिरहेका थिए। बाटेको कपाल भएको मानिसहरू पसलहरूको अगाडि रहेको खुल्ला ठाउँहरूमा बसिरहेका थिए। तयार भएको स्वादिष्ट खान्कीहरूलाई आफ्नो ठेलागाडीमा राखेर बेचिरहेका थिए। बेला–बेलामा पालकी बोकेर आउने भरियाहरूको लागि भीडले एक छिन बाटो छोड्थ्यो, फेरि त्यो पार भइसकेपछि एकै छिनमा सडकलाई भरिदिन्थ्यो।

पछि आउने समयहरूमा वर्षहरू बित्दै जाँदा हड्सन यस्तो दृश्यहरूसँग परिचित भइहाल्नुभयो, र आफ्नो बर्न्सलेमा भएको बजारजस्तै उहाँलाई लाग्न थाल्यो, तर चीनमा आएको यो पहिलो दिनमा यी सबै कुराहरू उहाँको लागि काल्पनिक जस्तो र अलिकति आकर्षणपूर्ण जस्तो पनि देखियो। अन्तमा उहाँ ठूलो दुई वटा मूल गेटहरू भएको मिशन भवन अगाडि आइपुग्नुभयो, तर उहाँको मनमा कता–कता चिन्ताको अनुभव भइरहेको थियो।

एउटा चिनियाँ पालेले जवान युरोपेली मानिसलाई देखेर दण्डवत् गरे, र सोधे, “मालिक, कसलाई भेट्न चाहनुहुन्छ?” हड्सनले आफूसँग भएको परिचय पत्रलाई देखाएर डा. मेधुर्स्टलाई भेट्न आएको कुरा बताउनुभयो।

“चिकित्सक घरमा हुनुहुन्न। चिकित्सक बाहिर जानुभयो।” भन्दै पालेले दण्डवत् गरे। तिनले इज्जतको साथ व्यवहार गरे तापनि निकटतासाथ व्यवहार गरेनन्। हड्सनले सोध्नुभयो, “उहाँ कहाँ जानुभयो?” पाले आफूसँग भएको अङ्ग्रेजी शब्द सिद्धेको जस्तै देखिनुभयो। तिनले बुझेनन्।

यो अप्ठ्यारो परिस्थिति थियो। अहिले नै बेलुकी भइसकेको थियो, र थोरै समयमा रात पर्छ। अपरिचित सहरमा चिनियाँ भाषामा एक शब्द पनि बोल्न नसक्ने अवस्थामा एकलै अब के गर्ने? हड्सनले फेरि पनि पालेलाई बुझाउन खोज्नुभयो, तर सफल हुनुभएन। उहाँ प्रयासलाई त्यागिदिने अवस्थामा पुग्दा एउटा जवान युरोपेली मानिस भित्र हिँडिरहनुभएको देख्नुभयो। समय खेर नफालीकन आफ्नो परिचय त्यो मानिसलाई दिनुभयो।

त्यो जवान मानिसले असल तरिकाले जवाफ दिएर भने, “मेरो नाम एड्किन्स, डा. मेधुर्स्ट यहाँ हुनुहुन्न, तर उहाँको सहकर्मी यहाँ हुनुहुन्छ, र उहाँले तपाईंलाई सहायता गर्न खुशी मान्नुहुन्छ। भित्र आएर बस्नुहोस्, म गएर उहाँलाई बोलाएर ल्याउँछु।”

त्यो दिनको रात अन्तमा हड्सन सुत्न जानुभयो, आफ्नो डम्फ्रैसको सानो कोठामा होइन, न त कुनै अपरिचित चिनियाँ पाटीमा, तर लण्डन मिशनरी सोसाइटीको भवनमा रहेको एउटा ठूलो कोठाको सफा ओछ्यानमा सुत्नुभयो।

TOG Mission

अध्याय

# बाँच्नको लागि गाउनु ८

तीन जना मिशनरीहरू थकित अवस्थामा पनि खुशी भएर हिलोले भरेको नदीको किनारमा रहेको एउटा स्थानीय नाउमा बसे, र मल्लाहले नाउलाई हिलोबाट पानीतिर तान्दा अनुहारमा लागेको हिलोलाई पुछ्न थाले। उहाँहरूले एक दिनलाई सेवामा  बिताइसकेका थिए। बिहानको नास्तापछि शाङ्घाईबाट यात्रा गरेको उहाँहरू मध्यान्हको समयमा उसुङ टापुमा आइपुग्नुभयो। त्यति बेलाको समयदेखि अहिलेसम्म उहाँहरूले पर्चाहरू बाँडिरहनुभएको थियो, साथै आफ्नो थोरै ज्ञानद्वारा किनारमा भएको मल्लाहहरूसँग बातचित गरिरहनुभएको थियो। पानीमा नाउहरू अनगिन्ती थिए, सानो र ठूलो, नयाँ र पुरानो नाउ–घरहरू उहाँहरूले देख्नुभयो, जसमा बसिरहेका परिवारहरूको पूर्ण जीवन नै त्यही नै तैरिने घरहरूमा बित्यो। यो कुराले हड्सन टेइलर र उहाँको साथीहरू एड्किन्स र क्वोर्टर्मनको ध्यानलाई आकर्षण गऱ्यो।

“हामीले साँच्चै नै यिनीहरूकहाँ गएर ख्रीष्टको बारेमा बताउनुपर्छ,” भनी उहाँहरूले निर्णय गर्नुभयो। साँचो परमेश्वरको बारेमा यिनीहरूले सुनेनन् भने कसरी आफ्नो मूर्ति र धूपहरू र अन्धविश्वासबाट फर्कन सक्छन् त? एक दिन आफ्नो भाषा अध्ययनको कडा परिश्रमबाट केही घण्टाहरू स्वतन्त्र हुन पाएकोमा खुशी मान्दै तिनीहरूको बीचमा सेवा गर्न लागे। नाउ खियाउँदा पानीको आवाजले मन शान्त भएको अनुभव गर्दै तिनीहरू खुशी भए। उहाँहरूले भेटेको नाउमा बस्नेहरू मिलनसार थिए, र आफ्नो भाषामा छापिएको त्यो सानो किताबलाई स्वीकार गर्न तयार पनि भए। कतिपय मानिसहरूले आफूले पढिसकेपछि त्यो किताबहरूलाई आफू जाने बन्दरगाहमा बाँडिदिने निश्चयता पनि दिए। त्यो दिन असल तरिकाले बिताएको दिन थियो। अब बेलुकी हुन लाग्यो, यदि उहाँहरूले चिनियाँ साम्राज्यवादी सेनाहरूलाई सुरक्षित पार गर्नुभयो भने रात पर्नुभन्दा अगाडि शाङ्घाई पुग्न सक्नुहुन्छ।

तर साम्राज्यवादी सेनालाई सुरक्षित पार गर्न सकिन्छ त? मल्लाह त्यो कुरामा पक्कै चिन्तित थिए, र तीन जना आदरणीय मानिसहरू यति ढिलो फर्केकोमा खुशी थिएनन्। दिउँसोको समयमा स्थानीय नाउहरू त्यो पानीमा यात्रा गर्न रातिको समयभन्दा सुरक्षित थियो, तर अँध्यारोमा साम्राज्यवादी सेनाहरूको बन्दुकको मुखै अगाडि भएर जानु छुट्टै कुरा थियो। साम्राज्यवादी सेनाहरूको बन्दुकहरू सानो कुरा नमिलेको देख्नेबित्तिकै प्रयोगमा आइहाल्थे, र अँध्यारोमा पानीमा हिँड्ने जे कुरालाई पनि विद्रोही सेनाको हुन सक्छ भनी शङ्का गर्थे। फर्किने यात्राको लागि समय अति ढिलो भइसकेको थियो र मल्लाहले यात्रालाई मन पराउनुभएको थिएन। मिशनरीहरू आफैले पनि अलिकति अप्ठ्यारो महसुस गरिरहनुभएको थियो।

हड्सनले भन्नुभयो, "हामी बेलायत र अमेरिकाको मानिसहरू भनी तिनीहरूले थाहा पाए भने असल हुन्छ।" निष्पक्ष पश्चिमी राष्ट्रहरूबाट आएको उहाँहरूले अरूभन्दा बढी सुरक्षासँग यात्रा गर्न सक्थे, कारणचाहिँ त्यो देशहरूको युद्ध-जहाजहरू त्यहाँको बन्दरगाहमा थिए, र उहाँहरूमाथि आक्रमण हुँदा उहाँहरूको सम्पत्ति र जीवनलाई बचाउन तयार पनि थिए। तर तिनीहरूले अँध्यारोमा कसरी थाहा पाउन सक्छन् होला? सेतो छाला र खैरो कपाल अँध्यारोमा देखिँदैन। उहाँहरू चिनियाँ होइन भनी देखाउनुचाहिँ उहाँहरूको स्वरहरू मात्रै हो। स्वरहरू मात्रै.... अचानक एड्किन्सलाई एउटा योजना आयो।

उहाँले भन्नुभयो, "मलाई थाहा भयो, हामी गाऔँ। हामी सबै मिलेर उच्च स्वरले अङ्ग्रेजीमा गीत गाऔँ, र तिनीहरूले थाहा पाउँछन्, कि हामीहरू पश्चिमेली मानिसहरू हौँ।" असल योजना। उहाँहरूको गलाहरू अलिकति सुकेको थियो र अलिकति थाकेको अनुभव पनि गरिरहेका थिए, किनभने दिनभरिको सेवामा उहाँहरूले धेरै बातचित गरेका थिए र गीत गाएका थिए, तर तिनीहरूले सक्दो प्रयास गरे। साम्राज्यवादी सेनाहरूको जहाजहरूजस्तै देखिने केही कुराहरू नजिक आएको देख्ने बित्तिकै उहाँहरूले आफ्नो कार्यक्रमलाई सुरु गरिहाल्थे। आफूलाई याद भएको सबै भजनहरू गाए, धन्यवाद होस्, चुनौतीविना धेरै वटा जहाजहरूलाई पार गरियो।

अन्तिम जहाज आफूलाई पार गरेर गइसकेपछि उहाँहरू मौनतामा डुबे, जुन

बेला मल्लाहले आत्तुरीसँग भन्न थाले, "फेरि गाउनुस्! फेरि गाउनुस्!"

किन? उहाँहरू भर्खरै साम्राज्यवादी जहाजहरूको नजिक पुग्दै हुनुहुन्छ, त्योभन्दा अगाडि गएको जहाजहरू साधारण सामान बोक्ने जहाजहरू मात्र हो भनी उहाँहरूलाई बताइयो। मल्लाहले सानो स्वरले भने, "छिटो! छिटो! गाउनुस्! गाउनुस्!"

"उच्च स्थानहरूमा रहेको विशाल आकाश," भनी सुरु गरेर एड्किन्सले उच्च स्वरमा गीत गाउन लाग्नुभयो र बाँकी दुई जनाले पनि उहाँसँगै गाउन थाले। पानीमा तीन जनाको आवाज बलियो रूपमा घोषणाको साथ तैरियो।

*"स्वर्गीय नीलो आकाश थकित नहुने सूर्य*
*र बलिरहेको तिनलाई घुमिरहेको चन्द्रमा र ताराहरू*
*सबै कारणसाथ रमाउँछन् , र चम्किरहेको हुँदा*
*महिमित आवाजले सधैँ गाउँछन्, कि हामीलाई स्वर्गीय हातले बनायो!"*

TOG Mission

स्पष्ट रूपमा अरूले थाहा पाउनको लागि आठ लाइन भएको तीनवटा पदहरूलाई गाउनुपरेको थियो, र अन्तिम वाक्यलाई दुई पल्टभन्दा बढी गाउनुभयो। तर बिचरा सेनाको सबैभन्दा ठूलो जहाज नजिक आइपुग्दा उहाँहरूको गीत सिद्धिसकेको थियो। तीन जना गायकहरू सास लागेर मौन बसिरहेका थिए। उहाँहरूको नाउलाई देखेर साम्राज्यवादी जहाजमा ठूलो स्वरले चिन्ताजनक घण्टी बज्न थाल्यो।

एड्किन्स चिच्च्याउनुभयो, "अब के गर्ने? हामीले गीत गाउनुपर्छ, एक छिन पनि खेर फाल्नुहुँदैन।" उहाँहरूको सल्लाहको लागि नपर्खीकन उच्च स्वरले गाउन थाल्नुभयो। साथसाथै हड्सनले पनि गीत गाउन सुरु गर्नुभयो, र क्वोर्टर्मनले परिस्थितिद्वारा प्रभावित भएर तुरहीलाई रमाइलो तरिकाले बजाउन थाल्नुभयो। त्यो आवाज सुनेकाहरूमा असल परिणाम ल्याएको जस्तो देखेन। जहाजमा भएका मानिसहरू कराउन थाले, र नाउमा भएका मल्लाहहरूले चिच्च्याएर बुझाउन खोजे, केही समयको लागि सबैले उच्च स्वरमा एक–अर्काप्रति केही भन्दै चिच्याइरहे। धोका पाउन सक्छ भन्ने विचारले साम्राज्यवादी

सेनाले हुन सक्ने आक्रमणलाई विरोध गर्न तयार भए। पक्कै बन्दुक आफूतिर ताकेको हुन्छ भन्ने कुरा महसुस गरिरहँदा, अधिकारसहितको आवाज जहाजबाट सुन्नुभयो, “त्यहाँ को जाँदै छ?”

हड्सन र एड्किन्सले एकै स्वरले जवाफ दिए, “महान् बेलायत देश!”

अमेरिकन भएको क्वोर्टर्मनले ठूलो स्वरले भन्नुभयो, “फूलको झण्डा भएको देश” (चिनियाँ भाषामा अमेरिकाको अनौपचारिक नाम)

“सेतो भूत! सेतो भूत!” भन्दै मल्लाहहरू चिच्च्याउन थाले।

“नाउमा सेतो भूतहरू छन्!”

साम्राज्यवादी जहाजबाट आवाज आयो, “कहाँ जाँदैछन्?”

“साङ्घाई।”

“के गर्छन्?”

“आफ्नो धर्मलाई प्रचार गर्छन्। सेतो भूतहरूले आफ्नो धर्म प्रचार गर्छन्,” भनी मल्लाहहरूले बुझाए। त्यो कुरा सुन्दा तिनीहरू रिसाउँछन् जस्तो लागेको थियो, तर अनौठो रूपमा त्यसले अर्को परिणाम ल्यायो। साम्राज्यवादी सेनाले परिस्थितिलाई बुझ्यो, र नाउलाई जान दियो।

साम्राज्यवादी सेनाहरूभन्दा अलि पर गइसकेपछि मिशनरीहरूले सोधे, “हामीलाई सेतो भूत भनेर तपाईंहरूले के अर्थले भन्नुभयो?” र कडासँग भने, “हामी सेतो हुन सक्छौँ, तर भूत होइनौँ। तपाईंहरू जसरी नै एक साँचो परमेश्वरले बनाएको मासु र रगत भएको मानिसहरू हौँ।” भूतहरूको शरीर हुँदैन, र तिनीहरूले देख्न सक्दैनन्। साथै तिनीहरू दुष्ट आत्माहरू हुन्, एक सत्य परमेश्वरको शत्रुहरू हुन्, र मानवप्रति दुष्ट उद्देश्य भएकाहरू हुन् । तपाईंहरू साँच्चै नै देख्न सक्नुहुन्छ, हामी भूतहरू होइनौँ, तर तपाईंहरूजस्तै मानिसहरू हौँ!”

मल्लाहहरू धेरै पश्चात्तापी भए, विशेष गरि त आफ्नो पैसा अहिलेसम्म नलिसकेकोले पनि। तीन जना आदरणीय प्रभुहरूलाई धेरै नै अपमान गरेको हो

भनी तिनीहरूले स्वीकार गरे। जहाजमा भएको सेनाको कप्तान क्रोधित भएकाले तिनीहरू धेरै डराएका थिए, त्यसैले आफूले के बोलिरहेका छौ भनी थाहा पाएनन्। साथै ती मल्लाहहरू तल्लो अवस्थाको असभ्य मानिसहरू थिए, कहिल्यै विद्यालयमा नगएकाले एक अक्षर पनि पढ्न जानेका थिएनन्। आदरणीय प्रभुहरू जहाँबाट आउनुभएको छ, त्यो उहाँहरू अहिले आएको देशजस्तै दरिद्रता र तुच्छ देश होइन, तर उच्च अध्ययन र ज्ञानले भरेको देश हो। आदरणीय प्रभुहरूले त्यो नाउमा बस्न मञ्जुर भएर अमूल्य ज्ञानको शब्दहरू बोलेकाले अयोग्य मल्लाहहरूले धेरै प्रकाश पाए। यसरी सबै कुरा तिनीहरूले बताएर प्रतिज्ञा गरे, कि अब उप्रान्त जति अप्ठ्यारो परिस्थिति भए तापनि महान् बेलायत देश र फूलहरूको झण्डा भएको देशको आदरणीय उच्च नागरिकहरूलाई कहिल्यै यसरी सम्बोधन गरिनेछैन।

मिशनरीहरू अपमानित भएकाले रिसाएका होइनन्, तर आफूलाई परमेश्वरको सन्देश लिएर आएको सह–मानव भनी स्विकारिनुपर्छ भन्ने चिन्ताले मात्र हो भनी बुझाउन प्रयास गरे। किनारमा असल सम्बन्धको साथ तिनीहरू छुटे। मल्लाहहरूले कचौरामा चाउचाउ खान बस्दा स्वीकार गरे, कि सेतो भूतहरू साँच्चै नै कपट नभएको र हानि नगर्ने खालको रहेछन्। एउटै कुरामा तिनीहरू अनौठो छन् भने त्यो आफ्नो पैसामा बढी दयालु छन्। आफू बसेको स्थानीय सहरमा पुग्नको लागि पार गर्नुपर्ने सानो खोलालाई पार गर्न सक्दैन कि भन्ने डरले हड्सन नाउबाट ओर्लिनेबित्तिकै हतार–हतार जानुभयो। साँच्चै नै उहाँ खोल्सा पार गर्नको लागि लगाएको फल्याकहरू निकाल्न लाग्ने बेलामा आइपुग्नुभयो, र भोक र थकाइसहित आनन्द मान्दै कोठामा पुग्नुभयो। आफ्नो सेतो रङ्ग लगाएको कोठामा बसेर मज्जासँग बेलुकीको भोजन लिनुभयो। उहाँको बेलुकीको भोजनचाहिँ एक कचौरा भात र चार वटा सानो थालहरूमा चिनियाँ तरकारी र सानो सानो टुक्रा पारेको मासु थियो, जसलाई चम्चाको सट्टामा उहाँले चपिस्टिकले खानुभयो। त्यस्तो प्रकारको भोजन त्यस्तो प्रकारको चीजद्वारा खानु स्वाभाविक नै देखिन्थ्यो, र हड्सनले झन् त्यो कुरालाई सुत्न जानुभन्दा अगाडि पक्का गरिराखेर जानुभयो।

लिवरपूलबाट डम्फ्रैसमा यात्रा सुरु गरेको दिनदेखि अहिले झण्डै एक वर्ष बितिसक्यो। शाङ्घाईमा ओर्लिसकेपछि केही महिनाहरू उहाँले लण्डन मिशनरी



TOG Mission

सोसाइटीको अस्पताल कम्पाउण्डभित्र बिताउनुभयो, जहाँ भाषा सिकाउनको लागि एक जना चिनियाँ मानिसलाई तलब दिएर साथमा राख्नुभयो। तर अहिले उहाँ त्यो आरामदायी, र युरोपेली र अमेरिकी सेनाहरूले सुरक्षा दिइरहने ठाउँबाट निस्केर त्यो सहरको उत्तरीय ढोकाको छेउमा एउटा स्थानीय थोत्रो घरमा वास गर्नुहुन्थ्यो।

उहाँ सधैँ नै झगडालु र दयनीय वातावरणको बीचमा रहनुपरेको थियो, र उहाँको वरिपरि भइरहेको दुःखदायी परिस्थितिहरू भयानक थियो। धेरै घरहरू गोलीले गर्दा पूर्ण रूपमा नष्ट भएको थियो, र धेरै गरिब मानिसहरू घरविहीन थिए, साथै भिखारीहरू "रोटी ! रोटी !" भन्दै कराउँदै सडकलाई नै भरेको जस्तै देखिन्थ्यो। कब्जामा परेको साम्राज्यवादी सेनाको सिपाहीहरूलाई टुपी समातेर तानेर लगेको अथवा तिनीहरूलाई सताइँदा हुने चिच्च्याइलाई सुन्नु असामान्य कुरा थिएन।

हड्सन टेइलर बसेको सडकलाई नै साम्राज्यवादी सेनाहरूले जलाइदिने चेतावनी दिन्थे, र हरेक रात सुत्न जाँदा बिहान हुनुभन्दा अघि आफ्नो जीवन बचाउन भाग्नुपर्ने परिस्थिति आउन सक्छ भन्ने कुरालाई सधैँ महसुस गर्नुहुन्थ्यो। हरेक रात सुत्न जानुभन्दा अगाडि पौडी खेल्न चाहेको उपकरण राम्रोसँग फुकिएको छ कि भनी हेरेर मात्र जानुहुन्थ्यो; कतै अचानक आक्रमण भएकोमा त्यसलाई लिएर सहरको बीचमा बग्ने त्यो खोल्सामा हाम फालेर पौडी खेलेर पारिपट्टि विदेशीहरूको बस्तीमा जाने सोच गर्नुभएको थियो।

थुप्रै कोठाहरू र हिँड्ने बाटोहरू साथै घरभन्दा बाहिर पनि थुप्रै साना कोठाहरू भएको त्यो पुरानो घरको माथिल्लो कोठामा यस्तो परिस्थितिमा एकलो रहनु मनमा एउटा अनौठो प्रकारको डर उत्पन्न गराउने कुरा थियो। धेरै पल्ट उहाँले प्रार्थना गर्न घुँडा टेक्नुभन्दा अगाडि धर्मशास्त्रमा सान्त्वना दिने पदहरू खोजेर पढ्नुहुन्थ्यो। त्यसो गर्दा उहाँको मनको डरहरू हटेर शान्त भएको महसुस गर्नुहुन्थ्यो। सुरक्षा दिने परमेश्वरको उपस्थितिको त्यो निश्चयता दिने आवाज उहाँसँग बोलेको जस्तै लाग्थ्यो, र उहाँ बालक हुँदा आफ्नो आमाले कथा भन्दै गर्दा निदाएको जसरी शान्तिपूर्ण तरिकाले निदाउनुहुन्थ्यो।

निरन्तर हुने खतरा, दरिद्रता र उहाँलाई घेरेएको दुःखहरू यी सबैको बीचमा पनि युरोपेली बस्तीमा बसोबास गरेको समयभन्दा आफू अहिले चिनियाँहरूको बीचमा बसोबास गरेकोमा खुशी हुनुहुन्थ्यो, यी दुःख भोगिरहेका मानिसहरूको पीडाको समयहरूमा आफूले केही सहायता गर्न पाएकोमा उहाँ अति सन्तुष्ट हुनुभयो। उहाँको औषधि उपचारसम्बन्धीको ज्ञान अहिले नै प्रयोगमा आउन थाल्यो, र त्योभन्दा असल कुराचाहिँ उहाँले अहिले थोरै चिनियाँ भाषा सिक्नुभएको थियो, जसद्वारा उहाँले परमेश्वर र उहाँको पुत्र ख्रीष्ट येशूको बारेमा बताउन सक्नुभयो।

एउटा सन्डे स्कुल कक्षा चलाउनलाई एक जना चिनियाँ इसाईलाई तलब दिएर नियुक्ति गर्नुभयो, र त्यो मानिसको साथ हड्सन साँघुरो गल्लीहरू हुँदै पर्चाहरू बाँड्दै जानुभयो र सुन्न तयार भएको मानिसहरूसँग बातचित गर्दै जानुभयो। हो, उहाँ जुन कामको लागि चीनमा आउनुभयो, त्यो काम गर्न सुरु गर्नुभएको छ, तर त्यसलाई छोडेर जानुपर्ने कुरा सोच्दा उहाँ दुःखित बन्नुभयो। यद्यपि उहाँले सो गर्नुपर्छ भन्ने महसुस गर्नुभयो।

युद्ध सुरु हुन लागेको थियो, र विद्रोही सेनाको तोपहरू उहाँ बसेको सडकमै आइसकेको थियो, र साम्राज्यवादी सेनाबाट त्यसलाई जोगाउन तयारी भइरहेको थियो। आफ्नो लागि मात्र निर्णय गर्नुपरेकोमा उहाँ पक्कै यहीँ रहने र आउने परिस्थितिलाई सामना गर्ने निर्णय गर्नुहुन्थ्यो। तर चाइनिज एभाञ्जलइसेसन सोसाइटीले अर्को एक जना मिशनरी पठाउने खबर उहाँलाई दिएको थियो, जसको लागि हड्सनले सबै कुरा प्रबन्ध गर्नुपरेको थियो – डा. पार्कर आफ्नो श्रीमती र आफ्नो तीन जना बच्चाहरूको साथ साङ्घाई आउँदै हुनुहुन्थ्यो। यस्तो खतरापूर्ण ठाउँमा अर्को एक जना मानिसलाई साथमा रहन ल्याउनु एउटा कुरा, तर तीन जना साना बच्चाहरूसहित एउटा आमालाई पनि यहाँ ल्याउनु अर्को कुरा थियो। परिस्थिति बद्लेन भने, हड्सनलाई थाहा थियो, उहाँ फेरि पनि विदेशीहरू बस्ने बस्तीमा सर्नुपरेको हुन्छ। एक रात हड्सन केही घण्टाहरू सुतिसकेको हुँदा अचानक आएको काठहरू चर्किने आवाज र कोठामा देखिने उज्यालोले गर्दा उठ्नुभयो। उहाँले हेर्दा वरिपरि आगो बलिरहेको थियो। गल्लीमा काठको घरहरू एक–अर्कासँग जोडिएर बनाएकोले आगो छिटो फैलिने सम्भावना देखियो। तुरुन्तै उठेर हड्सनले आफ्नो लुगाहरूलाई पोको

TOG Mission

पार्न थाल्नुभयो, त्यति बेला लागेको हावाले झन् समस्यालाई बढाएको थियो, र कोठामा देखिने रातो ज्वालाको उज्यालो अझै बलियो हुँदै गएको जस्तै देखिन्थ्यो।

छानामा चढेर आगो कहाँबाट बलिरहेको छ भनी हेर्नको लागि माथि जाँदा उहाँ त्रसित हुने गरी आगो दुई–तीन वटा घर पर मात्र थियो। साथै उहाँले सधैँ परिचित भएको गोलीको आवाज पनि सुन्नुभयो, र झिँगटी उठाएर वरिपरि हेर्दा वरिपरि भएको भवनहरूमा जताततै गोली लागेर बिगारिरहेको थियो; आफ्नो आँखा आगोमा राखेर अलिकति निहुरनुभयो। वरिपरिको घरहरूको छानाबाट धुवाँ माथि उठिरहेको देख्नुभयो, र गल्लीहरूमा मानिसहरू बोलेको र कराएको सुन्नुभयो। के भइरहेछ भनी उहाँले देख्न सक्नुभएन, तर आफूलाई बचाउनको लागि स्वर्गीय पितालाई मौन रूपमा आत्तुरीसँग प्रार्थना गर्नुभयो।

उहाँले प्रार्थना गरिरहँदा पानी पर्न थाल्यो। अचानक एउटा तोपको गोली उहाँको अगाडिको घरमा पर्‍यो, र झिँगटीहरूको टुक्राहरू उहाँ भएको ठाउँहरू हुँदै उडेर गयो। आफू अहिले रहेको ठाउँ सुरक्षित छैन भनी आफ्नो कोठामा ओर्लनुभयो, पानी ठुलो हुँदै गएकोमा र हावा कम हुँदै गएकोमा उहाँ धन्यवादी हुनुभयो। आगो बिस्तारै निभ्यो, बिहान पाँच बज्दा खतराहरू हटेको थियो, र दिनको काम सुरु गर्नुभन्दा अघि हड्सन एक दुई घण्टा सुत्न जानुभयो।

गोली हान्नु र युद्ध हुनु अहिले हरेक राति हुने कुरा भइसकेको थियो, यसैले विदेशीहरूको बस्तीमा नै डा. पार्कर र परिवारको लागि एउटा घर व्यवस्थापन गर्ने निर्णयमा आउनुभयो। खचाखच भएको त्यो विदेशीहरूको बस्तीमा धेरै लामो समय खोजेपछि लण्डन मिशनरी सोसाइटीको कम्पाउण्डभित्र एउटा घरको पहिलो तलामा तीन वटा कोठाहरूलाई भाडामा लिनुभयो। दुई दिनपछि डा. पार्करको परिवार आइपुग्यो, र चीनमा आठ महिना मात्र बिताएको बाइस वर्षको हड्सनले एउटा परिवारको लागि जिम्मेवारी व्यक्ति आफू भएको देख्नुभयो।

अध्याय

# भित्तापछाडीको मानिस ९

डा. पार्करको परिवार एउटा समझदार र बलियो स्कटल्याण्डको परिवार थियो, साथै सबै असुविधाको सामना गर्न तयार पनि भएका थिए, र अहिले उहाँहरूको हरेक पाइलामा असुविधाले उहाँलाई पर्खिरहेको थियो। पहिलो तलामा भएको तीन वटा कोठाहरू, खाट, दराज र घर्राहरूजस्ता चाहिँदो फर्निचरहरूसहित भएको भए त्यो उहाँहरूको लागि पर्याप्त हुन्थ्यो, तर अभाग्यवश त्यस्तो भएन।

हड्सनसँग जम्मा भएको तीन–थरी फर्निचरहरूचाहिँ एउटा चिनियाँ खाट, दुई वटा टेबुलहरू र ६ वटा कुर्सीहरू मात्र थिए। हुनत यी कुराहरूलाई केही बाँकी नराखीकन त्यो परिवारको लागि भनी हड्सनले दिनुभयो, तर पार्करले आफ्नो लुगा, जुत्ता, बोतल र किताबहरू राख्ने ठाउँ हुन्छ कि भनी वरिपरि व्यर्थमा हेर्नुभयो। घरमा एउटा पनि आलमारी थिएन। त्यसमाथि भुइँमा गलैँचा पनि ओछ्याएको थिएन, साथै झ्यालहरू खुला थिए, र जाडो मौसमको समय भए तापनि घरमा आगो बाल्ने ठाउँ थिएन।

त्यसको बारेमा भन्नुपर्दा लामो समुद्री यात्रापछि तीन जना बच्चाहरूसहित आएको परिवारको लागि उत्साह ल्याउने खालको थिएन। बिचरा हड्सन, बक्साहरू, डेलीहरू र पोकोहरूले कोठाहरू भरेको देख्दा शरम र अन्योलतामा पर्नुभयो। यो परिस्थिति बरु उहाँलाई भएको भए त्यति फरक पार्दैनथ्यो होला। यथार्थ चाहिँ कोठाको अग्रिम रकम तिरिसकेपछि उहाँको हातमा तीन डलर भन्दा कम पैसा मात्र बाँकी थियो।

उहाँले आशा गर्नुभयो, कि डा. पार्कर चाहिँदो रकमसहित आउनुहुन्छ, त्यस्तै भएन भने अर्को हप्ताको खान्की कहाँबाट आउँछ, उहाँलाई थाहा थिएन।

उहाँको नयाँ सहकर्मीको हातमा थोरै डलरहरू मात्र बाँकी छ, र आफ्नो लागि पैसा शाङ्घाईमा पर्खिरहेको हुन्छ भन्ने आशासहित आउनुभएको छ भन्ने कुरालाई थाहा पाउँदा त्यसले छुट्टै प्रकारको निराशपन ल्यायो। डा. पार्करलाई चाइनिज एभाञ्जलइसेसन  सोसाइटीले शाङ्घाईमा उहाँलाई पैसा पठाइन्छ भन्ने निश्चयता दिएको थियो।

उहाँको लागि पैसा खास त्यहाँ पर्खिरहेको थिएन। उहाँको लागि आएको चिठीहरूमा अभिवादन र सल्लाहको कुराहरू थिए, तर पैसाको बारेमा केही लेखिएको थिएन। चाइनिज एभाञ्जलइसेसन  सोसाइटीको आर्थिक व्यवस्थापन पूर्ण रूपमा बिग्रेको अवस्थामा छ भन्ने कुरा हड्सनले पत्ता लगाइसक्नुभएको थियो। मिशनरीहरूको पैसा सिद्धिँदा पैसा तिनीहरूलाई नपठाइञ्जेल खुशी र स्वस्थतासहित त्यत्तिकै जिउन सक्छन् भन्ने एउटा व्यक्त नगरिएको विचारमा सोसाइटीको निर्देशकहरू भएको जस्तै देखिन्थ्यो।

भाग्यवश पैसा पठाउनको लागि प्रयोग हुने अभिकर्ताहरूमा यो विचार थिएन। हड्सन र उहाँको नयाँ आएको सहकर्मीको अप्ठ्यारो अवस्थाको बारेमा तिनीहरूले थाहा पाउँदा ठीक ठाउँबाट पैसा नआउञ्जेल केही रकम सापटी दिए। समयमा गरिएको सहायताको लागि हड्सन धन्यवादी हुनुभयो, र चाइनिज एभाञ्जलइसेसन  सोसाइटीको यो आर्थिक कारोबारको बारेमा अभिकर्ताहरूले गरेको कडा आलोचनालाई हड्सनले पूर्ण रूपमा अस्वीकार गर्नुभएन।

उहाँले सोसाइटीलाई खुलस्त रूपमा मिशनरीहरूप्रति भएको उहाँहरूको कर्तव्यको बारेमा केही कडा शब्दहरू भएको यद्यपि आदरसहितको एउटा पत्र लेख्नुभयो, र त्यसपछि आफ्नो अहिलेको परिस्थितिमा सकेसम्म मिलेर बस्ने ठाउँमा आउनुभयो। त्यसपछिको केही महिनाहरू उहाँ पार्करको परिवारसँग बस्नुभयो। यो परिवारले साँच्चै नै एउटा प्रेमिलो र आत्मत्याग भएको परिवार भन्ने कुरालाई प्रमाणित गरे, र त्यस्तो सहकर्मी पाएकोमा हड्सन खुशी हुनुभयो। संसारको एउटा कठिनाइपूर्ण भाषा भएको चिनियाँ भाषालाई ध्यानसित सिक्नको लागि पाँच जना भएको परिवारको साथ तीन वटा कोठामा बस्नु अनुकूल थिएन। धेरै पल्ट उहाँले आफ्नो त्यो चिनियाँ सहरको उत्तरीय ढोकाको छेउमा भएको थोत्रो घरलाई इच्छा गर्नुभयो, जहाँ उहाँ सधैँ चिनियाँहरूसँग सम्पर्क गर्न

पाउनुहुन्थ्यो। त्यही नै उनीहरूको बारेमा बुझ्न र उनीहरूजस्तै बोल्न सिक्नको लागि असल ठाउँ थियो। एक दिन उहाँको साथी एड्किन्सले एउटा विचार ल्याउँदा उहाँ अति आनन्दित हुनुभयो। उहाँले हड्सनलाई भन्नुभयो, "म चिअशिङ(Jiaxing)तिर जान गइरहेको छु। एउटा स्थानीय नाउ–घरलाई भाडामा लिएर बिस्तारै यात्रा गर्दै, बजारतिर र सहरतिर रोक्दै, पर्चा बाँड्दै र प्रचार गर्दै यात्रा गर्न गइरहेका छौँ। तपाईं मसँग आउनुहुन्छ?"

यसको लागि हड्सनलाई मनाउनै परेको थिएन। एक हप्ता चीनको भित्रीय भागमा यात्रा गर्न पाउनु, चिनियाँ नाउ–घरमा रहन पाउनु र चिनियाँ दैनिक जीवनलाई आफ्नै आँखाले हेर्न पाउनु – यही कुराको लागि नै उहाँ यहाँ आउनुभएको थियो। ढिलो नगरीकन उहाँ तयारी गर्न थाल्नुभयो, र उहाँहरूले ध्यानसित तयारी गर्नुपर्थ्यो – ओढ्ने, ओछ्याउने, डोकोभरिको खान्की, इन्धन, चुलो, भाँडाकुँडाहरू, औषधिहरू साथै धेरै सङ्ख्यामा किताबहरू र पर्चाहरू। आफ्नो सामग्रीहरूलाई बोक्नको लागि उहाँले भाडामा लिएको भरियाहरूका पछि खचाखच भएको किनारहरूतिर हेर्दा यति थोरै समयको यात्राको लागि यति धेरै कुराहरूको आवश्यकता भएको सम्झिँदै हिँड्नुभयो।



**चिनियाँ नाउ-घर**

चिच्च्याउनु, कराउनु र भाउ मिलाउनु यी सबैपछि अन्तमा सबै सामग्रीहरूलाई नाउमा चढायो। बिस्तारै नाउ त्यो किनारबाट थुप्रै नाउहरूलाई पार गर्दै पानीको प्रवाहमा पुग्यो। अहिले चाहिँ हड्सन भरियाहरूको बानीसँग परिचित भइसक्नुभएको थियो, र उनीहरू एक–अर्कासँग कराउँदा, चिच्च्याउँदा त्यसले उहाँलाई पहिले जसरी केही असर पारेन।

अब नदीको बीचमा नाउ जान थाल्दा हड्सनले वरिपरि भएको किनारहरू र वरिपरि फोहरले भरिएको थोत्रो छाप्राहरूलाई हेरिरहनुभयो; बिस्तारै त्यो दृश्य बदल्न थाल्यो, र उहाँहरू अहिले सहर छोडेर गाउँ–बस्तीतिर यात्रा गर्दै हुनुहुन्थ्यो। उहाँहरूले पार गर्ने हरेक गाउँहरूमा एउटा विशाल जमिनमा अनगिन्ती माटोको ढिस्कोहरू देख्नुहुन्थ्यो, जुनचाहिँ बितेर गएको पुस्ताको चिहानहरू थिए। देशको जनसङ्ख्यालाई देखेर हड्सन छक्क पर्नुभयो।

उहाँहरू पुग्नुपर्ने पहिलो सहरमा पुगेर ओर्लिनेबित्तिकै दुई जना विदेशीहरूलाई देखेर आश्चर्य मानेको नीलो लुगा लगाएको चिनियाँहरूले घेरिनुभयो। बोक्न सक्नेसम्मको पर्चाहरू र किताबहरू बोकेर हड्सन र एड्किन्स दुवै सहरतिर जानुभयो।

उहाँहरू त्यो पहिलो सहरमा हुँदा उहाँहरूले एउटा कुरालाई देख्नुभयो, जुनचाहिँ हड्सनको मनमा वर्षौंहरूसम्म रहिरहने कुरा बन्न पुग्यो। उहाँहरू एउटा मन्दिरको आँगनमा आइपुग्नुभयो, जसको छानाहरू अजिङ्गरहरूले सजाएको थियो, र कोठाहरू मधुरो बत्तीले धमिलो देखिरहेका थिए, र मन्दिरमा डरलाग्दो जनावरहरूका मूर्तिहरू थिए, जुन कुराहरूले आफ्नो अगाडि झुक्नेहरूलाई दयाविना भयङ्कर रूपमा हेरिरहेका थिए। उहाँहरूको वरिपरि जम्मा भएको भीडले एड्किन्स र हड्सनले पालैपालो गर्दै प्रचार गर्दा शान्त रूपमा सुन्यो। प्रचार सिद्धिसकेपछि ल्याएको सानो किताबहरूलाई बाँड्नुमा उहाँहरूलाई कुनै समस्या भएन। त्यहाँबाट उहाँहरू जान लाग्ने बेला फिक्का पहेँलो वस्त्र लगाएको दुई अथवा तीन जना मन्दिरको पुजारीहरू उहाँहरूलाई भेट्न आए।

"आदरणीय महोदयहरू भित्र आएर केही समयको लागि बस्नुहोस्," भनी पुजारीहरूले विनम्रतासाथ स्वागत गरे, र उहाँहरूलाई आफू बस्ने कोठाहरू

TOG Mission

भएको ठाउँमा लगे। बुद्ध मन्दिरको भित्रीय भागहरूलाई हेर्न मन गरेर दुवै जना मिशनरीहरू भित्र गए। केही समयको बातचितपछि पुजारीले उहाँहरूलाई भित्र घुमाएर देखाउँछु भनी भन्नुभयो, र सोध्नुभयो, "तपाईंहरू हाम्रो पवित्र मानिसलाई हेर्न चाहनुहुन्छ?"

पवित्र मानिस? उहाँ को हो? कस्तो हुनुहुन्छ? मिशनरीहरू आश्चर्य माने। हेर्ने इच्छा उहाँहरूले व्यक्त गर्नुभयो, पुजारीले उहाँहरूलाई मन्दिरको भित्रीय भागको भित्ताको छेउमा पुऱ्याउनुभयो, त्यो भित्तामा मान्छेको हात मात्र छिराउन मिल्ने गरी एउटा सानो प्वाल थियो।

पुजारीले भन्नुभयो, "उहाँ यहाँ भित्र हुनुहुन्छ।" हड्सनले ढोका खोज्नुभयो, तर कतै देखिएन। ढोका छैन भनी पुजारीले बताए। हड्सनले विश्वास गर्न सक्नुभएन, तर थाहा पाउनुभयो, कि भित्र भएको मानिस निस्कन नसक्ने गरी भित्ता उठाएर बन्द गरिदिएको छ। प्वालबाट भित्र हेर्दा भित्रपट्टि भित्तामा डल्लो परेको एउटा मानिसको रूपलाई मात्र देख्न सक्नुभयो। कुनै झ्यालहरू थिएन, यसैले अगाडि भएको कोठामा भएको त्यो मधुरो बत्तीको उज्यालो नै भित्र जान्थ्यो, त्यस्तै अवस्थामा त्यो मानिस एउटा सानो कोठामा संसारबाट अलग्गिएको अवस्थामा एकलै भित्र थियो, र त्यो कोठा नै त्यसको चिहान पनि थियो।

त्यो मानिसले अझै सास फेरिरहेको थियो। प्वालबाट तिनलाई दिएको भोजन र पानीलाई खान्थ्यो, पिउँथ्यो, तर त्योबाहेक ऊ मरेतुल्य अवस्थामा थियो। त्यो अँध्यारो र मौन अवस्थामा त्यो मानिस आफ्नो दिन र रातलाई एकलै बिताइरहेको थियो। यसरी आफ्नो सह-मानवहरूसँग भएको सम्बन्धलाई तोडेर त्यो मानिसले आफ्नो पापलाई निर्मूल पार्दैन र? सबै प्राकृतिक इच्छाहरू निषेध पारिँदा बढी पवित्रता पाएर पुण्य कमाउँदैन र? त्यसरी नै उहाँको धर्मले उहाँलाई सिकाएको थियो, र उहाँ अहिले नै सहरमा एउटा पूजनीय व्यक्ति भइसक्नुभएको थियो। यसरी गर्दा निर्वाणमा(आत्माको उद्धार) प्रवेश गर्न सकिन्छ भन्ने विचारले आफ्नो स्वेच्छाले यसरी मरेर जिउनु भन्ने कुरामा उहाँ प्रवेश गर्नुभएको थियो।

एड्किन्स र हड्सनले पालैपालो गर्दै हेर्नुभयो। यस्तो पवित्र मानिसहरू र

उहाँहरूलाई पछ्याउने भक्तजनहरूका बारेमा उहाँहरूले पहिले नै सुन्नुभएको थियो, तर योभन्दा अघि कहिल्यै देख्नुभएको थिएन। एउटा गहिरो दयाले प्रभावित भएर एड्कूकिन्स त्यो मानिससँग बोल्नको लागि अझै प्वालको नजिक जानुभयो। एड्कूकिन्सले एउटा सत्य परमेश्वरको सन्देशलाई ल्याएको कुरालाई त्यो पवित्र मानिसलाई बताउनुभयो, र त्यो मानिसको पापहरू क्रूसको खातिर सित्तैमा क्षमा गरिन्छ भन्ने कुरालाई बताउनुभयो। आफूले सक्ने स्पष्टतासहित येशूको क्रूसको मृत्यु, पुनरुत्थान र विश्वास गर्नेहरूको उद्धारकर्ता बन्नु भन्ने कुराहरूको बारेमा एड्कूकिन्सले बताउनुभयो। यी सबै कुराहरू त्यो भित्ताभित्र भएको मानिस र बाहिर वरिपरि भएको पुजारीहरू सबैको लागि अनौठो कुरा थियो। उहाँहरूले कहिल्यै पनि यो "विदेशी धर्म" को बारेमा सुन्नुभएको थिएन, र भावना व्यक्त नगर्ने आँखाहरू र अविश्वासको मुहारसहित मिशनरीहरूलाई हेरिबस्नुभयो।

उहाँहरूको लागि उहाँहरूको आफ्नै ईश्वर बुद्ध हुनुहुन्थ्यो, र पश्चिमेली मानिसहरूको लागि आफ्नै ईश्वर येशू हुनुहुन्थ्यो। सबैलाई असलै भयो। धर्म कुन भनेको कुरा महत्त्वपूर्ण भएन, सबै एकै ठाउँमा पुऱ्याउँछ भन्ने नै उहाँहरूको विचार थियो। आएको पाहुनाहरूलाई मन्दिरको आँगनसम्म ल्याएर मित्रतासहित दण्डवत् गरेर बिदा दिएपछि उहाँहरूको त्यो मधुरो बत्ती बल्ने अँध्यारो भवन, जुन अगरबत्तीको धूवाँ र डरलाग्दो मूर्तिहरूले भरिएको थियो, जसमा त्यो पवित्र मानिस अझै अँध्यारोमै हुनुहुन्थ्यो, त्यहाँ नै फर्किए।

IOG Mission

हड्सन र एड्कूकिन्स सडकमा आइपुगे, र तुरुन्तै आकर्षणको पात्र बन्न पुगे। उहाँहरूले तीन–चार पटक नाउमा गएर किताबहरू र पर्चाहरू लिएर आएर बाँड्नुपरेको थियो। बेलुकी नहुञ्जेल उहाँहरू शान्त वातावरणमा रहन पाउनुभएन, र बेलुकी भएपछि मात्रै उहाँहरूले आफ्नो दिनको कामहरूलाई समीक्षा गर्न पाउनुभयो। उहाँहरू दुवै जनाले एउटा पगोडा भवनको घुमाउरो सिँढी हुँदै माथि गएर तलको दृश्यहरूलाई शान्त रूपमा हेरिबस्नुभयो।

त्यो सहरचाहिँ छानाहरूले भरेको तालजस्तै देखिन्थ्यो, र सहरको वरिपरि बलियो मोटो पर्खाल थियो, र त्योभन्दा बाहिर गाउँ बस्तीहरू थिए। अझै टाढा हेर्दा यताउता देखिने पगोडा भवनहरू र मन्दिरहरूले अर्को सहर धेरै टाढा छैन

भनी स्पष्ट पार्थे।

लाखौँ मानिसहरू उहाँहरूले देख्न सक्ने दूरीभित्र नै बसोबास गरिरहेका थिए। योचाहिँ सुसमाचार नफैलाएको सयौँ माइलहरू फैलिएको अन्वेषण नगरिएको महान् साम्राज्यको एउटा सानो भाग मात्र हो – चीनको भित्रीय भागहरू।

उहाँ त्यो पगोडा भवनमा उभिरहेको हुँदा चीनको जनसङ्ख्याको विशालपनले उहाँलाई एउटा नयाँ कुरा देखाउँदै थियो। डा. पार्कर र उहाँ धेरै माइलहरू हिँडेर गाउँहरूतिर पर्चाहरू बाँड्न गएको भए तापनि अहिलेसम्म, सानो गल्लीहरू र भीडले भरेको बजारहरू भएको शाङ्घाई मात्र उहाँको दर्शनको सीमाभित्र परेको थियो।

तर अहिले उहाँले त्यो सम्म भूमिको दृश्य पाउँदा पश्चिमीय भागहरूको बारेमा थोरै ज्ञान पाउन थाल्नुभयो, सोच्नै नसक्ने त्यो विशाल भूभागहरू, जुन सहरहरू, उप–सहरहरू, बजारहरूले भरिएको थियो। यी सबै ठाउँहरूमा रहनेहरूले थाहा पाएको एक मात्र बाटो मृत्युमा पुऱ्याउने अन्धकारको बाटो मात्रै थियो। उहाँले त्यो मौन बसिरहेको भित्ता भित्रको मानिसलाई सम्झिनुभयो। यहाँ देखिएको त्यही नै अवस्था – मन्दिरहरू, बितिगएको आत्माहरूलाई पुज्ने प्रथा, भूतात्माहरूप्रतिको डर यी कुराहरूले पृथ्वीको यो महान् पूर्वीय सभ्यतालाई कालो बादलजस्तै ढाकेको थियो। यी भागहरू आशाहीन अवस्थामा एउटा विशाल भूतको हातहरूमा परेको जस्तै देखिन्थ्यो।

यो जवान केटा जसले "मेरो लागि चीन जाऊ" भन्ने आवाज सुन्नुभयो, पहिले कहिल्यै नभएझैँ अहिले आफ्नो अगाडि रहेको कामको विशालतालाई बुझ्न थाल्नुभयो। त्यही नै समय उहाँको प्राण यो लडन्तको लागि तयार हुन थाल्यो। उहाँको अगाडि एउटा लडन्त छ, जुनचाहिँ उहाँको शरीरको सबै बललाई माग्छ, र जसको लागि उहाँले कहिल्यै नसोचेको निडरता र सङ्कल्पको आवश्यक पर्छ। यो विचार आफ्नो मनमा हुँदा उहाँ नाउमा फर्कनुभयो। जति मूल्य चुकाउनु परे तापनि बाटो जति अप्ठ्यारो भए तापनि यो भूमिको मानिसहरूको बीचमा ख्रीष्ट प्रचारिनुपर्छ, उहाँले मात्र यिनीहरूलाई मृत्युबाट बचाउन सक्नुहुन्छ।

अध्याय

# १० चोरहरू

हड्सन थकित भएर मन्दिरको सिँढीहरूमा नै बस्नुभयो, र रातलाई त्यहीँ नै बिताउने निर्णय गर्नुभयो। रातको एक बजिसकेको थियो, र त्यो अपरिचित सहरमा उहाँले व्यर्थमा सुत्ने ठाउँ खोज्नुभएको थियो। उहाँको लागि सबै ढोकाहरू बन्द भएको जस्तो लाग्यो, र अझै हिँड्नको लागि उहाँमा तागत थिएन। त्यो अप्ठ्यारो सिँढीमा आफ्नो पैसाको झोलालाई टाउकोमुनि राखेर खुट्टा पसार्नुभयो। सुत्न सक्छ कि भनी सोच्दै हुनुहुन्थ्यो।

लामो नीलो गाउन, कपडाको चप्पलहरू र टुपी छोडेर खौरेको टाउकोसहित योर्कशियरको सेतो छाला र नीलो आँखा भएको केटा अहिले झण्डै–झण्डै चिनियाँजस्तै देखिनुभयो। केही महिना अघिदेखि यसरी उहाँले चिनियाँहरूले जस्तै वस्त्र लगाउने कुरालाई पछ्याउन थाल्नुभएको थियो। यस्तो गरेकोमा उहाँले आफ्नो युरोपेली साथीहरूबाट धेरै नै आलोचना सहनुपरेको थियो, तर चिनियाँहरूको बीचमा सजिलोसँग मिल्न सक्नुभयो, साथै धेरै ठाउँहरूमा लामो यात्राहरू गर्न सक्नुभयो, जुन ठाउँहरूमा युरोपेलीहरूलाई भीडले घेरिहाल्थ्यो।

उहाँ पहिलो पल्ट यसरी बाहिर सुत्नुपर्ने भयो। कताकता सबै कुरा नराम्रो भइरहेको जस्तै देखिन्थ्यो। पहिलो उहाँले आफ्नो सम्पूर्ण औषधिहरूलाई आगोमा गुमाउनुभयो, जुनचाहिँ एउटा गम्भीर नोक्सानी थियो, किनभने त्यो सबै महँगो थियो। त्यसपछि सबै सामग्री र झोलासहित उहाँको नोकर हराउनुभयो, र बाँकी उहाँको साथमा भएको चाहिँ उहाँले लगाएको लुगा मात्र थियो। अब यी सबैभन्दा माथि उहाँले सुत्नको लागि ठाउँ पाउनुभएन। उहाँले सोच्नुभयो, ठीक छ, बिहान भइसकेपछि केही खाजाहरू खाने त्यसपछि अन्तिम एक पल्ट आफ्नो हराएको नोकर र सामग्रीहरू खोज्ने, त्यसपछि शाङ्घाई फर्किने। अहिले हातमा भएको थोरै पैसा राखेर डा. पार्कर बसोबास गर्ने निङ्पोमा पुग्न प्रयास

गर्नु व्यर्थ हुन्छ। उहाँले आफ्नो टाउकोलाई त्यो अप्ठ्यारो सिरानीमा राखेर निद्राले हाई काट्दै आँखा बन्द गर्नुभयो।

अचानक उहाँ बिउँझनुभयो, तर हल्लिनुभएन। अँध्यारोमा केही कुरा आइरहेको देख्नुभयो। त्यो फराकिलो सिँढीहरू हुँदै एउटा थोत्रो लुगा लगाएको भिखारीजस्तो देखिने स्वरूप उहाँ सुतिरहेको ठाउँ नजिकै आइरहेको थियो। त्यो मानिस बिस्तारै निश्चल मिशनरीको छेउमा आयो, र उहाँलाई हेर्‍यो। हड्सन चल्नुभएन, र एक–दुई मिनेट पछि, उहाँ सुतिरहनुभएको छ भन्ने कुरालाई पक्का गरेर त्यो भिखारीले निहुरेर उहाँलाई छामेर हेर्न थाल्यो।

हड्सन बिस्तारै बोल्नुभयो, "तिमीलाई के चाहियो?" तर उहाँको स्वरमा चिन्ता देखिन्थ्यो। भिखारी छक्क परे, सिँढीमा भएको मानिस सुतेको छैन रहेछ, र उसको आवाजचाहिँ तुरुन्तै प्रतिरोध गर्नेजस्तो देखिँदैछ। त्यो भिखारी आत्तुरीसँग भाग्यो।

पैसालाई अझै सुरक्षित ठाउँमा राख्नुपर्छ भनी हड्सनले निर्णय गर्नुभयो, यसैले अलिकति पैसालाई आफ्नो खल्तीमा र अलिकतिलाई आफ्नो हातको बाहुलीभित्र हालेर फेरि सुत्नुभयो। उहाँ सुतिरहँदा फेरि केही कुराले उहाँलाई बिउँझायो। त्यो अँध्यारोमा मानिसहरूका स्वरूप आइरहेको उहाँले थाहा पाउनुभयो। त्यो भिखारीले आफ्नो अझै एक–दुई जना साथीहरूलाई पनि लिएर आए। अहिले पनि हड्सन आफ्नो टाउको पछाडि भएको झोलामा पैसा खोज्ने एउटा हातको महसुस नगरुञ्जेल निश्चल नै रहनुभयो।

"तिमीहरूलाई के चाहिन्छ?" उहाँ फेरि पनि शान्त रूपमा, तर पहिलेको जसरी नै गम्भीर आवाजमा सोध्नुभयो। उहाँले जवाफ पाउनुभएन, तर त्यो भिखारीहरू एक–दुई कदम पछि हटे, र बसे।

"तिमीहरू के गर्दैछौ? हड्सनले फेरि सोध्नुभयो।"

"तिमीले जस्तै नै मन्दिरको बाहिर रात बिताउँदैछौँ।" उहाँले उत्तर पाउनुभयो।

हड्सनले भन्नुभयो, "दया गरी सबै उतापट्टि जाऊ, र मलाई एकलै छोडिदेऊ,



TOG Mission

त्यहाँ तिमीहरू सबैलाई धेरै ठाउँ छ।"

ती मानिसहरूले केही जवाफ दिएनन्, र त्यहाँबाट हटेनन्। आफू निदाइहाल्छु कि भन्ने विचारले हड्सन उठेर बस्नुभयो। होस पुऱ्याएन भने भएको सबै पनि लुटिन्छ भन्ने पक्का भयो। एउटा भिखारीले भन्न थाल्यो, "तिमी जिउ तन्काएर सुत, नत्र भोलि तिमीले काम गर्न सक्दैनौ। नडराऊ, हामीले तिमीलाई छोडेर जाँदैनौँ। अरू कसैले तिमीलाई हानि नगर्ने गरी हामीले तिमीलाई सुरक्षा दिन्छौँ।"

हड्सनले ठूलो स्वरले भन्नुभयो, "सुन, तिमीहरूको सुरक्षा मलाई चाहिँदैन, मलाई आवश्यक छँदै छैन। म एउटा चिनियाँ होइन, र म निर्जीव मूर्तिहरूलाई पुज्दिनँ। म परमेश्वरलाई पुज्छु, उहाँ नै मेरो पिता हुनुहुन्छ र मेरो भरोसा उहाँमाथि नै छ। उहाँले मलाई रक्षा गर्नुहुन्छ। तिमीहरू को हो र तिमीहरूले के गर्न खोजिरहेछ मलाई थाहा छ, म भन्छु, म सुत्नेछैनँ, तिमीहरूमाथि मेरो आँखा राखिरहन्छु।"

भिखारीहरू त्यहाँबाट हटेनन् र हड्सन पनि। बिउँझिरहने प्रयास गर्दै भित्तामा अडेस लगाएर बसिरहनुभयो, र समय बित्दै गयो। आफू सुतेको छैन भन्ने कुरालाई तिनीहरूले थाहा पाउन र अर्कोपट्टि आफूलाई निदाउन नदिन बेला–बेलामा केही शब्दहरू भनिरहनुभयो। अन्तमा आफूलाई बिउँझाइराख्नको लागि गीत गाउनुपर्छ भन्ने विचार उहाँमा आयो, र गाउँदा–गाउँदा थकित भइसकेपछि बाइबलको पदहरूलाई ठूलो स्वरले भन्न थाल्नुभयो, र प्रार्थना गर्नुभयो। यी सबै उहाँले आफूलाई उत्साहित बनाइराख्नको लागि गर्नुभयो, तर भिखारीहरूमाथि अर्कै परिणाम ल्यायो। तिनीहरूले एक अर्कासित गनगन गर्न थाले, उहाँलाई चुप रहनु भने, अन्तमा त्यहाँबाट गए। बिहान हुने बेलामा तिनीहरू त्यो गल्ली हुँदै गइसकेको देखेपछि हड्सन शान्त हुनुभयो, र सहर बिउँझनुभन्दा अघि केही समय सुत्नु पनि भयो।

"स्यालका दुला  र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन्, तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन।" शाङ्घाई जानको लागि, जहाँ नाउ पाउँछ भनी उहाँले आशा गर्नुभयो, त्यतातिर खेतहरू हुँदै गइरहेको हुँदा यी धर्मशास्त्रका शब्दहरूमा एउटा नयाँ अर्थ उहाँले देख्नुभयो। उहाँले हिजोको

दिनमा सुत्ने ठाउँ खोज्दा भए जसरी नै, तुच्छ ठानिनु र तिरस्कार गरिनु भनेको के हो भनी उहाँको मालिकलाई थाहा छ। त्यसरी नै उहाँको मालिकलाई बाहिर सुत्दा हुने असजिलोपन र जाडोलाई सहनु, साथै अनैतिक मानिसहरूद्वारा दुःख पाउनु भनेको के हो त्यो पनि थाहा छ।

महिमाको परमेश्वर ख्रीष्ट येशूले उहाँको लागि भोग्नुभएको कष्टको तुलनामा हड्सनको आफ्नै कष्ट र अपमान महत्त्वहीनको देखियो। अहिले भइरहेको जसरी आफ्नो सबै थोकलाई गुमाए तापनि त्यो ठूलो कुरा होइन। उहाँले माया गरिराखेको सांसारिक सम्पत्तिहरूभन्दा चिनियाँहरूको प्राणको मूल्य अति नै बढी छ। किन यो कुराको बारेमा यति चिन्तित हुनुपर्ने, तर अनभिज्ञ, दरिद्र र पापमा जिइरहेका प्राणहरूको लागि थोरै मात्रै फिक्री भयो? हिँड्दै गर्दा उहाँले प्रार्थना गर्न थाल्नुभयो, "हे प्रभु, मेरो सबै भूलहरूलाई क्षमा गर्नुहोस्। तपाईंको इच्छालाई मात्र पूरा गर्न र तपाईंको पाइलाहरूलाई पछ्याउन मलाई सहायता गर्नुहोस्।" अब उहाँको लागि ख्रीष्टको पाइलालाई पछ्याउनु र उहाँजस्तै हुनु भन्ने कुराहरूबाहेक अरू कुराहरू महत्त्वहीन देख्न थाले।

त्यो दिन राति नाउ-घरमा बस्ने केही मिलनसार मानिसहरूले उहाँलाई आफूसँग रहन निम्तो दिए, र उहाँले त्यसलाई खुशीसाथ स्वीकार गर्नुभयो। उहाँको आफ्नो ओढ्यानविना अति जाडोको महसुस गर्नुभयो, तर लुटिन्छ कि भन्ने डरविना सुत्न पाउनु उहाँको लागि शान्तिको कुरा थियो। भोलि बिहान उहाँ उठ्दा घाँटी अलिकति दुखिरहेको थियो, तर हृदय शान्त भएको थियो, किनभने सबै घाटाको चिन्ता उहाँबाट हटेको थियो। ती कुराहरूलाई फिर्ता पाउनु नै असल हो भने परमेश्वरले सबै कुराहरू फिर्ता दिन सक्नुहुन्छ, यदि दिनुभएन भने ती कुराहरू हड्सनलाई चाहिँदैन।

अब उप्रान्त उहाँले आफ्नो नोकर र सामानलाई खोजिरहनुहुनेछैन, र बाँकी भएको काम भने शाङ्घाई जानको लागि नाउ खोज्नु र चाँडै त्यहाँ फर्किनु मात्र थियो। नाउ पाइन्छ भनी आशा गरेको ठाउँतिर उहाँ हिँड्न थाल्नुभयो, बाटोमा भएको एउटा होटेलमा बिहानको खाजा खाइसकेपछि उहाँको हातमा ८१० मात्र नगदको रूपमा बाँकी थियो। भाडा तिर्न र शाङ्घाई पुग्न लाग्ने तीन-चार दिन यात्रामा भोजनको लागि खर्च गर्न मात्र त्यो पैसा पुग्छ; अब चाँडै नाउ

खोज्नुपर्छ।

तर कुनै पनि नाउ शाङ्घाई जाने यात्रामा थिएन। कसिङ्ग–फुसम्म जाने नाउहरू पनि छैन भनी उहाँलाई बताइयो। हड्सनले नाउ–कार्यालयदेखि नदी किनारसम्म ओहोरदोहोर गर्नुभयो, र त्यहाँ शाङ्घाईतिर जाने नाउहरूको बारेमा जानकारी दिन सक्ने हरेकलाई सोध्नुभयो, तर सबै व्यर्थ भयो।

नाउहरू किनारको सुख्खा जमिनमा थिए, र पानी परेर नदीमा पानीको तह नबढुञ्जेल ती सबै त्यहाँ नै रहनुपरेको हुन्छ। त्यो हुनको लागि हप्ताँहरू हुन सक्छ, तर उहाँको हातमा पाँच दिनको लागि पुग्ने पैसा मात्र थियो। उहाँ पूर्ण रूपमा आशाहीन भएको अवस्थामा अचानक उहाँले हुलाक–नाउलाई देख्नुभयो, जुनचाहिँ सामानहरू बोक्ने जहाजहरूभन्दा सानो हुन्छ, त्यो कसिङ्ग–फुतिर जाँदैथियो।

हड्सन आफ्नो थकाइ र खुट्टाको घाउलाई बिर्सेर दौडन थाल्नुभयो। नाउ उहाँभन्दा अगाडि थियो, र बोल्दा सुन्ने ठाउँमा पुग्नको लागि पछिपछि झण्डै उहाँ एक माइल जति दौडनुपरेको थियो।

“तपाईंहरू कसिङ्ग–फुतिर जाँदै हुनुहुन्छ?” भनी उहाँ चिच्च्याउनुभयो।

“होइन,” उत्तर आयो।

“तपाईंहरू त्यो दिशामा जाँदै हुनुहुन्छ?”

“होइन।”

निरास भएर हड्सनले सोध्नुभयो, “तपाईंहरू जहाँसम्म जानुहुन्छ त्यहाँसम्म लगिदिनुहुन्छ?”

नाउ आफूलाई छोडेर गइरहेको देखेर हड्सन मरेतुल्य हुनुभयो। यही नै अन्तिम आशा थियो। उहाँले बिसन्चो भएको महसुस गर्नुभयो, र शरीर चिसो भएको अनुभव गर्नुभयो।

बस्नु असल हुन्छ भनी त्यहाँ नदीको किनारमा घाँसहरूमाथि बस्नुभयो र

अचानक सबै अन्धकार हुन थाल्यो, र उहाँ बेहोस हुनुभयो।

कति समय उहाँ त्यसरी रहनुभयो थाहा भएन। बिस्तारै होसमा आउन थाल्दा आफ्नो वरिपरि मानिसहरू बोलिरहेको आवाज सुन्नुभयो। तिनीहरू नदीको उतापट्टिबाट आएका थिए र आफ्नो बारेमा कुरा गरिरहेका छन् भनी थाहा पाउनुभयो।

कसैले शुद्ध शाङ्घाई बोलीमा भन्यो, "यो मानिस शुद्ध शाङ्घाई बोली बोल्दछ।" तिनीहरूले उहाँलाई आफ्नो सहरको(शाङ्घाई) एउटा स्थानीय भनी बुझे भन्ने कुरा स्पष्ट देखिन्थ्यो। एक छिनमा हेर्दा उहाँले सानो नाउ आफूलाई लिनलाई आइरहेको देख्नुभयो, र त्यसमा चढ्नको लागि उहाँलाई निमन्त्रणा दिए।

त्यो नाउमा भएका मानिसहरूले उहाँको कहानी सबै सुने। उहाँको नोकर सामानसहित हराउनुभयो र तिनले उहाँलाई दुई दिनदेखि खोजिरहनुभएको छ, र अहिले उहाँसँग शाङ्घाई जानको लागि पुग्ने पैसा मात्र छ, तर नाउचाहिँ भेटिएको छैन। थकित भएको र आफूजस्तै वस्त्र लगाएको र स्थानीय जस्तै आफ्नो भाषा बोल्ने पश्चिमेली मानिसलाई तिनीहरूले दयासहित हेरे। चिया पिइसकेपछि उहाँलाई खुट्टा धुनको लागि तातो पानी दिए, र उहाँको खुट्टामा भएको फोकाहरू देखेर छक्क परे। त्यो नाउको कप्तानले उहाँलाई भोजन दिए र शाङ्घाई जाने नाउ खोजी दिए, र आवश्यक परे भाडा पनि तिरिदिन तयार भए। अन्तमा अभाग्यको छाल फर्केर गयो, र उहाँको समस्याहरू अन्त भए।

शाङ्घाईमा आइसकेपछि चालीस पाउण्ड मूल्य बराबरको सामग्रीसहित हराएको नोकरको खोजीनिती गर्न थाल्नुभयो। पश्चिमेली राष्ट्रिय मानिसहरूको लागि चिनियाँहरू कामदार बन्नुहुँदैन भन्ने विचार भएको कुनै निर्दयी अधिकृतद्वारा कैदमा परे, कि अथवा सामानलाई तिनले आफ्नो लागि लिएर भागे?

चाँडै नै थाहा हुन आयो, कि तिनले सामानलाई आफ्नो लागि लिएर भागेका रहेछन्, र सबैले तिनीसँग कानुनी व्यवहार गर्न हड्सनलाई कडा सल्लाह दिए। त्यस्तो मानिसले दण्ड भोग्नुपर्छ भनी बताइयो, र हड्सनले पनि त्यो कुरा

व्यावहारिक रूपमा सही हो भनी स्वीकार गर्नुभयो। यद्यपि अर्को एउटा कुरालाई यहाँ सोच्नुपरेको थियो। हड्सनले त्यो नोकरलाई परमेश्वरको प्रेम र आफूलाई किला ठोकेको मानिसहरूलाई पनि क्षमा गर्नुपर्छ भनी धेरै पल्ट प्रचार गर्नुभएको थियो। अहिले खराबको सट्टामा असल गरेर त्यो कुरालाई व्यवहारमा प्रकट गराउन एउटा असल मौका उहाँले पाउनुभएको छ। यसैले यो कुरालाई एउटा अधिकृतकहाँ पुऱ्याउनुको सट्टामा आफैले कामदारको भूललाई देखाएर आफ्नो बाटो सुधार्न सल्लाह दिएर एउटा चिठी लेख्नुभयो।

आफ्नो चालीस पाउण्ड मूल्य बराबरको सामग्रीहरूलाई फिर्ता पाउनुभन्दा त्यो मानिसको विवेकमा एउटा छुवाइ भएर नरकबाट बच्नको लागि परमेश्वरतिर फर्किनु कति महत्त्वपूर्ण कुरा होला। यो क्षमाको कामले त्यो मानिसको जीवनमा एउटा परिवर्तन ल्याउँछ भने हड्सनले त्योजस्तै दोबर मूल्यको सामग्रीहरूलाई पनि गुमाउन तयार भइहाल्नुहुन्छ। तर यथार्थमा उहाँसँग त्यस्तो कुराहरू थिएन। चिठीलाई पठाइसकेपछि, निङ्पो जानुभन्दा अगाडि उहाँसँग बाँकी भएको थोरै फर्निचरहरूलाई बेचेर आफूले गुमाएको त्यो कुराहरूमा महत्त्वपूर्ण कुराहरूलाई मात्र फेरि जोड्न सक्छ कि भनी प्रयत्न गर्नुभयो।

उहाँ त्यहाँबाट जानको लागि तयार गरिरहेको हुँदा बेलायतबाट एउटा हुलाक-जहाज आएको छ भन्ने खबर आयो। हुलाक-जहाजको आगमनलाई युरोपेली समुदायको मानिसहरूले अति खुशी मान्ने गर्थे, र हड्सन टेइलर पनि अरू जसरी नै आफूलाई आएको हुन सक्ने पत्रहरूलाई सङ्कलन गर्न अति इच्छुक हुनुहुन्थ्यो। त्यहाँ जाँदा पत्र लिन आएका अन्य बेलायती मानिसहरूद्वारा उहाँको चिनियाँ लुगा र टुपीले गर्दा तुच्छ ठानिनुभयो। पत्रहरूलाई सङ्कलन गरेर घरतिर हिँडिरहेको हुँदा उहाँलाई आमा अथवा बहिनी अमेलियाबाट परिवार र बर्न्सलेको बारेमा केही पत्र आएको छ कि भनी खोज्नुभयो, साथै आफ्नो तलबसहितको पत्र चाइनिज एभाञ्जलइसेसन सोसाइटीबाट आएको छ कि भनी हेर्नुभयो, अथवा आफूसँग काम गर्न आउँछु भनी आफ्नो साथी बेनले (Ben) कतै चिठी लेखेको छ कि भनी खोज्नुभयो।

सबै चिठीहरू हेर्दै गर्दा एउटा परिचित हस्तलिपि देख्नुभयो। त्योचाहिँ यो

जवान मिशनरीको कामप्रति बढी चासो देखाउन थालेको श्रीमान् बेर्गरबाट थियो, र उहाँको पत्रहरूले सधैँ नै हड्सनको जीवनमा उत्साह र खुशी ल्याउँथ्यो। उहाँले त्यो पत्रलाई खोलेर पढ्न थाल्दा यस्तो शब्दहरूमा आइपुग्नुभयो: "यो पत्रको साथमा पठाएकोलाई म र मेरो प्रिय पत्नीबाटको प्रेमको चिन्हको रूपमा स्वीकार गर्नुहोस्।" पत्रको साथमा पठाएको - के हो त्यो? चिठीभित्र भएको एउटा सानो गुलाबी रङ्गको कागजलाई आश्चर्य साथ हेर्नुभयो। त्यसलाई खोलेर हेर्दा उहाँको नाममा भएको एउटा चालीस पाउण्डको चेकलाई देख्नुभयो। हड्सनले त्यसलाई हेरिरहनुभयो।

परमेश्वरलाई उहाँको जीवनको सबै कार्य र परिस्थितिको बारेमा थाहा छ भन्ने कुरा फेरि एक पल्ट निश्चित रूपमा प्रमाणित भयो। उहाँले चालीस पाउण्ड मूल्य बराबरको सामानहरूलाई गुमाउनुभएको थियो, तर उहाँ लुटिनुभन्दा ६ हप्ता अघि नै ती सामग्रीहरू सबै फेरि लिनको लागि बेलायतबाट पैसा पठाइसकेको छ। (साथै त्यति नै पैसा उहाँलाई अर्को एक ठाउँबाट पनि चाँडै नै आइपुग्छ भनी उहाँलाई थाहा थिएन।) त्यो नोकरलाई दण्ड नदिने कदम उठाएकोमा उहाँ अति नै रमाउनुभयो। उहाँ अहिले छेकियाङ्ग प्रान्त हुँदै त्यसको वनहरू धानको खेतहरू हुँदै यात्रा गर्नुभयो, र अर्को एउटा जाँचलाई सिद्ध्याएको सानो केटोले जस्तै अनुभव गर्नुभयो, र आफ्नो मालिकको "स्याबास" भन्ने प्रशंसाको आवाज उहाँको कानहरूमा गुञ्जिरहेको थियो।

# अध्याय ११ मरिया

सुश्री आल्डर्सी एउटा असल स्त्री हुनुहुन्थ्यो। निङ्पोमा भएको सबै, चिनियाँ र पश्चिमेली दुवैले यो कुरालाई स्वीकार गर्थे। यथार्थमा चिनियाँहरूले तिनलाई बेलायतको राजदूतभन्दा पनि बढी महत्त्वको व्यक्ति भनी ठान्थे, राजदूतले तिनको कुरालाई हरेक पल्ट मान्नुहुन्छ भनी तिनीहरूले भन्थे। तिनी तान्त्रिक शक्ति भएकी व्यक्ति हुन् भन्ने हल्ला फैलिएको थियो। सहरमा आउने भूकम्पको झट्काहरू तिनीसँग भएको नौलो बोतललाई तिनले सहरको पर्खालमा आएर बिहान पाँच बजे खोलेकोले भएको हो कि अथवा सहरमा हुने अन्य अनौठो कुराहरू आदरणीय शिक्षिका आल्डर्सीको तान्त्रिक शक्तिले भएको हो कि भनी त्यहाँका बासिन्दाहरूले सोच्थे। विनाशङ्का बेलायतको रानी आफैले निङ्पोमा भएको आफ्नो प्रजाहरूलाई शासन गर्न सुश्री आल्डर्सीलाई नियुक्त गर्नुभएको छ, र बेलायतको राजदूतले तिनको कुरा मान्नुहुन्छ! यसरी नै चिनियाँहरूले मान्थे।

युरोपेली समुदायले पनि त्यसरी नै मान्थे, तर भूकम्पको झट्कालाई तिनीबाटको भन्दैनथे, किनभने तिनको बोतलमा भएको चाहिँ औषधि मात्र हो भन्ने कुरा उनीहरूलाई थाहा थियो। तिनी हरेक दिन दैनिक जीवनको कामहरूको साथ केही महत्त्वपूर्ण कुराहरू पनि गर्थिन् भन्ने कुराहरू पनि युरोपेलीहरूले महसुस गर्थे। हरेक दिन बिहान पाँच बजे हिउँदमा भए पनि गर्मीयाममा भए पनि, झरीमा भए पनि चम्किलो बिहानमा भए पनि, सहरको पर्खालमा व्यायामको लागि तिनी हिँड्थिन्। बत्ती लिएर साथमा आउने आदेश एउटा नोकरलाई दिएर तिनी आफ्नो दैनिक व्यायामको लागि जान्थिन्। युरोपेली समुदायको मानिसहरूलाई सो गर्न भूकम्प नै आए पनि पुग्दैन। त्यो एउटा कुराको लागि भए पनि तिनी एउटा असल स्त्री भनी तिनीहरूले स्वीकार गर्थे। तर तिनले त्यति मात्र गर्दिन थिइन्। तिनी निङ्पोमा आएको एउटा अग्रदूत

मिशनरी थिइन्, र तिनले चिनियाँ केटीहरूको लागि एउटा प्रोटेस्टेन्ट विद्यालय स्थापना गरेकी थिइन्, र काम गर्नुमा सक्षम भएकोले उनी कमजोरी र दुर्बल थिइन्। तिनी भोजन लिँदा पनि आफ्ना विद्यार्थीहरूले पाठ गरेको सुन्दै भोजन लिन्थिन्। अरू मिशनरीहरू आफ्नो स्वास्थ्य र शारीरिक भलाइको लागि बिदा लिएर केही समय समुद्रको छेउमा समय बिताउन जान्थे भने तिनी कहिल्यै बिदा लिँदैन थिइन्। तिनीचाहिँ नौ तला भएको पगोडा भवनको माथि गएर समुद्रको हावा खान्थिन्, र त्यति बेला पनि आफ्नो विद्यार्थीहरूलाई आफ्नो साथमा लिएर जान्थिन्। साँच्चै नै उनी एउटा उल्लेखनीय स्त्री थिइन्, र बेलायतको राजदूतले सधैँ तिनले भनेजस्तै नगरे पनि पक्कै 'गर्दिनँ ' भनी तिनलाई भन्न आँट गर्नुभएको थिएन।

त्यस्तो प्रभावशाली र महत्त्वपूर्ण व्यक्ति सुश्री आल्डर्सीले हड्सनलाई अलिकति पनि मन नपराउनु हड्सनको लागि दुर्भाग्यको कुरा थियो, तर त्यही नै यथार्थ थियो। उहाँको नामलाई उच्चारण गर्दा नै तिनी रिसले भरिहाल्थिन्, जुन रिसलाई तिनी धार्मिक रिस भनी मान्थिन्। कारण हड्सन टेइलरले मरियालाई विवाहको प्रस्ताव राख्नु सोच्न नसकिने घमण्डको कुरा हो भनी तिनले ठान्थिन्।

मरिया (Maria) एउटा मिशनरीकी छोरी थिइन्, तर तिनी अनाथ थिइन्, र तिनी आल्डर्सीको विद्यालयमा शिक्षिका थिइन्। तिनी एउटा अति उपयुक्त शिक्षिका थिइन्, बच्चाहरूलाई मनपराउँथिन्, र स्थानीय जसरी नै चिनियाँ भाषा बोल्थिन्। तिनी सुन्दरी पनि थिइन्, र आफ्नो उपनामको अगाडि मरिया भन्ने नाम राम्रो सुन्छ भनी सोचेका जवानहरूमध्ये हड्सन पहिलो व्यक्ति हुनुहुन्नथियो। यथार्थमा सुश्री आल्डर्सीले सधैँ तिनलाई आफ्नो साथमा राख्ने इच्छा गरेकी थिइन्। एउटा असल जवान मानिस पाउँदा तिनी आफ्नो आकर्षक कुसल जवान शिक्षिकाबाट छुट्टिन तयार थिइन्। तर हड्सन टेइलर? चिनियाँ लुगा लगाएको, टुपी पालेको मानिसलाई विवाह गरिदिनु? को हो त्यो? गरिब जवान कसैसँग सम्बन्ध नभएको मानिस हो ऊ। पूर्ण रूपमा विश्वास गर्न नसकिने कट्टरपन्थी, जसलाई कुनै पनि मिशन संस्थाले काममा नियुक्त गर्न मान्दैन। त्यस्तोले मरियालाई विवाह गर्ने? कदापि हुँदैन! पक्कै पनि तिनी मरियाको पैसाको पछि लागेछ।

तर बिचरा १९ वर्षको मरिया यो कुराले अति प्रभावित भइन्। मरियाको मनको विचारअनुसार टुपी भए पनि नभए पनि हड्सनलाई विवाह गर्ने कुराले तिनलाई बलियो रूपमा खिच्यो। सत्य कुरालाई भन्नुपर्दा हड्सनले कुरा उठाउनुभन्दा केही हप्ता अगाडिदेखि नै त्यो कुरा तिनको मनमा आउन थालेको थियो, तर तिनले त्यो कुरा आफ्नै मनमा राखिछोडिन्, तर अहिले सुश्री आल्डर्सीको रिस र अकाट्य कारणहरूको अगाडि मरिया सहायताहीन भइन्। यो प्रस्ताव पूर्ण रूपमा असम्भव छ, साथै यदि हड्सन एउटा इज्जतिलो व्यक्ति हुनुहुन्छ भने यो कुरालाई फेरि कहिल्यै उठाउनुहुँदैन भनी आल्डर्सीको आदेशअनुसार एउटा चिठी लेखिन्। सुश्री आल्डर्सीले त्यो चिठीलाई विजय पाएको मान्दै हातमा लिइन्, मरिया आँसुले भरिएर रुँदै कोठामा गइन्, र हड्सनले, जसले एउटा असल जवाफको लागि पर्खिरहनुभएको थियो, आफ्नो अनुहार अगाडि नै जोरले ढोका लगाएको जसरी अनुभव गर्नुभयो।

यस्तो प्रकारको अस्वीकृति पछाडि निङ्पोमा रहनु र काम गर्नु सजिलो थिएन, तर हड्सनलाई थाहा थियो, कि सो गर्नैपर्छ। उहाँले पहिले नै एउटा पसल किनिसक्नुभएको थियो, जुनचाहिँ प्रचार गर्ने भवनसरह भएको थियो, र अहिले उहाँ अस्पतालको जिम्मेवार व्यक्ति हुनुभएको पार्करको परिवारसँग नभएर श्रीमान् जोन्सको परिवारसँग बसोबास गरिरहनुभएको थियो, जो भर्खरै चीनमा आउनुभएको थियो। हड्सनको दिन प्रचार र "येशू धर्म" प्रति चासो राख्नेहरूसँगको भेटघाट र उपचारको कामहरूले भरिएको थियो। उहाँले धेरै एकलोपनको महसुस गर्नुभयो, साथीको लागि उहाँले गरेको सबै आशाहरू एक पछि अर्को गरेर भत्कियो। चीनमा भर्खरै आएको समयमा आफ्नो बहिनी अमेलिया चाँडै काममा साथ दिन आउँछिन् भनी आशा गर्नुभएको थियो। उहाँले अमेलियालाई अति प्रेम गर्नुहुन्थ्यो, र तिनी आएर घरको व्यवहार मिलाउने र चिनियाँ स्त्रीहरूको बीचमा सेवा पुऱ्याउने जिम्माहरू लिन्छिन् भनी सोच्नुभएको थियो। त्यसपश्चात् उहाँले भोग्नुभएको अनुभवहरूमा गहिरो चासो देखाएको साथी बेनको पत्रद्वारा बढी उत्साह पाउनुभएको थियो। बेन यता आउन सक्छ भनी उहाँले सोच्नुभएको थियो। अमेलिया र बेनको मगनी भयो, र दुवै उतै बस्छन् भन्ने खबर उहाँलाई आइपुग्दा त्यो उहाँलाई झट्का लागेको जस्तै भयो। अहिले तिनीहरू दुवैभन्दा पनि असल साथी बन्न सक्ने व्यक्ति भनी उहाँले

सोच्नुभएको मरियाले पनि उहाँको प्रस्तावलाई इन्कार गर्दा शब्दले व्यक्त गर्न नसक्ने गरी उहाँले त्यागिएको अनुभव गर्नुभयो।

गर्मी यामको सुरुको दिनहरू उहाँको लागि अति दुःखको दिनहरू थियो। उहाँ अलमल्ल पर्नुभएको थियो। मरियालाई प्रस्ताव राख्नेसम्म पुग्नुभन्दा अगाडि त्यो विषयको लागि उहाँले धेरै प्रार्थना गर्नुभएको थियो। आफूले गर्ने कुरा सही हो भन्ने कुरामा निश्चित भएर उहाँले काम गरेको हुँदा अहिले परिस्थिति विपरीत भएको देख्दा उहाँलाई अनौठो लाग्यो। उहाँको मनमा अझै पनि यो कुरा सही नै हो भन्ने विचार रहिरहेकोले आफूले सकेसम्म प्रयास गर्न खोज्नुभयो। मरियाको दैनिक प्रार्थनालाई उहाँले सुन्न पाउनुभएको भए यो कुरामा पक्का हुन सक्नुहुन्थ्यो। तिनले दैनिक बिहान र बेलुका दुवै पल्ट प्रार्थना गरिन्, र तिनी श्रीमती हड्सन टेइलर हुन अति नै इच्छुक थिइन्।

हड्सन टेइलरलाई यो सबै कुरा थाहा थिएन। उहाँले देखेको सबै मरियाको पत्र मात्र हो, जुनचाहिँ निराश ल्याउने खालको अन्तिम निर्णयको साथ लेखिएको थियो। पत्रको लेखोट मरियाकै थियो, तर लेख्ने तरिका तिनको थिएन। यो कतै सुश्री आल्डर्सीको लेख्ने तरिका हो कि भनी उहाँले सोच्नुभयो। आल्डर्सी साथमा नभएको बेलामा उहाँले मरियालाई भेट्न पाए हुन्थ्यो भनी सोच्नुभयो, तर त्यति बेला चीनमा अविवाहित पुरुषले अविवाहित स्त्रीलाई भेट्न सम्प्रदायले दिँदैन थियो, यसैले उहाँले आफ्नो हात बाँधिएको अनुभव गर्नुभयो। एक पल्ट उहाँले भेट्न गएको प्रयास पनि असफल भयो।

अन्तमा यससम्बन्धी आफूले केही गर्न सकिँदैन भन्ने निर्णयमा आउनुभयो। मनमा निराश छँदा पनि जुन महिनाको गर्मी याममा हरेक दिन बेलुकी एक घण्टा प्रचार गर्नुभयो। यदि उहाँले आफ्नो लामो बाटेको टुपीलाई काट्नुभयो भने मरियाको लागि सुहाउँदो जोडी देख्नुहुन्थ्यो भन्ने कुरालाई उहाँले महसुस गर्नुभयो। तर यदि त्यसरी काट्यो भने चिनियाँहरूको बीचमा सजिलोसँग आवतजावत गर्न सकिँदैन, जसले उहाँलाई आफूहरूमध्ये एक हो भनी ठान्थे।

“मेरो लागि चीन जाऊ,” भन्ने सुन्नुको कारण उहाँलाई थाहा थियो। यो भूमिमा उहाँले गर्नुपर्ने काम थियो, र त्योचाहिँ अनन्त मृत्युबाट बचाउन सक्ने

एक मात्र परमेश्वरको ज्ञानलाई फैलाउनु थियो। चीनको भित्रीय भागहरूमा यो सन्देशको लागि अझै धेरै सहरहरू, बजारहरू र गाउँहरू पर्खिरहेका छन्, र उहाँ त्यहाँ जानैपर्छ, यसैले त्यो लामो बाटेको टुपी हुनैपर्छ। तर हरेक दिन बिहान र बेलुका उहाँ घुँडा टेकेर प्रार्थना गर्दा मरियाको नामलाई पनि परमेश्वरको अगाडि उच्चारण गरेर उठ्नुहुन्थ्यो।

अचानक जुलाई महिनाको बीचमा सबै परिस्थिति एउटा अकल्पित वर्षाले गर्दा बदल्यो। आश्चर्य, त्यो पानी ठीक समयमा परेको थियो। श्रीमती जोन्सले निङ्पोमा रहेको सबै मिशनरी स्त्रीहरूलाई आफ्नो घरमा बोलाएर सत्कार गरिरहेको हुँदा अचानक आएको आँधीले नदीमा बाढी ल्यायो, त्यो एउटा ठूलो बाढीको रूपमा परिवर्तन भयो र त्यसपछि ठूलो पानी पर्न थाल्यो। सडकभरि सबै ठाउँमा पानी बग्न थाल्यो र सडकमा मानिसहरू कोही हिँड्न नसक्ने भयो, र जतातातै पानी जमेर दह बन्न पुग्यो। श्रीमती जोन्सको घरको झ्यालबाट मिशनरी स्त्रीहरूले बाहिर हेरे, र कहिले आफ्नो घर पुग्न सक्छ भनी चिन्तित भए।


केही समयपछि पालकी ल्याएर पूरै भिजेको अवस्थामा भरियाहरू आइपुगे। पालकीहरूभन्दा स्त्रीहरूको सङ्ख्या बढी थियो, यसैले कसैलाई पहिले लानुपरेको थियो, कोही पर्खिनुपरेको थियो। जानेहरूमध्येमा सुश्री आल्डर्सी पर्नुभयो, रहनेहरूमध्येमा मरिया परिन्। त्यति नै खेर आफ्नो प्रचार सिद्ध्याएर हड्सन र जोन्स घरमा आइपुग्नुभयो।

पहिले नै इन्कार गरिएको अवस्थामा चार–पाँच जनाको अगाडि फेरि विवाहको कुरा उठाउनु असल थिएन। हड्सनले त्यो कुरालाई महसुस गर्नुभयो, यसैले मरियाको लण्डनमा भएको अभिभावकलाई अनुमति मागेर पत्र लेख्न मरियालाई सोध्ने निर्णय गर्नुभयो। तर उहाँले बोल्न थाल्दा वरिपरि मानिसहरू भए तापनि त्योभन्दा बढी कुराहरू बोल्नुभयो, र मरिया जो प्रायः शान्त स्वभावकी थिइन्, अहिले उत्साह दिने गरी जवाफ दिइन्, र छोटो अवधिमा नै दुवै जनाको स्थान के हो भन्ने कुरा स्पष्ट भयो। पालकी आइपुग्दा हड्सन टेइलरले मरियाको अनुमति लिइसक्नुभएको थियो, र कसैले अन्यथा सोच्नुभएन।

हड्सनले मरियाको अभिभावकलाई पत्र लेख्न ढिलो गर्नुभएन, तर जवाफ आइपुग्दा चार महिना भइसकेको थियो। उहाँले पठाएको पत्रको साथ सुश्री आल्डर्सीले पनि मरियाको अभिभावक श्रीमान् टार्नलाई पत्र लेख्नुभयो। श्रीमान् टार्नले स्वीकृति दिनुभन्दा अगाडि हड्सनको बारेमा ध्यानसित खोजिनिती गर्नुभयो। त्यसपछि आफ्नो भान्जीले लामो टुपी भएको जवान मिशनरीलाई विवाह गर्न चाहेको हो भने त्यसलाई रोक्न कुनै असल कारण छैन भनी निर्णय गर्नुभयो। मरिया उमेरमा परिपक्व हुनुञ्जेल पर्खिनुपर्छ भन्ने एउटै कुरा मात्र उहाँले चाहनुभयो। जुलाई महिनाको त्यो पानी परेको दिनदेखि एक वर्ष नहुँदा नै मरिया बीस वर्ष पुगेको हुँदा हड्सन र मरियाको विवाह (जनवरी २० सन् १८५८) भएर ब्रिड्ज स्ट्रिटमा भएको प्रचार गर्ने भवनमाथिको एउटा कोठामा बसोबास गर्न थाले।

निङ्पोमा भएको त्यो ब्रिड्ज स्ट्रिटलाई हलमा रहेको ड्राइनसाइडको नाम दिएको भए सुहाउँदो हुन्थ्यो, किनभने त्यो पनि एउटा पुलमा सुरु भएर पुलमा नै अन्त हुन्थ्यो, र त्यहाँ ड्राइनसाइडमा भएको जसरी नै घर पछाडि एउटा नाली थियो। यो कोठामा उहाँ अविवाहित हुँदा नै आएर बसोबास गर्नुभएको थियो, र एक रात हिउँ पर्दा उहाँ सुतिरहेको बेला हिउँ झिँगटी हुँदै कोठाभरि आएको थियो, र यसैले मरियालाई ल्याउनुभन्दा अगाडि घरलाई अलिकति मर्मत गर्नुपर्छ भनी हड्सनले निर्णय गर्नुभयो। मरिया श्रीमती हड्सन टेइलरको रूपमा त्यहाँ आउँदा त्यो कोठा चार–पाँच वटा सानो–सानो कोठाको रूपमा छुटाएको थियो र सबैमा छुट्टै छाना लगाएको थियो। अहिले उहाँहरू चिनियाँहरूको बीचमा उहाँहरूले जस्तै लुगा लगाएर उहाँहरूकै भाषा बोल्दै आफ्नो काममा स्थापित हुनुभयो।

**हड्सन र मरियाको पहिलो घर - ब्रिड्ज स्ट्रिट, निङ्पो**



अध्याय

# १२ तीन जना वाङहरू

इज्जतदार वस्त्र लगाएको अग्लो मानिस श्रीमान् नी बिस्तारै गल्लीहरूमा हिँड्नुभयो। उहाँ आइरहेको देखेर परालको टोपी लगाएको भरियाहरूले उहाँलाई बाटो दिनको लागि सडकको किनारपट्टि सरे। उहाँ साँच्चै नै बुद्धिजीवी मानिस हुनुहुन्थ्यो, जसले धेरै कुराहरू पढेर बुझ्नुभएको थियो। त्यसैले अनभिज्ञ र अनपढ मानिसहरूको बीचमा धेरै इज्जतिलो मानिस हुनुहुन्थ्यो।

उहाँलाई चिनेकाहरूलाई थाहा थियो, कि उहाँ एउटा धनी व्यापारी पनि हो, र यो कारणले पनि गरिब मानिसहरूले उहाँलाई बाटो छोड्थे। श्रीमान् नी सजिलोसँग गल्लीहरूमा यात्रा गर्नुहुन्थ्यो, तर उहाँको मनमा जीवनको अनिश्चितताको बारेमा प्रश्नहरू थियो, अझै सही तरिकाले भन्नुपर्दा मृत्युको बारेमा प्रश्नहरू थियो।

मृत्युपछि के हुन्छ भनी उहाँले सोचिरहनुहुन्थ्यो। चिहानपछि रहेको रहस्यले उहाँलाई त्रसित र अप्ठ्यारो तुल्याउँथ्यो। बाटो कता छ? चिन्तित भएको मनमा शान्ति ल्याउने र यो कुराहरूलाई बुझाउने सत्य कहाँ छ?

घण्टीहरूको आवाजले उहाँलाई आकर्षित पार्‍यो, र आवाज कताबाट आयो भनी उहाँ फर्किनुभयो। गल्लीमा भएको एउटा घरको खापा खोलि राखिएको देख्नुभयो, घरको आँगनमा हेर्दा धेरै मानिसहरू हिँडिरहेको र एउटा लामो कोठामा मानिसहरू बसिरहेको देख्नुभयो। यसो हेर्दा केही सभा सुरु हुन लागेको जस्तो देखियो। छेउमा भएको एउटा ठेलागाडीमा सामान बेचिरहेको मानिसलाई सोध्नुभयो, “यिनीहरूले यहाँ के गरिरहेका छन्?” त्यो मानिसले जवाफ दियो, “त्यो येशूको भवन हो, विदेशीहरू त्यहाँ बस्छन्। तिनीहरूले घण्टी बजाउँछन्, त्यसपछि आराधना गर्छन्।” श्रीमान् नीले सोध्नुभयो, “तिनीहरूले आराधना गर्दा

के गर्छन्?" "तिनीहरूले गीत गाउँछन्, र आफ्नो पवित्र किताबबाट पढ्छन्, र त्यसपछि आफूले पढेको कुराहरूलाई बुझाउँछन्।"

श्रीमान् नीले खोलिएको ढोकालाई फेरि एक पल्ट हेर्नुभयो र भित्र जाने निर्णय गर्नुभयो। यो विदेशी धर्मको बारेमा अनुसन्धान गर्नुपर्छ, हुन सक्छ, मृत्यु पछाडिको अन्धकारमय रहस्यको बारेमा यसले बुझाउँछ होला। उहाँ कोठाभित्र पसेर त्यहाँ भएको एउटा बेन्चमा बस्नुभयो, र अगाडि एउटा उच्च पारिएको स्थानमा हातमा एउटा किताब बोकेर उच्च स्वरमा त्यसलाई पाठ गरिरहेको एउटा जवान मानिसतिर हेर्नुभयो।

पहिले झट्टै हेर्दा त्यो जवान मानिस चिनियाँ जस्तै देखिनुहुन्थ्यो, किनभने उहाँको वस्त्र त्यस्तो थियो, र उहाँको सेतो छाला र खैरो आँखाले मात्र उहाँलाई धोका दियो। श्रीमान् नीले त्यो जवान मानिसमा त्यति चासो देखाउनुभएन, तर उहाँले पढिरहेको कुरा नै उहाँको चासोको कुरा थियो। येशू भन्ने एउटा शिक्षकलाई राति भेट्न आएको एक जना मानिससँग भएको बातचितको बारेमा बताएको कुरालाई श्रीमान् नीले ध्यानसित सुन्नुभयो।

"जसरी मोशाले उजाड–स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ; र जस–जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।"

'अनन्त जीवन,' श्रीमान् नीलाई चाहेको पनि त्यही नै थियो। नाश नहुनु, र अनन्त जीवन पाउनु। त्यो साँझ उहाँ आफूले सुनेको कुराले पक्रिएर त्यो कोठामा बसिरहनुभयो। यो येशू, जसलाई विदेशीहरूले आराधना गर्छन्, उहाँ परमेश्वरको आफ्नै पुत्र हुनुहुँदोरहेछ। उहाँ स्वर्गबाट मानव भएर धरतीमा आउनुभएर सारा संसारको पापलाई आफूमाथि लिएर क्रूसमा मर्नुभएको रहेछ, र तीन दिन मरेको अवस्थामा रहेर त्यसपश्चात् जीवित भई उठ्नुभएको रहेछ। उहाँ चिहानबाट

बाहिर आउनुभयो, र हिँड्नुभयो, साथीहरूसँग बोल्नुभयो, र एक दिन पृथ्वीलाई छोडेर स्वर्गमा जानुभएको रहेछ। उहाँले आफूमाथि विश्वास गर्ने हरेकलाई अनन्त जीवन दिनुहुन्छ।

थुप्रै बेन्चहरूको बीचमा त्यो प्रचार गर्ने भवनमा बसिरहेको श्रीमान् नीले बाटो यही नै हो भनी विनाशङ्का थाहा पाउनुभयो। उहाँले सुनेको कुरालाई उहाँभित्र भएको केही कुराले विनाप्रश्न स्वीकार गरिरहेको थियो। उहाँको चिन्ता र मनभित्र भएको गोलमाल हट्यो। श्रीमान् हड्सनले आफ्नो प्रचारलाई सिध्याएर बाइबल बन्द गर्दा श्रीमान् नी खडा हुनुभयो। सबैको आँखा उहाँमाथि हुँदा उहाँले गम्भीरतासाथ शान्त रूपमा भन्नुभयो, "मैले लामो समयसम्म सत्यको खोजी गरेँ, जसरी मेरो बुवाले खोज्नुभयो, तर असफल हुनुभयो। म टाढा र नजिक सबै ठाउँमा यात्रा गरेर बाटो खोजेँ, तर पत्ता लगाउन सकिनँ। कन्फुसियसको शिक्षा, बौद्ध धर्मको सिद्धान्तहरू र तावको सिद्धान्तहरूमा शान्ति पाउन सकिनँ, तर आज राति हामीले सुनेको यो कुरामा शान्ति पाएँ। आजदेखि म येशूको विश्वासी भएँ।"

उहाँ आफूले बोलेको वचनमा इमान्दार हुनुभयो। उहाँले आफ्नो साथीहरूलाई अबदेखि आफूले किन देवताहरूलाई धूप बाल्दिनँ र आराधना गर्दिनँ भन्ने कुरालाई सजिलोसँग बुझाउनुभयो। उहाँले एउटा बाइबल मागेर लिनुभयो र पढ्न थाल्नुभयो, र प्रचार–भवनमा हुने हरेक सभामा सहभागी हुनुभयो, साथसाथै मिशनरीहरू प्रचार गर्न बाहिर जाँदा उहाँहरूसँग दैनिक बाहिर जानुभयो। हड्सनले प्रचार गरेको सुनेर मूर्तिहरूबाट जिउँदो परमेश्वरहरूतिर फर्केको चिनियाँहरूमध्येमा उहाँ पहिलो हुनुहुन्नथियो, तापनि पहिलो पल्ट सन्देश सुन्दा नै यस्तो बलियो रूपमा फर्केकाहरू अरू कोही थिएन।

एक दिन हड्सनलाई उहाँले सोध्नुभयो, "यो सुसमाचारलाई सम्मानित बेलायतले कति वर्ष अगाडि सुनेको थियो?"

हड्सनले आनाकानी गर्नुभयो। यो चिनियाँ मानिस, जसले तुरुन्तै खुशीसाथ जिउँदो परमेश्वरको प्रेमिलो निम्तोलाई स्वीकार गर्नुभयो, अरू सबैले यो सन्देश सुन्नुपर्छ भन्ने कुरामा अति इच्छुक हुनुहुन्थ्यो।

हड्सनले 'धेरै अघिदेखि' भनी स्वीकार गर्न अप्ठ्यारो मान्दै जवाफ दिनुभयो, "केही शताब्दीहरू अघि।"

श्रीमान् नीले आश्चर्य मान्दै भन्नुभयो, "केही शताब्दीहरू अघि? अहिले मात्र तपाईंले हामीलाई भन्न आउनुभएको छ, र यति लामो समय अगाडिदेखि येशूको बारेमा तपाईंको सम्मानित देशले थाहा पाएको थियो भनी भन्नु सम्भव छ त?" नीले आफ्नो मनको आँखाले आफूले अति प्रेम गरेको बुवालाई देख्नुभयो, जो धर्मग्रन्थहरूलाई अति चासोसहित पढ्नुभएको थियो, र जवाफै नदिने मूर्तिहरूको अगाडि दण्डवत् गर्न मन्दिरमा जाने गर्नुभएको थियो, र त्यहाँ तपस्या भन्ने नाउँमा मौन रहेर जीवन र मृत्युको रहस्यहरूलाई थाहा पाउन खोज्नुभएको थियो। बुवाको मुहारमा त्यति बेला भएको त्यो उदासिलो चेहरालाई नीले सम्झनुभयो।

श्रीमान् नीले बिस्तारै सोध्नुभयो, "मेरो बुवाले बीस वर्षभन्दा बढी सत्यको खोजी गर्नुभएको थियो, र पत्ता लगाउन नसक्दा-नसक्दै मर्नुभयो। ओहो, तपाईंको मानिसहरू किन चाँडै आएनन्?"

आफूलाई भेटेको हरेकसँग येशूको बारेमा बताउने श्रीमान् नीको उत्साहद्वारा डोको बुन्ने वाङ पनि विश्वासी हुनुभयो। वाङ एउटा उत्साहित साथै हडबडे व्यक्ति हुनुहुन्थ्यो, यसैले उहाँको ख्रीष्टसँगको जीवनमा थोरै ठेसहरू पनि लाग्यो। तापनि उहाँको इमानदारीता स्पष्ट देखिन्थ्यो। उहाँको वरिपरि भएको मानिसहरू जसरी नै उहाँले पनि हप्तामा सात दिन काम गर्ने गर्नुहुन्थ्यो। यद्यपि जिउँदो परमेश्वरले सात दिनहरूमध्येमा एक दिनलाई पवित्र विश्रामको रूपमा छुट्याउनुभएको छ भन्ने कुरा सुन्दा विनाप्रश्न उहाँले त्यो कुरालाई स्वीकार गर्नुभयो, तसर्थ उहाँलाई काम लगाएको मालिकले उहाँलाई दैनिक दिनुभएको भोजन र दुई रुपियाँ ज्याला दिनुभएन। यद्यपि उहाँले पहिले सात दिनमा जति काम गर्नुभयो, त्यो कामलाई ६ दिनमा सिद्ध्याउनुपर्छ भन्ने माग गरे। हरेक आइतबार येशू-भवनमा बसेर पवित्र किताबबाट उहाँले शिक्षाहरू सुन्न पाउँदा आफूले गरेको बलिदानको सट्टामा बढी फिर्ता पाउनुभएको अनुभव गर्नुभयो। काम व्यस्त हुने एउटा समयमा रिसाएको रोजगारदाताले उहाँलाई भने, यदि उहाँले आइतबारको दिनमा काम गरेन भने अरू दिनमा पनि काम गर्न

पाउनेछैन। वाङले अरू ठाउँमा काम खोज्ने निर्णय गर्नुभयो।

एक सोमबार बिहान अरू ठाउँमा काम खोज्नको लागि अर्को एक जना डोको बुन्ने व्यक्तिलाई खोजेर जानुभयो, तर त्यहाँ उहाँलाई स्विकारिएन। अर्को एक ठाउँमा पनि त्यसरी नै भयो। सहरभरि उहाँले घुमेर गरेको प्रयास व्यर्थ भयो। सबै ठाउँमा काम व्यस्त रूपमा भइरहेको भए तापनि उहाँलाई कसैले काम दिएनन्। आइतबारको दिनमा काम गर्नुको सट्टामा आराधना गर्न आफूले निर्णय गरेकाले शैतानले आफ्नो परिस्थितिलाई कठिन बनाइराखेको छ भन्ने बुझाइमा वाङ आउनुभयो। "मैले त्यसलाई विरोध गर्नुपर्छ," भनी वाङले सोच्नुभयो। वाङ एउटा बलियो व्यक्ति हुनुहुन्थ्यो र झुक्न तयार हुनुहुन्नथियो। उहाँले सोच्नुभयो, "म त्यसलाई विरोध गर्छु। यदि त्यसले मलाई काम पाउन दिँदैन भने उसको राज्यबाट आत्माहरूलाई खोस्नको लागि मेरो समयलाई दिन्छु।" उहाँले फेरि काम खोज्न प्रयास गर्नुभएन, तर हातमा एक पोको पर्चाहरू लिएर त्यसलाई बाँड्न र आफूले येशूको बारेमा गर्ने प्रचारलाई सुन्न इच्छुक भएकाहरूलाई सुनाउन सडकतिर जानुभयो। यसरी गर्दा नै उहाँले किसान वाङलाई भेट्नुभयो।

किसान वाङको जीवनमा पहिले नै एउटा उल्लेखनीय अनुभव पाउनुभएको थियो। एक पल्ट किसान वाङ गम्भीर रूपमा रोगी भएर आफ्नो ओसी गाउँमा भएको घरमा एकलै रहँदा आफ्नो नाउँ काढेर कसैले बोलाएको आवाज सुन्नुभयो। आफ्नो परिवारको सदस्य कोही पनि आफ्नो साथमा नभएको थाहा हुँदा उहाँ बिस्तारै आफ्नो चारखुट्टे अग्लो खाटबाट ओर्लेर ढोकातिर जानुभयो। त्यहाँ कोही पनि थिएन। फर्केर आएर फेरि पनि ओछ्यानमा सुत्नुभयो, त्यति नै खेर दोस्रो पल्ट आफ्नो नाउँ काढेर बोलाएको सुन्नुभयो। उहाँ फेरि आफ्नो खाटबाट ओर्लेर गाह्रोसँग ढोकासम्म पुग्नुभयो, तर त्यहाँ कोही थिएन। पूरै त्रसित भएर आफ्नो ओछ्यानमा सिरकभित्र लुक्नुभयो। उहाँले सोच्नुभयो, पक्कै यो नरकको राजाको आवाज हो, जसले आउन गइरहेको मृत्युको बारेमा आफूलाई चेतावनी दिन आएको छ।

उहाँले फेरि एक पल्ट त्यो आवाज सुन्नुभयो, र त्यो आवाजले उहाँ मर्नेछैन र डराउनुपर्दैन, र उहाँ निको बन्नुहुन्छ भनी बतायो, साथै उहाँ निको भइसकेपछि

तीस माइल टाढा भएको निङ्पो सहरमा जानुपर्छ, जहाँ उहाँले एउटा नयाँ धर्मको बारेमा सुन्नुहुन्छ, त्यो धर्मले उहाँको हृदयमा शान्ति ल्याउँछ भनी पनि त्यो आवाजले बतायो।

सबै चकित हुने गरी किसान वाङ साँच्चै निको बन्नुभयो। आफूले पाएको आदेशलाई सम्झेर उहाँ निङ्पो जानुभयो। यद्यपि उहाँले त्यहाँ पुग्दा नयाँ धर्मलाई पत्ता लगाउन सक्नुभएन, कसैले त्यसको बारेमा सुनेको जस्तो पनि देखिएन। आफ्नो हृदयमा शान्ति ल्याउँछ भन्ने त्यो नयाँ धर्मको बारेमा सुन्न पाउँछु भन्ने आशामा उहाँले घाँस काटेर बेचेर त्यो सहरमा केही हप्ताहरू बसोबास गर्नुभयो। डोको बुन्ने वाङलाई भेटेको त्यो सोमबारको दिनसम्म त्यो नयाँ धर्मलाई उहाँले भेट्टाउनुभएको थिएन।

डोको बुन्ने वाङ एउटा चिया पसलमा बसेर चिया खाइरहेका मानिसहरूलाई एकदम चासोसहित बताइरहनुभएको थियो। किसान वाङ त्यहाँ आएर बस्दा पापलाई क्षमा गर्नेहुने र आफूलाई विश्वास गर्ने हरेकलाई सित्तैमा स्वर्गमा प्रवेश दिनुहुने येशू भन्ने एउटा परमेश्वरको बारेमा अर्को वाङले कुरा गरिरहनुभएको थियो। अरू मानिसहरूले जति बेवास्ता गरे तापनि एक जना अहिले त्यो सन्देशले बाँधिनुभयो। टेबुलको वरिपरि बाँसको कुर्सीमा आरामसँग बसेका मानिसहरूले गरिरहेको बातचित, र कानलाई चिर्ने सडक व्यापारीहरूको चिच्च्याइ, साँघुरो बाटोमा हिँडिरहेका भरियाहरूको आवाज यी सबैलाई उहाँले बिर्सनुभयो। वाङको सम्पूर्ण ध्यान आफ्नो छेउको टेबुलमा बसेर वरिपरि भएकाहरूसँग बोलिरहेको त्यो मानिसको आवाजतिर थियो। हृदयमा शान्ति ल्याउँछ भनी बताएको नयाँ धर्म यो होइन त?

डोको बुन्ने वाङ र किसान वाङ सँगै चिया पसलबाट निस्कनुभयो। त्यो दिनको बेलुकी नयाँ करार अध्ययन गर्नुमा दुवैले बिताए, र किसान वाङलाई डोको बुन्ने वाङले यो येशू धर्मको बारेमा विदेशीहरूले अझै स्पष्ट सिकाउने येशू–भवनमा जाने सल्लाह दिए। डोको बुन्ने वाङले त्यो दिन आफूले एउटा महत्त्वपूर्ण काम गरेको कुरालाई महसुस गर्दै सुत्न जानुभयो।

भोलि मङ्गलवारको दिन सबेरै उहाँले एउटा नयाँ काम पाउनुभयो। उहाँले

पहिले भेटेको डोको बनाउने मानिसले नै आनाकानी नगरीकन उहाँलाई काममा नियुक्त गरे। यो अचानक भएको परिवर्तनको कारण वाङले चाँडै थाहा पाउनुभयो। उहाँको पहिलेको रोजगारदाताले उहाँले आइतबार काम गर्न इन्कार गरेकाले सोमबार वाङ काम खोजेर आउँदा काम नदिनू भनी त्यही पेशा गरिरहेको आफ्नो समुदायको सबैलाई खबर दिएका रहेछन्। यसैले सोमबारको दिन वाङले व्यर्थमा काम खोज्नुभयो। आज मङ्गलवार, सोमबार होइन, यसैले त्यो कुराहरूको मतलब भएन। वाङ एउटा असल डोको बुन्ने व्यक्ति हुनुहुन्थ्यो र जेजति उहाँको पहिलेको रोजगारदाताले भन्नुभयो त्यो सबै सोमबारको दिनको लागि मात्र भयो, साथै समय पनि व्यस्त समय थियो, र वाङ एउटा सिपालु व्यक्ति पनि हुनुहुन्थ्यो। हिजोको दिनमा जस–जसले उहाँलाई फर्काए, उहाँहरू सबैले नै मङ्गलवारको दिन जानुभएको भए उहाँलाई खुशीसाथ स्वीकार गरिहाल्थे।

हड्सन टेइलरले किसान वाङलाई भेटेको थोरै समयभित्र नै डोको बुन्ने वाङले अर्को एक जनालाई साथमा लिएर येशू–भवनमा आउनुभयो। यो पल्ट ल्याइएको व्यक्तिचाहिँ एउटा रङ्ग लगाउने व्यक्ति हुनुहुन्थ्यो, जसलाई डोको बुन्ने वाङले डोको बेच्न जाँदा एउटा धनी मानिसको घरको आँगनमा भेट्नुभएको थियो। त्यो घरको, पैताला लुगाले बाँधेको(पुरानो चिनियाँ सम्प्रदाय) स्त्रीहरूले, आफ्नो धूप राख्नको लागि सानो टोकरी चाहेको हुँदा वाङले किन बनाउन इन्कार गरे भनी उहाँको वरिपरि उभिएर सोधिरहेका थिए। असल हृदय भएको वाङले बुझाउनुभयो, कि आफू एक मात्र सत्य येशूको विश्‍वासी, यसैले आफूलाई मूर्तिहरू, त्यसको लागि बालिने धूपहरू र त्यो राख्नको लागि प्रयोग हुने टोकरीहरूसँग सरोकार छैन। ती स्त्रीहरूले उहाँको अनौठो येशू सिद्धान्तलाई केही समयसम्म सुनिरहे, त्यसपछि दिक्क लागेर आफ्नो घरभित्र गए। वाङले आफ्नो सबै टोकरीहरूलाई फेरि मिलाएर त्यहाँबाट लैजान तयार गर्दै हुनुहुन्थ्यो, त्यति बेला भरियाले जस्तै लुगा लगाएको मानिस अचानक उहाँको अगाडि आइपुगे।

त्यो अपरिचित मानिसले सोधे, "तपाईंले के बताइरहनुभएको थियो? तपाईंले मलाई देख्नुभएन, म माथि रङ्ग लगाइरहेको थिएँ।" यसो भन्दै उसले उज्यालो रङ्ग लगाइराखेको भित्तामा अडेस लगाइराखेको भऱ्याङलाई देखाए, र

फेरि सोधे, "तपाईंले के बताइरहनुभएको थियो? मैले सुनें, तर मलाई फेरि बताउनुहोस्।"

वाङलाई दोस्रो अनुरोधको आवश्यकता नै थिएन। एउटा जिउँदो परमेश्वर, जसले पापीलाई दण्ड दिनुको सट्टामा बचाउन चाहनुहुन्छ, उहाँको बारेमा बताइएको आश्चर्यपूर्ण यो सन्देशलाई रङ्ग लगाउने व्यक्तिले फेरि एक पल्ट सुनें, अझै धेरै जान्नको लागि येशू-भवनमा जानुपर्छ भन्ने सल्लाह दिँदा तिनले तुरुन्तै स्वीकार गरे।

हड्सनले त्यो नयाँ आएको व्यक्तिलाई देखेर खुशीसाथ हाँसेर अभिवादन गर्नुभयो। साँच्चै नै डोको बुन्ने वाङचाहिँ एउटा असल मानिसलाई पक्रने माझी हुनुहुन्थ्यो। थोरै समय अघि मात्रै उहाँले किसान वाङलाई ल्याउनुभएको थियो, अहिले अर्को मानिसलाई पनि ल्याउनुभएको छ। त्यो रङ्ग लगाउने व्यक्तिको चाहनासहितको कालो आँखाको नानीलाई देखेर हड्सन टेइलरले सोध्नुभयो, "तपाईंको सम्मानित उपनाम के हो?"

उत्तर आयो, "मेरो घृणित उपनाम वाङ हो।"

अध्याय

# १३ सुरुवातको तयारी

रङ्ग लगाउने वाङले बिमोन्ट सडकमा भएको वाइटच्यापलको साँघुरो निकास हुँदै आएर मूल ढोकालाई खोल्नुभयो। आफ्नो चिनियाँ खुकुलो लुगा र झुण्डिरहेको बाटेको टुपीसहित उहाँ त्यो बेलायतको घरको अगाडि अनौठो देखिनुभयो, र बाहिर उभिरहेको जवान मानिसले उहाँलाई देख्दा भएको आश्चर्यलाई लुकाउन प्रयास गरे। आफूले भेट्न आएको चीनको मिशनरीले आफ्नो साथमा एउटा चिनियाँ नोकरलाई पनि ल्याउनुभएको हुन्छ भनी उहाँले सोच्नुभएको थिएन।

"यो श्रीमान् टेइलरको घर हो?" भनी जवान मेडोसले सोध्नुभयो। "दया गरी भित्र आउनुहोस्," भनी वाङले आफ्नो नरम र साधारण अङ्ग्रेजीमा भन्नुभयो। "म मालिकलाई भन्न जान्छु," भनिराखेर गएको उहाँ एक छिनमा फर्केर आएर भेट्न आएको पाहुनालाई थोरै फर्निचरहरू मात्र भएको एउटा कोठामा लानुभयो। हड्सन त्यहाँ बसिरहनुभएको थियो, चीनबाट फर्केर आएको समयदेखि अहिले बितेको केही महिनाहरूसम्म उहाँ एउटा काममा पूर्ण रूपमा व्यस्त भएर काम गरिरहनुभएको थियो। त्यो सिद्धिन अझै धेरै बाँकी थियो – उहाँले चिनियाँ नयाँ करारलाई संशोधन गरिरहनुभएको थियो।

उहाँको टुपी अहिले छैन, उहाँ अहिले बेलायतमा आउनुभएको छ (सन् १८६०), र आफ्नो पुरानो थोत्रो सुट लगाउनुभएको थियो, र उहाँको घरको अगेनोमा चाहिँदो आगो बाल्न नसक्ने गरिब मानिसजस्तै देखिनुहुन्थ्यो। अति नै जाडो समय भए तापनि उहाँको अगेनोमा थोरै मात्र आगो बलिरहेको थियो। आफूले भेट्न आएको मानिस, जो अहिले उभिएर हाँसिरहनुभएको थियो, उहाँको खुलस्त देखिने दरिद्रतालाई जवान मेडोसको छिटो चल्ने आँखाले देखिहाल्यो। उहाँले हड्सन र मरियाको साथ भोजनको लागि बस्दा टेबुलमा

ओढ्याएको लुगा धेरै पुरानो भएको देख्नुभयो, र वाङले पकाएको भोजन पनि हुनुपर्ने स्तरमा थिएन। यी सबै कुरालाई उहाँले देखे तापनि मिशनरीहरूको जीवनमा देखेको यो कुराहरूद्वारा उहाँ निराश हुनुभएन। यो तीस वर्षभन्दा मुनिको जोडीले मेडोसलाई रोमाञ्चक घटनाहरू बताए, कब्जामा परेको सहरहरू, लुटुवाहरूबाट उम्केको र आश्चर्यपूर्ण तरिकाले आफ्नो प्रार्थनाको उत्तर आएको कुराहरूलाई बताए। त्यो घटनाहरू र उहाँहरूको जीवनको उद्देश्यद्वारा उहाँ गहिरो रूपमा प्रभावित हुनुभयो।

उहाँहरूको लुगा पुरानो भएको अथवा गलैँचामा प्वाल परेको कुराहरूमा उहाँहरूलाई मतलब भएन। उहाँहरू लुगा र गलैँचाको बारेमा चिन्तित हुनुहुन्नथ्यो। करोडौँ चिनियाँहरूले साँचो परमेश्वरको बारेमा केही पनि थाहा पाएका छैनन्, र तिनीहरूलाई सुसमाचार सुनाउनुपर्छ भन्ने कुराहरूले उहाँहरू पूर्ण रूपमा विवश हुनुभएको थियो। जवान मेडोसले पनि त्यसरी नै महसुस गरिरहनुभएको थियो, र सक्दो चाँडो चीन जान चाहनुभएको उहाँ आफू जोडिनुपर्ने मिशनरी संस्था हड्सन नै हो भनी निर्णय गर्नुभयो। चीनमा सुसमाचार प्रचार गर्नको लागि मानिसहरू जानुपर्छ भन्ने चाहना आफूमा छ, साथै आफू चाँडै त्यहाँ फर्किन लागे तापनि आफ्नो एउटा मिशनरी संस्था छैन, र त्यसलाई चाहेको आर्थिक कुराको अभाव छ भन्ने कुरालाई हड्सनले मेडोसलाई बुझाउनुभयो। आफूले एक–जना मिशनरीलाई पनि चीन पठाउन सक्दैन भनी भन्नुभयो। यथार्थमा उहाँ धेरै रोगी भएर बेलायत फर्किएकोले अर्को महिनाको घर भाडा कहाँबाट आउँछ भन्ने कुरा पनि उहाँलाई थाहा थिएन। उहाँले धेरै अघि नै चाइनिज एभाञ्जलइसेसन  सोसाइटीबाट निस्किसक्नुभएको थियो, र आफ्नो उपचारसम्बन्धी तालिमलाई पूरा गर्नु, साथै चिनियाँ नयाँ करारलाई संशोधन गर्नुमा व्यस्त भएकोले कमाउने समय पनि पाउनुभएन। उहाँको आवश्यकताहरू चीन र उहाँप्रति चासो राख्ने साथीहरू र आफन्तहरूद्वारा अन्तिम घडीमा पूरा भएको घटनाहरू उल्लेखनीय छन्। हड्सनले आफूहरूलाई चलाइरहनुभएको चाहिँ परमेश्वर हो र स्वर्गीय पितामाथिको उहाँहरूको विश्वास धेरै बढेको छ भन्ने कुरालाई महसुस गर्नुभयो। तापनि एउटा मिशनरीलाई काममा नियुक्त गर्ने अवस्थामा आफू छैन भनी उहाँले महसुस गर्नुभयो, र त्यसैले त्यसो भन्नुभएको थियो।

यद्यपि जवान मेडोसले अर्कै प्रकारले महसुस गर्नुभयो। यदि परमेश्वरले आफ्नो सेवक हड्सन टेइलरलाई सघाउन मानिसहरूलाई चलाउन सक्नुहुन्छ भने त्यसरी नै आफ्नो सेवक मेडोसलाई सघाउन मानिसहरूलाई चलाउन सक्नुहुन्न र? आफूले सुनेको कुराहरूमा प्रभावित हुनुभएको उहाँ परमेश्वरले नै सहायता गर्नुहुन्छ भन्ने विश्वासमा जतिसुकै मूल्य चुकाएर पनि हड्सनसँग आफू चीन जान तयार छु भनी भन्नुभयो।

यसरी नै हड्सनले आफ्नो पहिलो मिशनरी पाउनुभयो, जो केही महिनाहरू पश्चात् हड्सन बेलायतमा नै हुँदा चीन जानुभयो। साङ्घाईमा आफ्नो जीवनको सुरुको अनुभवहरूलाई सम्झेर अनियमित तरिकाले नभएर आफ्नो मिशनरीले नियमित पैसा र चिठीहरू पाउनुपर्छ भनी हड्सनले निर्णय गर्नुभयो। उहाँले एउटा ठूलो हिसाब लेख्ने किताब किन्नुभयो र आएको भेटीहरूको विवरण ध्यानसित टिपोट गरी राख्नुभयो, र ठीक समयमा मेडोसलाई पैसा पठाउनुभयो। उहाँले पत्रहरू सङ्कलन गरिराख्नको लागि एउटा फाइल किन्नुभयो, साथै धेरै पत्रहरू पनि लेख्नुभयो। एक वर्ष बित्दा जवान मेडोसको एक मात्र गुनासो यो थियो, कि आफूलाई धेरै वास्ता दिएर हेरेको र अति नियमित रूपमा पैसा पाएकोले कहिलेकाहीँ आफू परमेश्वरमाथिको विश्वासले जिएको हुँदै होइन भनी महसुस गर्नुभयो। उहाँ पैसाको अभावले दुःख उठाउनुपर्ने परिस्थितिमा पुग्न नपरेकोमा चिन्तित हुनुभएको जस्तै देखिन्थ्यो। हड्सनले जवाफ दिएर अर्को महिनाको तलब कहाँबाट आउँछ भन्ने कुरा थाहा छैन, अथवा कति आउँछ भनी पनि थाहा छैन, र निरन्तर प्रार्थना गर्नुपर्छ भनी भन्नुभयो। मेडोस खुशी हुनुभयो।

तर करोडौँ मानिसहरू सत्य परमेश्वरको बारेमा नसुनिकन जिइरहेको र मरिरहेको हुँदा एक जना मिशनरी थपिएकोमा के भयो र? बिमोन्ट गल्लीमा भएको उहाँको घरको अध्ययन कोठामा एउटा विशाल चीनको मानचित्र झुण्डिरहेको थियो, र चिनियाँ र अङ्ग्रेजी बाइबलबाट आफ्नो आँखा उठाउँदा उहाँको आँखाहरू त्यो मानचित्रभरि घुमिरहेको हुन्थ्यो। चीनको समुद्री किनारको भागहरूबाट धेरै टाढा रहेको प्रान्तहरूको नामहरूलाई उहाँले दोहोऱ्याइ–दोहोऱ्याइ पढ्नुहुन्थ्यो। सुन्दा नै खिच्ने खालको, मेघको दक्षिणपट्टि, चार नदीहरू, पहाडको पश्चिम, तालको उत्तरीय भाग, सफा समुद्र, नदीको दक्षिण जस्ता अर्थ लाग्ने नामहरूले उहाँको कल्पनालाई जगायो। प्रोटेस्टेन्ट मिशनरीहरू

त्यो भित्रीय भागहरूसम्म जानुभएको थिएनन्, हड्सनले त्यहाँ रहेको सयौं सहरहरू, हजारौँ बजारहरू र दश हजारौँ गाउँहरूको बारेमा सोच्नुभयो। सयौं, हजारौँ, करोडौँ मानिसहरू। त्यो करोडौँ मानिसहरूको सम्झनाले नै उहाँ दबिनुभएको थियो।

आफ्नो लागि सेवा गर्न देशलाई छोडेर यहाँसम्म आएको इमान्दार रङ्ग लगाउने वाङको मुहारलाई हेर्दा हड्सन टेइलरले करोडौँ चिनियाँहरूलाई सम्झनुहुन्थ्यो। सत्यलाई पत्ता लगाउने आशामा भित्तापछाडि आफैलाई संसारबाट बीस वर्षसम्म अलग पारेर अन्तमा सत्यलाई पत्ता नलगाईकनै मरेको पुजारीलाई उहाँले सम्झनुहुन्थ्यो। जति उहाँले त्यो भित्रीय भागहरूको लागि परमेश्वरले मिशनरी पठाऊन् भनी प्रार्थना गर्नुभयो, त्यति नै त्यसको लागि आफूले केही गर्नुपर्छ भनी उहाँलाई महसुस भयो।

उहाँले आफूले चिनेको सबै मिशन संस्थाहरूलाई चीनको भित्रीय भागहरूमा, जहाँ करोडौँ मानिसहरू येशूको नामलाई सुन्न पर्खिरहेका छन्, मिशनरी पठाउनको लागि अनुरोध गर्न भर्खरै सम्पर्क गर्नुभएको थियो। उहाँको कुरालाई दयासहित सुने तापनि अहिले केही गर्न सक्दैन भन्ने कुरा नै उहाँले पाएको जवाफ थियो।

आफूले एउटा मिशनरी संस्था स्थापना गर्नुपर्छ भन्ने कुरा उहाँलाई बारम्बार दोहोऱ्याएर आयो, जुन संस्थाले त्यो मेघको दक्षिण, चार नदीहरू, तालको उत्तरीय भाग भन्ने सुन्दर नाम भएका भित्रीय भागहरूमा काम गर्न जान्छ। उहाँको अध्ययन कोठामा भएको चीनको मानचित्रलाई इच्छुकतासहित बारम्बार हेर्नुभयो। त्यहाँ एघार वटा ठूलो प्रान्तहरू थियो, साथै मिशनरीहरू कोही नभएको रहस्यमय देश तिब्बत थियो।

हरेक प्रान्तको लागि कम–से–कम दुई जना मिशनरी मात्र पठाउन सके भने पनि त्यो एउटा सुरुवात हुन्छ भनी हड्सनले सोच्नुभयो। त्यसपश्चात् उहाँको मनमा एउटा डर पैदा गर्ने विचार आयो, जुनलाई उहाँले मन पराउनुभएन। "त्यस्तै हो भने तिनीहरूलाई तिमीकहाँ पठाउन परमेश्वरलाई किन माग्नुहुँदैन?"

हड्सन चीनको भित्रीय भागमा जानको लागि एउटा मिशन संस्था स्थापना गर्न इच्छुक हुनुहुन्नथ्यो। उहाँ आफै त्यहाँ जान तयार हुनुहुन्थ्यो, र अरूलाई त्यहाँ पठाउन चाहनुभएन। आफूले पठाएको जवान पुरुष र स्त्रीहरू त्यहाँ पुगिसकेपछि चाहेको आर्थिक सहायता पाउनुभएन भने के गर्ने? अथवा भोकमरीले मर्नुभयो भने के गर्ने? अथवा अन्य धर्मलाई प्रचार गर्न आएकोले मन नपराएर चिनियाँहरूले मारिदियो भने के गर्ने? यसरी हुन सक्ने सबै प्रकारको डरलाग्दो कुराहरू उहाँको मनमा आयो। कसैलाई मर्न पठाएको व्यक्ति आफू बन्दा त्यो कति डरलाग्दो हुन्छ भनी उहाँले धेरै चिन्ता गर्नुभयो। यो जिम्मेवारी अति ठूलो छ भनी उहाँले सोच्नुभयो, र मिशन संस्था सुरु गर्ने विचारलाई छोडिदिने प्रयास गर्नुभयो। तर उहाँले सक्नुभएन, त्यो सधैँ उहाँमा रहिरह्यो।

जुन महिनाको एक आइतबारको दिनमा ब्राइटन समुद्र किनारमा हुँदा आफूले यो गर्नैपर्छ भनी अन्तमा निर्णय गर्नुभयो। बिस्तारै हिँडेर पानीको छेउमा गएर उभिएर आफ्नो मन उथलपुथल भइरहेको हुँदा सूर्यले उज्यालो पारेको शान्तिपूर्ण समुद्रलाई हेरिरहनुभयो।

पुरुष र स्त्रीहरूलाई अपरिचित सुदूर चीनको भित्रीय भागहरूमा, जहाँ तिनीहरू भोकमरीले मर्न सक्छन्, पठाउने जिम्मेवारीको बारेमा कल्पना गर्नुभयो। अर्कोपट्टि त्यो करोडौँ चिनियाँहरूलाई ख्रीष्टविना मर्न दिन सक्छ त? त्यो अझै डरलाग्दो कुरा थियो। अचानक उहाँले देख्नुभयो, कि पठाएको सबै मिशनरीहरू भोकमरीले मरे तापनि तिनीहरू सोझै स्वर्ग जान्छन्, र त्यहाँ अझै असल जीवन पाउँछन्। यदि मर्नुभन्दा अगाडि एक जना चिनियाँलाई मात्रै भूतलाई पुज्नुबाट साँचो परमेश्वरलाई पुज्न फर्काउन सक्यो भने त्यो मूल्यवान् हुन्छ। यो निराशावादी विचारले अनौठो रूपमा उहाँलाई आशाको महसुस दियो।

उहाँमा अर्को एउटा विचार आयो, यदि उहाँले चीनको भित्रीय भागहरूमा जान एउटा मिशन संस्था सुरु गर्नुभयो भने, त्यो परमेश्वरले उहाँलाई घचघच्याएकाले मात्र हुन्छ भनी उहाँलाई थाहा थियो। यदि यो गर्न परमेश्वरले नै घचघच्याउनुहुन्छ भने जे जति घट्नेछ, त्यो सबैको जिम्मेवारी परमेश्वर नै हुनुहुनेछ, आफू होइन।

परमेश्वर नै जिम्मेवारी हुनुहुनेछ, आफू होइन भन्ने विचार आफूलाई योभन्दा अघि किन आएन भनी हड्सनले सोच्नुभयो। यो सत्यले उहाँको मनलाई गहिरो रूपमा पक्रिँदा उहाँलाई थिचिरहेको ठूलो एउटा भार बिस्तारै पल्टेर गएको जस्तो महसुस गर्नुभयो। एउटा विशाल छुटकाराको महसुस गर्दै प्रार्थना गर्नुभयो, "हे प्रभु, सबै भार तपाईंले नै लिनुहुनेछ !" भार उहाँबाट हटिसक्यो; अहिले उहाँ भोकमरीले सताएको मिशनरीहरूको चिन्ताले थिचिनुभएको छैन। "तपाईंको सेवक म, तपाईंको आज्ञा बमोजिम अगाडि बढ्नेछु।"

हो, अहिले उहाँ एउटा मिशन संस्था सुरु गर्नैपर्छ र आफूले त्यो काम गर्न सकछ भनी अहिले थाहा पाउनुभयो। भविष्यमा के हुनेछ भन्ने सबै चिन्ताहरू सूर्यको अगाडि हराउने बिहानको हुस्सु जस्तै हरायो। परमेश्वरको आवाज सुनेर आज्ञाकारी हुँदा हुने परिणामको जिम्मेवारी उहाँ बन्नुहुनेछैन। अहिले उहाँले गर्नुपर्ने सबै त्यो पहाडको पश्चिम, मेघको दक्षिण, तालको उत्तरी भागहरूमा मिशनरीहरू पठाउनको लागि चाहिने सबै थोक दिन परमेश्वरलाई माग्नु मात्रै थियो।

एघार प्रान्तहरू र तिब्बत यही नै हड्सनको सोच थियो। मानवप्रति भएको परमेश्वरको प्रेमको बारेमा भएको सुसमाचारलाई चीनको भित्रीय भागहरूमा लैजाने कामलाई सुरु गर्न हरेक प्रान्तहरूको लागि दुई जना मिशनरीहरूको आवश्यकता पर्छ। बाह्र वटा दुई चौबीस हुन्छ। यसैले हड्सन टेइलरले त्यो आइतबारको बिहान आँखा बन्द गर्नुभयो। पानीको छाल उहाँको खुट्टामा लागिरहेको हुँदा त्यसरी केही समय उभिरहनुभयो। त्यसपछि आफ्नो बाइबललाई खोल्नुभयो र टिपोट गर्नुभयो। "चौबीस जना इच्छुक र कुशल कार्यकारी पाउनको लागि मिति जुन २५, १८६५ ब्राइटनमा प्रार्थना गरेँ।" हलुका हृदयसहित उहाँ बिस्तारै हिँड्दै समुद्र किनारमा भएको सडकमा पुग्नुभयो। थुप्रै मानिसहरूको भीड त्यहाँ वरिपरि हिँडिरहेको थियो, र त्यो कुराले उहाँको ध्यानलाई आकर्षण गरेन। उहाँको विचार त्यहाँबाट धेरै टाढो थियो। चौबीस जना कार्यकारीहरू, साथै मरिया र आफू पनि चीनको त्यो चार नदीहरू, नदीको उत्तरीय भाग, सफा समुद्र, तालको उत्तरीय भाग भन्ने ठाउँहरूमा बसोबास गर्ने करोडौँ मानिसहरूलाई सुसमाचार लैजाने कुरामा नै उहाँको मन अडेको थियो। परमेश्वरले आफ्नो प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने कुरामा उहाँलाई केही शङ्का

थिएन, न त अहिले आफ्नो श्रीमतीको पालन–पोषणको लागि नै पैसाको अभावमा भएको उहाँ अब चौबीस जना त्यो इच्छुक र कुशल कार्यकारीहरूलाई सघाउन वर्षमा हजारौँ पाउण्डको आवश्यकतामा पुग्नुहुन्छ भन्ने कुराले उहाँलाई चिन्तित तुल्याएको थियो। यदि उहाँले परमेश्वरको कामलाई परमेश्वरको तरिकाले गर्नुहुन्छ भने परमेश्वरले चाहेको सबै आवश्यकता पूरा गर्नुहुनेछ।

हड्सन विश्वासलाई काममा देखाउने व्यक्ति हुनुहुन्थ्यो। त्यो सेवकहरू चौबीस जना र पैसा अघि नै आइरहेको होला, र त्यसको लागि तयारी गर्नुपर्छ भनी सोच्नुभयो। सोमबार उहाँ लण्डन फर्किनुभयो, र मङ्गलवार बैङ्कमा जानुभयो।

हाकिमलाई उहाँले भन्नुभयो, “म एउटा नयाँ खाता खोल्न चाहन्छु।”

हाकिमले सोध्नुभयो, “सुरुमा कति जम्मा गर्नुहुन्छ?”

“दश पाउण्ड।”

“खाता कसको नाममा खोल्ने?”

हड्सनले भन्नुभयो, “द चाइना इन्ल्याण्ड मिशन,” (The China Inland Mission) मिशनरी सोसाइटी आरम्भ भयो।



**हड्सन र मरिया (सन् १८६५)**

# अध्याय १४

# गन्तव्य – चीनको भित्रीय भागहरू

रिजेन्ट पार्कको छेउमा भएको एउटा फराकिलो सडक हुँदै हड्सन एउटा ठूलो घरमा पुग्नुभयो, र त्यहाँ अगाडि भएको घण्टी बजाउनुभयो। घरको नोकरले तुरुन्तै ढोका खोले, अलिकति शर्माउँदै हड्सन त्यो सुन्दर तरिकाले सजाएको विशाल बस्ने कोठामा प्रवेश गर्नुभयो।

हड्सनले आफ्नो टोपी र लौरोलाई नोकरको हातमा दिँदा तिनले भने, "मालिक्नीले तपाईंलाई पर्खिरहनुभएको छ।" त्यसपछि त्यो घरको मालिक्नी भएको डोवेजर ल्याडी रेड्स्टोकसँग भोजन खाने कोठामा उहाँलाई लगे।

चाइना इन्ल्याण्ड मिशनलाई आरम्भ गरेर एक हप्ता पनि भएको थिएन, र घटनाहरू जुन दिशामा गइरहेको छ त्यसको लागि हड्सन तयार हुनुभएकै थिएन। यस्तो प्रकारको उच्च समाजको मानिसहरूसँग व्यवहार गर्ने बानी उहाँमा थिएन। तर एक दिन अघि मात्रै उहाँले चर्चमा भेटेको त्यो घरको मालिक्नीको व्यवहारले उहाँलाई धेरै हलुका तुल्यायो। तिनले उहाँबाट चीनको बारेमा सुन्न चाहेकी थिइन्, र उहाँले त्यो चीनको भित्रीय भागहरूमा भएको त्यो करोडौँ मानिसहरूको बारेमा त्यहाँ जान परमेश्वरले दिइरहनुभएको अगुवाइको बारेमा बताउँदा तिनी मात्र नभएर टेबुलको वरिपरि बसिरहेका अरूहरूले पनि अति रुचि लिन थाले।

आश्चर्यपूर्ण रूपमा थोरै समयभित्र नै उच्च समुदायको मानिसहरूबाट दिवा भोज लिनको लागि साथै भेला भएकाहरूको बीचमा बोल्नको लागि निमन्त्रणाहरू पाउन थाल्नुभयो। हप्ताहरू बित्दै जाँदा आफूलाई एउटा ठूलो छालले लगेको जस्तै अनुभव गर्नुभयो, बेलायत मात्र नभएर स्कटल्याण्ड र आयरल्याण्डमा पनि उहाँको उद्देश्यको बारेमा सुनेका मानिसहरूलाई भेट्न र

सानो र ठूलो सभाहरूमा बोल्न यात्रा गर्नुभयो।

यस्तो प्रकारको एउटा सभामा एउटा जोशिलो बुद्धिमान् जवान मानिसलाई भेट्नुभयो, जसले पछिल्लो समयमा गएर डा.बर्नार्डोस होम्स भन्ने आश्रम स्थापना गर्नुभयो। त्यति बेला टम बर्नार्डो बीस वर्षको जवान मानिस हुनुहुन्थ्यो, र हड्सनले बोल्न निम्तो पाएको एउटा ईश्वरशास्त्रीय विद्यालयको विद्यार्थी हुनुहुन्थ्यो। टम बर्नार्डो होचो मानिस हुँदा, कक्षा नायक जो अग्लो र बलियो थिए, उसको तुलनामा चीनबाट आएको मिशनरी होचो र सानो देखेर आफ्नो सह–विद्यार्थीलाई बिस्तारै भन्नुभयो, "ठीक छ ! मलाई पनि एउटा मौका मिल्छ।" उहाँ आफू पनि चीन जान चाहनुहुन्थ्यो, र हड्सनलाई भेटेर इन्ल्याण्ड मिशनमा जोडिने कुरा राख्नुभयो। हड्सनको सल्लाह सुनेर उहाँ लण्डन अस्पतालमा औषधि उपचारसम्बन्धी तालिम लिनुभयो। त्यहाँ उहाँले थाहा पाउनुभयो, कि आफ्नो बोलावटचाहिँ त्यागिएकाहरू र बाटो बिराएकाहरूलाई उद्धार गर्नु नै हो। भित्रीय भागहरूमा बसोबास गर्ने चीनको मानिसहरूको बारेमा सुनेर प्रभावित भएर काममा लागेको चाहिँ बर्नार्डो मात्र होइन। त्यो बिर्सन नसक्ने आइतबारको दिन बिहान ब्राइटन किनारमा हड्सनले चौबीस जना इच्छुक र कुशल सेवकहरूको लागि प्रार्थना गर्नुभएको थियो, र परमेश्वरले उत्तर दिन थाल्नुभयो।

हड्सनको लागि अब त्यो दिन धेरै टाढो थिएन। यात्रा गर्दै सभाहरूमा प्रचार गर्दै मिशनमा जोडिन चाहनेहरूलाई अन्तर्वार्ता गर्दै साथै चीनको बारेमा पर्चाहरू लेख्दै, हड्सन एउटा कामदेखि अर्को गर्दै अगाडि बढ्नुभयो, र काम कहिल्यै नरोकिने जस्तै देखियो। मेडोसको साथ अहिले नै चीनमा सात–आठ जना मिशनरीहरू थिए, जो भित्रीय भागहरूमा जाने मिशनमा जोडिन इच्छुक थिए।

सन् १८६६ मा उहाँले मागेको चौबीस जना सेवकहरू पाइसकेको कुरा स्पष्ट देखियो, किनभने सोह्र जना जवान पुरुष र स्त्रीहरू सबै तयारी हुनेबित्तिकै हड्सन र मरियासँग जान तयार थिए।

तयारीको आवश्यकता अहिले पैसा मात्रै देखियो। आफू र आफ्नो समूहलाई चीन पुऱ्याउनको लागि दुई हजार पाउण्डको आवश्यक पर्छ भन्ने कुरा हड्सनको हिसाबबाट थाहा भयो, र अहिले फेब्रुअरी महिनाको पहिलो हप्ता उहाँको

हातमा एक सय सत्तरी पाउण्ड मात्र थियो। तिनीहरू मे महिना समुद्र यात्रा गर्ने विचारमा थिए। भइरहेको परिस्थितिअनुसार त्यो सम्भव हुन्छ जस्तो देखिएन। तर चाहेको सबै रकम परमेश्वरले पठाउनुहुन्छ भनी हड्सनले पक्का रूपमा विश्वास गर्नुभयो। त्यसरी नै गरिदिऊन् भनी परमेश्वरलाई माग्न, र अगुवाइको लागि प्रार्थना गर्न साथै चीनमा जाने कुरासँग सम्बन्धित सबै कुरामा सहायता माग्न आफ्नो घरमा दैनिक बाह्र बजे प्रार्थना सभा राख्ने निर्णय उहाँ र मरियाले गर्नुभयो। प्रार्थना सभा राख्नुद्वारा प्रार्थना कति व्यावहारिक कुरा हो भन्ने हड्सनले फेरि एक पल्ट प्रमाणित गर्नुभयो।

दैनिक प्रार्थना सभा सुरु गरेको पाँच हप्ताभित्र नै चाहेको सबै पैसा आइपुग्यो। एक जना मानिसले मात्र छ सय पाउण्ड दिनुभयो। अब बाँकी रहेको कुराचाहिँ अठार जना ठूलो मानिसहरू र चार जना बच्चाहरूलाई ठाउँ भएको एउटा चीन जाने जहाजलाई भेट्टाउनु मात्र थियो।

त्यो सजिलो कुरा थिएन। अहिले अप्रिलबाट मे महिना आइसक्यो, तर उहाँहरूलाई मिल्ने खालको चीन जाने जहाज भेटिएको थिएन। यद्यपि हड्सन र उहाँको समूह मे महिनामा यात्रा गर्ने आशामा नै हुनुहुन्थ्यो।

मे दुई तारिख हड्सन हेर्टफोर्डशियरमा भएको महासेनानी पुजेटको घरमा हुनुहुन्थ्यो, जसले उहाँको कामको बारेमा एउटा सभामा बोल्नको लागि उहाँलाई बोलाउनुभएको थियो। सभाहरूमध्येमा यसले नै "असल सभा" भन्ने नाउँ पाउन पुग्यो। सभामा भएकाहरूले यति चासो र शान्त रूपमा उहाँको कुरालाई सुने, कि कसैले एउटा सानो सियो खसालेको भए पनि त्यो सुनिन्थ्यो। महासेनानी पुजेटले यति असल मौकालाई गुमाउनुहुँदैन भन्ने कुरालाई महसुस गर्नुभयो। आफ्नो कुनै पनि सभामा भेटी सङ्कलन गर्नुहुँदैन भन्नुचाहिँ हड्सनको नियम थियो, तर महासेनानी पुजेटले यो सभा अलि फरक हुनुपर्छ भन्ने चाहनुभयो। किनभने मानिसहरू गहिरो रूपमा प्रभावित भएका थिए, र एउटा थाल उनीहरूको बीचमा घुमाउँदा पक्कै तिनीहरूले उदार चित्तले दिन्छन्। सभामा भेटी सङ्कलन गरिन्छ भन्ने सूचना दिन लाग्दा हड्सनले त्यसलाई रोक्नुभयो, र महासेनानी पुजेटले असजिलो महसुस गर्नुभयो।

रातको भोजन खाने बेलामा महासेनानीले भन्नुभयो, “मैले भन्न पाउँछु भने, तपाईंले ठूलो गल्ती गर्नुभयो। मानिसहरू धेरै इच्छुक थिए। हामीले एउटा ठूलो रकम सङ्कलन गर्न सक्थ्यौँ।” उहाँले नबताए पनि उहाँ आफै पनि पाँच पाउण्ड मात्र थालमा हाल्ने विचारमा हुनुहुन्थ्यो। यो जोशिलो जवान मिशनरी–अगुवा अति नै वास्तविकता भन्दा बाहिर हुनुहुँदोरहेछ। परमेश्वरलाई मात्र माग्नु भन्ने उहाँको सिद्धान्त अति सुन्दर छ, तर मानिसहरू पूरै इच्छुक भएको स्पष्ट देखिरहेको यस्तो एउटा सभामा भेटी सङ्कलन गर्न इन्कार गर्नु, कामलाई अति कठिन बनाउनु मात्र हो। हड्सनको बारेमा यस्तो सोच्दै टाउको हल्लाउँदै महासेनानी पुजेट सुत्न जानुभयो।

अनौठो रूपमा त्यो रात उहाँ सुत्न सक्नुभएन। दायाँ र बायाँ पल्टिँदै ओछ्यानमा सुतिरहेको हुँदा उहाँको मन सभामा गयो। आफूलाई बचाउन सक्ने एक मात्र सत्य परमेश्वरको बारेमा एक पल्ट पनि नसुनिकन मरिरहेका चिनियाँहरूको बारेमा हड्सनले बोल्नुभएको थियो।

“हरेक घण्टा तिनीहरूमध्येमा हजारौँ मर्छन्, र ख्रीष्टविना अनन्त अन्धकारमा जान्छन्।” “हरेक घण्टा हजारौँ... हरेक घण्टा हजारौँ...” यो असल महासेनानीको हृदयमा त्यो कुरा आगोजस्तै बलिरहेको थियो। ठूलो एउटा भेटी सङ्कलन गर्न पाएन भन्ने सोच उहाँबाट हट्यो; अहिले उहाँले नदीझैँ चिनियाँ मानिसहरूको भीड आशाहीन अन्धकारमा गइरहेको देख्न थाल्नुभयो। तिनीहरूले आफ्नो उद्धारकर्ताको बारेमा सुन्नको लागि केही गर्नुपर्छ! यथार्थमा केही भइरहेको नै थियो। त्यो निडर सानो सेवकहरूको समूह: प्रायः पुरुष र स्त्रीहरू जवान नै थिए, जो आवश्यक पर्‍यो भने जीवनलाई बलिदानको रूपमा दिन तयार भएर चीनको मुटुमा नै पुग्नको लागि हड्सनको पछि लागेका थिए।

“तर के गर्ने?” भनी त्यो वृद्ध महासेनानीले सोच्नुभयो, र उहाँको त्यो सोचचाहिँ प्रार्थना बन्न पुग्यो। उहाँले तीव्र रूपमा प्रार्थना गर्न थाल्नुभयो, “प्रभु, तपाईंले म के गरेको चाहनुहुन्छ?”

आफूले पाँच पाउण्ड भेटी थालमा हाल्ने विचार बोकेको कुरा उहाँको सम्झनामा आयो, तर त्यो एकदम थोरैजस्तै देख्न पुग्यो। अँध्यारोमा फेरि पनि

महासेनानीले प्रार्थना गर्नुभयो, “प्रभु, तपाईंले म के गरेको चाहनुहुन्छ?” लामो समयपछि उहाँ सुत्नुभयो, तर आफूले के गर्नुपर्छ भनी थाहा पाउनु अघिचाहिँ होइन।

भोलिपल्ट बिहान महासेनानी बिहानको नास्ताको लागि आउनुभन्दा अघि हुलाकेले जहाज कार्यालयको अभिकर्ताबाट आएको पत्र हड्सनलाई दिइसकेका थिए। ल्याम्मर्म्युर भन्ने जहाज चीन जान लागेको कुरा त्यसमा बताएको थियो, र हड्सनको समूहलाई जहाजको सबै कोठाहरू दिने कुरा बताएको थियो। कुरा असल लाग्यो, तर भाडाचाहिँ तिर्न नसक्ने हुन्छ कि?

महासेनानी आउनुभयो, आफू राति राम्रोसँग सुत्न नसकेको त्यसैले ढिलो भएको कुरा हड्सनलाई बताएर क्षमा माग्नुभयो, र दुवै नास्ताको लागि बसे। नास्ता लिइसकेपछि महासेनानीले हड्सनलाई अध्ययन कोठामा लानुभयो, र हड्सनलाई दिनको लागि केही ठाउँहरूबाट आएको भेटीलाई उहाँको हातमा दिएर भन्नुभयो, “तपाईंको लागि केही पैसा यहाँ छ।” साथसाथै भन्न थाल्नुभयो, “भेटी उठाउने कुरामा तपाईंले गल्ती गर्नुभयो भनी मलाई हिजो बेलुका लागेको थियो, तर अहिले म त्यो कुरालाई फरक तरिकाले बुझ्छु। राति ब्युँझेको अवस्थामा नदी बगेजस्तै चिनियाँ मानिसहरूको प्राणहरू हरेक घण्टा हजारौँको रूपमा अन्धकारमा गइरहेको मैले देखेँ। म रुन मात्र सकेँ, ‘प्रभु, मैले के गरेको तपाईं चाहनुहुन्छ?’ मलाई लाग्छ, मसँग यो उत्तर छ,” भन्दै हड्सनको हातमा चेक दिनुभयो। “यदि हिजो भेटी उठाएको भए मैले पाँच पाउण्ड हाल्थेँ होला; यो चेकचाहिँ हिजो राति प्रार्थनामा बिताएको लामो समयको परिणाम हो,” भनी भन्नुभयो।

आश्चर्य मान्दै हड्सनले त्यो चेकलाई हेर्नुभयो, त्यो पाँच पाउण्डको होइन, तर पाँच सय पाउण्डको लागि बनाएको थियो।

जहाजको सबै कोठाहरू आफूले लिन सक्छ कि सक्दैन भन्ने प्रश्न नै भएन। नसोचेको एउटा भेटी जहाजको खबर पाउने बित्तिकै आउँदा यात्रा गर्नुपर्ने जहाज यही नै हो भन्ने कुरालाई परमेश्वरले पक्का गर्नुभएको जस्तै देखियो। एक महिना बित्नुभन्दा अगाडि उहाँहरू चीनतिर यात्रा सुरु गर्नुभयो – श्रीमान् नी, डोको बुन्ने वाङ र ओसी गाउँको किसान वाङ जस्ता चिनियाँहरूलाई ख्रीष्टको बारेमा

बताउन, पछिको असी वर्षसम्म अटुट पानीको नदीजस्तै गएको हजारौँ मिशनरीहरूको लस्करको सुरुवात यही नै थियो।



**१६ जना मिशनरीहरू र आफ्नो ४ जना बच्चाहरूको साथ हड्सन टेइलर र मरिया (सन् १८६६)**

जहाजको बारमा अडेस लगाएर हड्सनले समुद्रलाई हेरिरहनुभयो। "चौबीस जना इच्छुक र कुशल कार्यकारी पाउनको लागि मिति जुन २५, १८६५ ब्राइटनमा प्रार्थना गरेँ," भनी उहाँले बाइबलमा टिपोट गरेको एक वर्ष पूरा भएको थिएन। त्यो दिनदेखि कुराहरू कति छिटो हुन आयो। परमेश्वरले उहाँले त्यो एक कदम चलाउनको लागि पर्खिरहनुभएको जस्तो देखियो, र उहाँले त्यो गर्ने बित्तिकै सबै कुरा तयारी भइसकेको देख्नुभयो।

पहिलो पल्ट उहाँले चीनको यात्रा सुरु गर्दा उहाँ बीस वर्षको एउटा जवान मानिस हुनुहुन्थ्यो, र आफूलाई पठाएको कामको उद्देश्यको बारेमा उहाँले थोरै मात्र बुझ्नुभएको थियो। "मेरो लागि चीन जाऊ" भन्ने आवाज सुन्नुभयो, र त्यसको आज्ञा पालन गर्नुभयो। अहिले ३३ वर्षको एउटा पुरुष भएको उहाँले आफूलाई तोकिएको कामलाई स्पष्ट रूपमा बुझिसक्नुभएको थियो। उहाँले आफ्नो सानो समूहलाई चीनको मुटुमा नै पुऱ्याएर चारैतिर मानिसप्रति भएको

परमेश्वरको प्रेमको सन्देशलाई फैलाउनुपरेको थियो।

कठिनाइहरू र खतराहरू, पीडाहरू र कठोर परिश्रमहरूले उहाँहरूलाई पर्खिरहेको थियो। उहाँहरूको अगाडि भएको काममा आरामदायीपन अथवा सजिलोपन भन्ने केही पनि थिएन। यो कामले उहाँहरूमा भएको सबै शक्ति र सहनशीलताको माग गर्छ। उहाँबाट चाहेको केवल यति मात्र थियो, कि आफ्नो मालिकप्रति इमानदारीतापूर्वकको आज्ञाकारीता र ढलपल नहुने भरोसा। ख्रीष्ट नै अगुवा हुनुहुन्थ्यो, उहाँ होइन; र त्यस्तो अगुवाको साथमा अन्तसम्म आफ्नो यात्रा गर्न उहाँ तयार हुनुहुन्थ्यो। हड्सन टेइलर ल्याम्मर्म्युरको बारमा अडेस लागिरहेको हुँदा उहाँको हृदय आनन्दले भरिएको थियो, र आफ्नो जीवनको कामलाई इच्छुकतासहित पर्खिरहनुभयो।

*“मैले एउटा आवाज सुने, आऊ पछयाऊ, त्यति नै हो।*
*सांसारिक आनन्द मधुरो भयो, मेरो प्राण उहाँको पछि गयो।*
*म उठेँ र पछयाएँ - त्यति नै हो।*
*उहाँले बोलाएको तिमीले सुन्यौ भने तिमीले पछयाउँदैनौ।"*



**ल्याम्मर्म्युर जहाजको नमुना। उहाँहरू यात्रामा हुँदा ल्याम्मर्म्युर जहाज दुई पल्ट तुफानले गर्दा झन्डै डुबेको थियो।**

अध्याय

# १५ काम सिद्ध भयो

ब्राइटन किनारमा चाइना इन्ल्याण्ड मिशन स्थापना गर्ने निर्णय गरेको दिनदेखि **चालीस वर्ष** (सन् १८६५ – १९०५) बितिसक्यो, र अहिले हड्सन तालको दक्षिण भाग भनिने ठाउँमा रहेको मिशन केन्द्रमा बसिरहनुभएको थियो। एघार वटा प्रान्तहरूमध्येमा मिशन कामको लागि खोलेको अन्तिम प्रान्त यही नै थियो। चार नदीहरू, तालको उत्तरीय भाग, नदीको दक्षिणपट्टि, पहाडको पश्चिम भाग, मेघको दक्षिणपट्टि, यी प्रान्तहरूमा एउटा–एउटा गरी मिशन केन्द्रहरू स्थापना हुँदै आयो, तर बाक्लो जनसङ्ख्या भएको तालको दक्षिणपट्टि भन्ने नाउँ भएको प्रान्तमा रहेको कठोर अधिकृतहरूले आफ्नो येशू धर्मलाई लिएर पश्चिमेली मानिसहरू त्यहाँ आएर बसोबास गर्ने अनुमति दिएनन्। तीस वर्षभन्दा बढी हड्सन टेइलरले त्यो प्रान्तमा ढोका खोल्नको लागि प्रार्थना गरिरहनुभएको थियो, अहिले अन्तमा तालको दक्षिणपट्टि प्रान्तमा पनि चाइना इन्ल्याण्ड मिशनले आफ्नो मिशन केन्द्र स्थापना गर्‍यो, र मिशनरीहरूले काम गर्न थाले।

हड्सन टेइलरले झ्यालबाट सहरको विशाल भागलाई हेर्नुभयो। संसारमा उहाँको लागि यो अन्तिम दिन थियो। हुन त कसैलाई त्यो थाहा थिएन, उहाँ आफैलाई पनि त्यो थाहा थिएन। आफ्नो साथीसँग कुरा गर्न फर्किनुभन्दा अघि उहाँले भविष्यको समयहरूमा भन्दा बितिगएको समयहरूको बारेमा बढी सोचिरहनुभएको थियो।

“सबै कुरालाई परमेश्वरको अगाडि प्रार्थनामा ल्याउन पाउनु हामीले पाएको एउटा अचम्मको विशेष अधिकार हो, होइन त?” भनी उहाँले हाँस्दै भन्नुभयो। उहाँलाई आश्चर्य तुल्याएको कुराहरूमध्येमा यो नै सबैभन्दा ठूलो थियो। उहाँले गरिदिनु भनी मागेको यति धेरै कुराहरू परमेश्वरले गरिदिनुभयो। चौबीस जना

मिशनरीहरूको लागि उहाँले गरेको प्रार्थनाको उत्तर दिनु त्यसमध्येको एउटा कुरा मात्र थियो। हड्सनले त्यसपछि धेरै मिशनरीहरूको लागि प्रार्थना गर्दै जानुभयो, र परमेश्वरले उहाँलाई दिँदै जानुभयो। बीस वर्ष अगाडि मात्रै अझै सत्तरी जनाको लागि प्रार्थना गर्नुभएको थियो, र परमेश्वरले पठाउनुभएको पनि थियो। त्यसपछिको केही वर्षहरूपछि उहाँले अझै सय जनाको लागि प्रार्थना गर्नुभयो, र परमेश्वरले तिनीहरूलाई पनि पठाउनुभयो। **अहिले मिशनको सदस्यहरूको सङ्ख्या आठ सय पुगिसक्यो**, र तिनीहरू चीनको विशाल भित्रीय भागभरि छरिएर बसेका थिए, र एघार वटा प्रान्तहरूमध्ये येशूको नाम प्रचार नभएको प्रान्त भनी एउटा पनि बाँकी रहेन। धेरै बाधाहरूलाई सामना गर्नुपरेको थियो, यद्यपि चाँडो अथवा ढिलो गरी ती सबैमाथि विजय पाए। अहिले पनि कठिनाइहरू छन् – सधैँ नै रहन्छन् पनि, तर आफूले प्रार्थना गर्दै जाँदा परमेश्वरले ती सबै कुराहरूलाई समाधान गर्नुहुन्छ भनी हड्सनलाई थाहा थियो।



**हड्सन टेइलर अन्य मिशनरीहरूको साथ (सन् १८९१)**

हड्सनले फेरि भन्नुभयो, "सबै कुरालाई परमेश्वरको अगाडि प्रार्थनामा ल्याउन पाउनु हामीले पाएको एउटा अचम्मको विशेष अधिकार हो, होइन त?"

"हो..." भनी त्यो वृद्ध मिशनरीलाई त्यो जवान मानिसले उत्तर दियो, साथै बिस्तारै भन्दै गयो, "तपाईंलाई थाहा छ? कोही बेला सबै कुरालाई परमेश्वरको अगाडि ल्याउन सक्दैन जस्तो मलाई लाग्छ। ठूलो कुराहरूचाहिँ – हो। तर धेरै कुराहरूचाहिँ परमेश्वरको अगाडि प्रार्थनामा लैजान अति सानो देख्छ। यी कुराहरू सानो कुराहरू हो भन्ने विचारले नै ती कुराहरूको लागि प्रार्थना गर्न मलाई बाधा पुऱ्याइरहेको छ।"

वृद्ध हुनुभएको हड्सन चकित परेजस्तै देखिनुभयो। "त्यो कुराहरूको बारेमा मलाई थाहा भएन," भनी हड्सनले भन्नुभयो। प्रार्थना गर्न नसक्ने गरी सानो कुरा? कुनै अति सानो कुराहरूले नै उहाँको जीवनमा अति ठूलो कुराहरूतिर पुऱ्याएको थियो। आधा सिक्का धेरै पैसा होइन, तर आफ्नो हातमा भएको त्यो अन्तिम सिक्कालाई दिएको कुरा नै पचास वर्ष अघि उहाँलाई विश्वास र आज्ञाकारीताको बाटोमा हिँड्न पुऱ्यायो। सुइले औँलामा पारेको घाउ सानो नै थियो, जुन कुरालाई उहाँले ध्यान पनि दिनुभएन, तर त्यसले झण्डै उहाँको जीवनलाई नै लियो। बाटेको टुपी सानो नै थियो, तर त्यसलाई पाल्ने पहिलो र एक मात्र मिशनरी आफू हुँदा त्यो कति ठूलो कुरा थियो। उहाँको जीवनमा उहाँले गरेको छोटो प्रार्थनाहरूमध्ये एउटा ब्राइटन किनारमा गरिएको प्रार्थना थियो, तर त्यसले नै चाइना इन्ल्याण्ड मिशनलाई सुरु गऱ्यो। कसले भन्न सक्छ, कुन सानो कुरा कुन ठूलो कुरा भनी?

एक छिन मौन रहेपछि उहाँले भन्नुभयो, "सानो कुरा भन्ने कुनै छैन, र ठूलो कुरा भन्ने पनि कुनै छैन, परमेश्वर मात्र ठूलो हुनुहुन्छ।" त्यसपछि आफ्नो जीवनको सबै अनुभवहरूलाई एउटै वाक्यमा बताउन खोजेकोजस्तै गरी उहाँले भन्नुभयो, "हामीले उहाँलाई पूर्ण रूपमा विश्वास गर्नुपर्छ।"

उहाँ थकित हुनुभएकोले त्यसपछि सुत्न जानुभयो। त्यो दिनलाई आनन्दसहित बिताउनुभएको थियो। बिहान उहाँ तालको दक्षिणपट्टि प्रान्तको चिनियाँ इसाईहरूको बीचमा, जसले "बाटो" भेट्टाएका थिए, प्रचार गर्न मण्डलीमा

जानुभएको थियो। मध्यान्हको समयमा आफूलाई भेट्न आएका मिशनरीहरूको साथमा बसेर चिया लिनुभयो। उहाँ त्यसमा खुशी मान्नुभयो, तर उहाँ अहिले थकित हुनुभएको थियो, यसैले तल ओर्लेर खाना खान नजाने निर्णय गर्नुभयो।

"हामी माथि ल्याइदिन्छौँ" भनी उहाँलाई बताइयो, र उहाँ कोठामा जानुभयो। सहर बिस्तारै अँध्यारो हुन थाल्यो। टाढो रहेको पहाडहरूको रूप बिस्तारै अँध्यारोभित्र हरायो, र आकाशमा ताराहरू चम्किन थाले। त्यो एकदम शान्त वातावरण थियो। केही समयपछि भऱ्याङमा हिँड्को आवाज सुन्यो, भोजन उहाँको लागि माथि ल्याएको थियो। हड्सनको कोठाको ढोका खोलियो, फेरि एक छिन निःशब्द वातावरण भयो, त्यसपछि ठूलो स्वरले कराउँदै भऱ्याङमा दगुरेको आवाज सुनियो। "डाक्टर ! डाक्टर !"

डाक्टर तुरुन्तै आउनुभयो, तर त्यो खुशी र शान्तिले भरेको शान्त मुहारलाई ओछ्यानमा देख्दा डाक्टरले थाहा पाउनुभयो, कि अहिले आफ्नो आवश्यकता छैन।

TOG Mission

आफ्नो दुवै हातले ओछ्यानमा भएको चिसो हातलाई समातेर त्यो जवान सुसमाचार प्रचारकले बिस्तारै भन्नुभयो, "आदरणीय पास्टर, आदरणीय पास्टर।" यो प्रख्यात वृद्ध मिशनरीको बारेमा धेरै कुरा सुनेर त्यो जवान मानिस उहाँलाई भेट्नको लागि त्यो दिन मात्रै अर्को एउटा मिशन केन्द्रबाट आउनुभएको थियो। उहाँको शब्दहरू सुनिँदैन भन्ने कुरा थाहा हुँदा पनि उहाँ बोल्नुभयो।


"आदरणीय पास्टर, हामी साँच्चै तपाईंलाई प्रेम गर्छौं, हामी तपाईंलाई भेट्नको लागि आज आयौं। तपाईंको मुहारलाई हेर्न हामी धेरै इच्छुक थियौँ। हामी पनि तपाईंको साना बच्चाहरू हौँ – आदरणीय पास्टर, आदरणीय पास्टर, तपाईंले हाम्रो निम्ति बाटो खोलिदिनुभयो, स्वर्ग जाने बाटो। तपाईंले हामीलाई प्रेम गर्नुभयो, र हाम्रो लागि यति लामो वर्षहरू प्रार्थना गर्नुभयो। आज हामी तपाईंको मुहार हेर्न आएका हौँ।

"तपाईं यति आनन्दित र शान्तिमा रहेको देखिनुहुन्छ ! तपाईं हाँसिरहनुभएको छ। तपाईंको मुहार शान्त छ, र सन्तुष्टिमा रहेको देखिन्छ। तपाईं हामीसँग बोल्न

सक्नुहुन्न। तपाईंलाई फेरि ल्याउन हामी चाहँदैनौँ, तर हामीले तपाईंलाई पछ्याउनेछौँ। आदरणीय पास्टर, हामी तपाईंकहाँ आउनेछौँ। त्यति बेला तपाईंले हामीलाई स्वागत गर्नुहुनेछ।"

हड्सनले स्वागत पाइसक्नुभएको थियो। मुहारमा आनन्द र आँखामा आँसुले भरेको एक जना चिनियाँ स्त्रीले भन्नुभयो, "दश हजारौँ दश हजार स्वर्गदूतहरूले उहाँलाई स्वागत गरे।" उहाँहरू सबैको स्वागतको आवाजभन्दा माथि उहाँ संसारमा रहँदा सुन्न सिक्नुभएको एक जनाको आवाज ठूलो स्वरले गुन्जियो। एक जना जसलाई हड्सनले अरू सबैलाई भन्दा बढी प्रेम गर्नुभएको थियो, जसले एक पल्ट भन्नुभएको थियो, "मेरो लागि चीन जाऊ।" तर यो पल्ट त्यो आवाजले भन्यो, "स्याबास ! असल, र इमान्दार नोकर ! तँ आफ्नो मालिकको खुशीमा सहभागी हो।"

**समाप्त**



**हड्सन टेइलर**